वर्ष : १४, अंक : ४५, काठमाडौं, २०७५ फागुन १७ गते शुक्रबार, 1 March 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## मन्त्री अधिकारीसहित सातको मृत्यु

काठमाडौं । एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटनामा संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्री रवीन्द्र अधिकारीसहित सातजनाको मृत्यु भएको छ । बुधबार ताप्लेजुङको लिङखिम र फुरूम्बु गाउँपालिकाको बीच भागमा अवस्थित सिस्ने खोलामा हेलिकप्टर दुर्घटनामा परेको हो । दुर्घटनामा परेका सबै सातजनाकै निधन भएको प्रहरीले पुष्टि गरेको हो । क्याप्टेन प्रभाकर केसीले चलाएको एयर डाइनेस्टीको एमआई एयरबस हेलिकप्टर मन्त्री अधिकारीसहित ६ जना यात्रुलाई लिएर तेह्रथुमको चुहानडाँडास्थित निर्माणाधीन एयरपोर्ट अवलोकनपछि ताप्लेजुङतर्फ लागेको थियो । हेलिकप्टरमा मन्त्री अधिकारी, यति एयरलाइन्सका अध्यक्ष अध्यक्ष आङछिरिङ शेर्पा, प्रधानमन्त्री केपी शर्मा ओलीका सरकारी स्वकीय सचिव अर्जुन दाहाल, नेपाल नागरिक उड्ययन प्राधिकरणका उपमहानिर्देशक वीरेन्द्र प्रसास शेरचन र अर्का एकजना सवार थिए ।

## स्व. निधिको योगदानको चर्चा

काठमाडौ । राष्ट्रपति विद्यादेवी भण्डारीले सरल र सादगी व्यक्तित्वको धनी स्व महेन्द्रनारायण निधि सबैका लागि प्रेरणाको स्रोत भएको बताएकी छन् । महेन्द्रनारायण निधि प्रतिष्ठानले स्व निधिको ९७औं जन्मजयन्तीको अवसर पारेर काठमाडौंमा आयोजना गरेको कार्यक्रममा उहाँले स्व निधि नेपालको प्रजातान्त्रिक आन्दोलनमा इतिहासकै एक 'निधि'का रूपमा रहनुभएको छ भनिन् । स्व निधि नेपालको प्रजातान्त्रिक आन्दोलनका 'युग पुरूष' भएको उल्लेख गर्दै उनले जनताको हकअधिकार प्राप्तिमा सधैँ अग्रपङ्क्तिमा रहेर लडेका निधिले प्राप्त प्रजातन्त्र, जनताको हकहितको संरक्षण एवं संवर्द्धनमा समेत आफूलाई समर्पित गरेको बताइन् ।

कार्यक्रममा राष्ट्रपति भण्डारीले स्व निधिको सम्मानमा स्थापित 'महेन्द्रनारायण निधि राष्ट्रिय पुरस्कार' तथा उनकी धर्मपत्नीको सम्मानमा स्थापित 'प्रेमसागरीदेवी निधि पुरस्कार' २०७४ र २०७५ बाट समाजका विभिन्न क्षेत्रमा विशिष्ट योगदान गर्ने व्यक्तित्वलाई प्रदान गरिन् । राष्ट्रपतिले २०७४ सालको 'महेद्रनारायण निधि राष्ट्रिय पुरस्कार' वाङ्मय शताब्दी पुरूष एवं संस्कृतिविद् सत्यमोहन जोशी र स्वास्थ्य क्षेत्रमा उल्लेख्य योगदान दिनुभएका डा गौरीशङ्करलाल दासलाई संयुक्त रूपमा प्रदान गरिन् । उक्त पुरस्कारको राशि एक लाख एक हजार रहेको छ । २०७४ सालको 'प्रेमसागरीदेवी निधि पुरस्कार' महिला चेतना विस्तार र जागरणमा सक्रिय कुमारीलक्ष्मी राईलाई प्रदान गरियो । उक्त पुरस्कारको राशि रू ५१ हजार रहेको छ । त्यस्तै राष्ट्रपति भण्डारीले २०७५ सालको 'महेन्द्रनारायण निधि राष्ट्रिय पुरस्कार' प्रजातान्त्रिक योद्धा तीर्थराम डङ्गोल र मानवअधिकारवादी रामनारायण देवलाई संयुक्त रूपमा प्रदान गरिन् । २०७५ सालको 'प्रेमसागरीदेवी निधि पुरस्कार महिला जागरणका साथै सामाजिक सुधार अभियानमा संलग्न शान्ति कार्की र मानवअधिकारका लागि एकल महिलाको संरक्षण संरक्षणकी अध्यक्ष मैना कार्कीलाई प्रदान गरियो ।

## प्रदेश २ का मन्त्री फिर्ता बोलाउने तयारी

# रामनरेश राय र नवलकिशोर साहप्रति सांसदहरू रूष्ट

**सरकारको काम प्रभावकारी बनाउन, मधेश आन्दोलनको उद्देश्य र शहिदको सपना पूरा गर्न सरकारको विकल्प नरहेको बताउदै सांसदहरूले मन्त्रीहरू राय र साहलाई फिर्ता बोलाउन अध्यक्ष मण्डललाई सुझाव दिएका छन् ।**

मधेशवाणी डेस्क

काठमाडौं । राजपा नेपालका प्रदेश सांसदहरूले प्रदेश २ को सरकारमा रहेको मन्त्रीलाई फिर्ता बोलाउन दबाब दिएका छन् । मन्त्रीहरू जिल्ला अनुसार विभाजन भएको र मन्त्रालय सञ्चालन गर्न नसकेको भन्दै राजपाकै सांसदले राजपा अध्यक्ष मण्डललाई फिर्ता बोलाउन दबाब दिएका हुन् ।

जनकपुरमा भएको राजपा नेपालको अध्यक्ष मण्डल, मन्त्री तथा प्रदेश सांसदहरूको संयुक्त बैठकमा प्रदेश सांसद तथा राज्यमन्त्रीहरूले मन्त्री फेरबदल गर्न र केन्द्रीय नेतृत्वलाई दबाब दिएका हुन् ।

राजपका केन्द्रीय अध्यक्ष मण्डल सहभागी बैठकमा सांसदहरूले प्रदेश २ का उद्योग, पर्यटन, वन तथा वतावरण मन्त्री रामनरेश राय र सामाजिक विकासमन्त्री नवल किशोर साहको कार्य सम्पादनमाथि प्रश्न उठाएका छन् ।

राय मन्त्री भएपछि मन्त्रालय नआउने गरेको र घरबाटै काम गर्ने गरेको भन्दै उनको ठाउँमा अर्को व्यक्तिलाई मन्त्री बनाउनुपर्ने सांसदहरूले माग गरेका थिए ।

मन्त्री राय स्वास्थ्यको कारण देखाउँदै विगत लामो समयदेखि निवासबाटै मन्त्रालयका काम गर्दै आएका छन् ।

प्रदेश सांसदहरूले भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलको काम



सम्मानजनक भए पनि राजपाका दुई मन्त्रीको आलोचना गरेको बैठकमा सहभागी सांसदले बताए ।

सरकारको काम प्रभावकारी बनाउन, मधेश आन्दोलनको उद्देश्य र शहिदको सपना पूरा गर्न सरकारको विकल्प नरहेको बताउदै सांसदहरूले मन्त्रीहरू राय र साहलाई फिर्ता बोलाउन अध्यक्ष मण्डललाई सुझाव दिएका छन् । सरकारमा रहेका राजपाका मन्त्रीहरू मध्ये सोनलले पार्टीको प्रतिष्ठा बचाए पनि राय र साहले पार्टीको नाम बदनाम गरेको सांसदहरूले आरोप लगाएका थिए ।

सामाजिक विकास मन्त्री साहले गत आर्थिक वर्षको बजेट 'फ्रिज' गराएर हालसम्म कार्यविधि समेत नबनाएका कारण मन्त्रलायको काम अगाडि बढन नसक्दा मन्त्रालय पछाडि परेको सांसदहरूले आरोप लगाए । मन्त्री असफल भए पार्टी पनि सफल नहुने भएकोले कार्यविभाजन गरी राज्य मन्त्रीहरूलाई समेत जिम्मेवारी दिन सांसदहरूले माग गरे । पार्टीलाई असफल बनाउने मन्त्रीलाई सम्मानजनक विदाई गरी अन्य सांसदलाई मन्त्रालयको जिम्मेवारी दिन सांसदहरूले सुझाव दिए ।

राजपाका सांसदहरू बाबुलाल साह, मनिष सुमन, रमेश पटेल, जानकी शरण साह, परमेश्वर साहले दुई मन्त्रीको कार्यशैलीप्रति असन्तुष्टि जनाएका थिए ।

बैठकको सुरूमा राजपा अध्यक्ष मण्डलका संयोजक महेन्द्र राय यादवले प्रदेश २ सरकारको काम सन्तोषजनक नरहेको भन्दै सरकारको अनुभूति नभएको बताएका थिए ।

बैठकमा मन्त्रीद्वयको चर्को आलोचना भएपछि पार्टी नेतृत्वले उनीहरूलाई सफाई दिन समय दिएको छ । तर ती मन्त्रीहरूले राज्यमन्त्री र सांसदहरूले आफूहरूमाथि झुठो आरोप लगाएर नेतृत्वमा भ्रम छरेको भन्दै आफ्नो बचाउ गरेका थिए ।

केन्द्रीय नेतृत्वले तत्काल मन्त्रीहरू फेर्न असम्भव रहेको बताए पनि स्थानीय नेताहरूले तत्काल निर्णय नलिए अप्ठ्यारो पर्ने चेतावनी दिएका छन् ।

असन्तुष्ट सांसद तथा राज्यमन्त्रीहरूले मन्त्री रायले विधेयकको नाममा कर्मचारी सरूवा, बिल भुक्तानी र भवन मर्मत सम्भारका नाममा व्यापक अनियमिता गरेको भन्दै जवाफ मागेका थिए ।

तर, मन्त्री रायले यसको जवाफ नै नदिएको एक सांसदले बताए । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री नवलकिशोर साहले उनीमाथि लागेको आरोपको तर्कपूर्ण जवाफ नदिई गलत आरोप लगाएको भन्दै सरकारको कामबाट जनता खुसी रहेको दाबी गरेका थिए ।

यस्तै बैठकमा सांसद र राज्यमन्त्रीहरूले सबै काम मन्त्रीहरूले नै गर्ने गरेको गुनासो गरेका थिए । 'हाम्रो कुनै मूल्य छैन । केही काम गर्नुपर्दा सल्लाह सुझाव वा छलफल पनि गरिँदैन । सबै काम मन्त्रीहरूले मात्रै गर्छन्', बैठकमा सांसद र राज्यमन्त्रीहरूले गुनासो पोखेका थिए । आफूहरूको भूमिका मन्त्रीहरूले निस्तेज पारेको भन्दै आसन ग्रहण तथा भाषण गर्नबाहेक नबोलाइने गरेको उनीहरूको भनाइ थियो ।

राजपाको बैठकमा स्थानीय तह, गठबन्धन, सरकारका कामकारवाही र पार्टीबाट सरकारमा सहभागी मन्त्रीको अनुभव र समस्या समाधानबारे पनि छलफल भएको छ ।

बैठकमा राजपा अध्यक्ष मण्डलका संयोजक महेन्द्र राय यादव, सदस्यहरू महन्थ ठाकुर, राजेन्द्र महतो, अनिल झा, राजकिशोर यादव सहभागी थिए ।

## प्रदेश २ : दोस्रो अधिवेशन सम्पन्न

जनकपुरधाम । प्रदेश २ प्रदेशसभाको दोस्रो अधिवेशन सम्पन्न भएको छ । प्रदेश सचिवालयको अनुसार प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले संसद सचिवालयलाई औपचारिक पत्र पठाएर फाल्गुन १२ गते मध्यरातबाट दोस्रो अधिवेशन समाप्त भएको जनाएको छ । जेठ ३ गतेबाट सुरू भएको दोस्रो हिउँदे अधिवेशनमा ४८ वटा बैठक बसेको र १४ वटा विधेयक पारित भएको संसद सचिवालयका उप-सचिव रञ्जित यादवले जानकारी दिए । प्रदेश सभाको पछिल्लो बैठक माघ ४ गते बसेको थियो ।

वैठकमा नेपाली कांग्रेसका सांसदहरूले वीरगञ्जस्थित विपी कोइराला उद्यानमा प्रदेश सरकारले शहीद पार्क निर्माणको लागि शिलान्यास गरेको भन्दै वैठक नै अवरूद्ध गरेको थियो । विवादका कारण स्थगित हुन पुगेको प्रदेशसभाको बैठकमा सभामुख सरोजकुमार यादवले अर्को वैठक फागुन १५ गतेका लागि डाकेका थिए । तर फागुन १५ गते आउनु अगावै प्रदेश प्रमुख कायस्थले मध्यरातमा पत्र पठाएपछि अब सभामुख यादवले डाकेको वैठक तेस्रो अधिवेशन सुचारू नभएसम्म स्थगित रहने छ । हालसम्म प्रदेश सभाले ७ वटा समिति मध्ये ६ वटा समितिको सभापति सर्वसम्मत सभापति चयन गरिसकेको छ भने प्रमुख प्रतिपक्षी दल नेकपाको आन्तरिक विवादको कारण लेखा समितिको सभापति चयन हुन सकेको छैन । दुईवटा अधिवेशन सम्पन्न भए पनि प्रदेश सरकारले प्रदेशको नाम, राजधानी र भाषासम्बन्धी विधेयक प्रदेशसभामा अहिलेसम्म पनि पेस गर्न सकेका छैन ।




**समय–सन्दर्भ**

रामभरोस कापडि 'भ्रमर'



## महासंघको पोखरा अधिवेशन
# मधेशको लागि हर्ष न विस्मात !

**महासंघले पत्रकार र पत्र-पत्रिकाको हकहितका अनेको प्रस्ताव पारित गरेपनि सधै उठाइदै गरिएको 'समावेशीता' को सवालमा विधान अधिवेशन आश्चर्यजनक रूपमा मौन छ ।**

यसपाली नेपाल पत्रकार महासंघको साधारण सभा रमणीय स्थल पोखरामा सम्पन्न भएको र त्यसले अनेको प्रस्तावहरू पारित गर्दै सम्पन्न भएको छ । देश भरीका हजार भन्दा बढी सदस्यहरू त्याहाँ उपस्थित भएका थिए । यस विधान अधिवेशनको उद्देश्य पत्रकार महासंघका सबै पदको निर्वाचन प्रत्यक्षरूपमा गर्ने निर्णय रहेको र त्यो बडो सरलताले पारित पनि भयो । संभवत: यो राम्रो निर्णय मान्न सकिन्छ । तर पार्षदको माध्यमबाट निर्वाचन हुँदा गुट-उपगुटको तालमेलमा मधेशले पाउने कोटा प्रत्यक्षमा कती सम्म जाला, त्यो प्रयोग भए पछि मात्रै थाहा हुने विषय हो ।

महासँघले पारित गरेका प्रस्तावहरूमा प्रेस स्वतन्त्रताको लागि कानूनी सुरक्षा दिन सरकार सँग माँग त गरेकै हो जो पहिले पनि गरिदै आाइएका विषय हुन् । त्यस्तै लोककल्याणकारी विज्ञापनको दर पुरानो रहेको र परिमार्जित गरी दोब्बर बनाउन गरिएको माँग पनि पुरानै मान्नु पर्दछ । सरकारले आज सम्म अनेको नियम लगाएर पत्र-पत्रिकालाई कमजोर गर्ने प्रयास गरे पनि लोककल्याणकारी विज्ञापनको रकम बढाउने बारे विचार गर्न सकेको छैन । बरू आज पूर्वमा मूल्यांकनमा परेका पत्र-पत्रिकाहरूको गत असोज देखि आज सम्म अर्थात् पाँच महिनाको हुने लोककल्याणकारी विज्ञापनको भुक्तानी बाँकी रहेको छ । जो आजका मिति सम्म दिने छाँट देखिएको छैन् ।

महासंघले पत्रकार र पत्र-पत्रिकाको हकहितका अनेको प्रस्ताव पारित गरेपनि सधै उठाइदै गरिएको 'समावेशीता' को सवालमा विधान अधिवेशन आश्चर्यजनक रूपमा मौन छ । महाधिवेशन अगाडी मधेश केन्द्रित पत्रकारहरूको बैठकले विधानमा यस्तै खाले परिवर्तनको गृहकार्य गरेपनि त्यो महाधिवेशनको पारित प्रस्तावले कतै बोलेको देखिएन् । अहिले पनि पत्रकार महासंघकै पुरस्कार र सम्मान गर्ने निर्णय मशेध प्रति विभेदकारी भएको देखिएको अवस्थामा यो महासंघले अरू निकाय नेपाल सरकार र प्रेस काउन्सिललाई त्यस्तो माँग गर्ने नैतिकताले दिन्छ ? र त्यसैकै कारण पनि यो महावपूर्ण मुद्दा आज सम्म थाती राखिदै मनमानी ढंगबाट महासंघको प्रयोग गरिदै आइएको छ ।

बरिष्ठ पत्रकारको परिभाषा गर्दा ३० वर्ष निरन्तर पत्रकारितामा लाग्दै आएको र साठी वर्ष उमेर पुगी सकेको कुरा पारित प्रस्तावमा उल्लेख छ । यो पहिले देखि पनि प्राय: आधार छदैँ थियो, जसको प्रयोग कुनै पक्षले गर्न रूचि देखाएका छैनन् । वरिष्ठ पत्रकारहरूको सूची अद्याबधिक गर्नु पर्नेमा आज सम्म त्यो गर्न सकिएको छैन् । पोखरा महाधिवेशनले वरिष्ठ पत्रकारहरूको लागि महासंघको भावी योजना के त ? भन्ने कुनै निर्णय गरेको देखिएन ।

जे निर्णय भएको छ, त्यो पनि इमान्दारीपूर्वक लागु गराउन प्रतिबद्धता व्यक्त गर्न सकियो भने त्यसले पनि पत्र-पत्रिका जगतलाई ढिलो भए पनि ठूलो राहत प्रदान गर्ने पक्कै छ ।



## सम्पादकीय



# मधेशको समृद्धि

विविध सम्भावना भएर पनि प्रदेश २ अहिलेको अवस्थामा अन्य प्रदेशभन्दा पछाडि छ। राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको तथ्यांकमा यो प्रदेशमा जनसंख्याको झन्डै आधा अर्थात ४८ प्रतिशत जनता गरिबीको रेखामुनि छन्। चुरे दोहनको कारण मधेशको उत्पादकत्व घट्दै जानु र कृषिमा आधुनिकीकरण हुन नसक्नु गरिबीको मुख्य कारण हो। दाईजो प्रथा व्याप्त हुनु, उद्योगधन्दाहरू बन्द हुनु, बेरोजगारीको समस्या बढ्दै जानु, शिक्षा, स्वास्थ्य, खानेपानी लगायत विकासका पूर्वाधारहरूमा एकदमै पछाडि पर्नु, सुगम भएर पनि सडकको अवस्था जीर्ण हुनु, भारतसँगको खुल्ला सीमाका कारण लागुऔषधको कारोबार बढ्दै जानु जस्ता विविध कारणले गर्दा पनि प्रदेश २ लाई नमूना प्रदेश बनाउन चुनौतीपूर्ण देखिन्छ। शिक्षामा कमजोर देखिएको यो प्रदेशमा प्राविधिक विश्वविद्यालय खोलिनुपर्छ भने उद्योग धन्दाका लागि आवश्यक जनशक्ति उत्पादनलाई प्राथमिकता दिनुपर्छ। राजनीतिक दलहरूले विकासको मुद्दालाई पछाडि पार्दै राजनीतिक मुद्दा मात्र अगाडि बढाएको हुनाले पनि २०६२/६३ सालदेखि सुरू भएको मधेश आन्दोलनले मधेशको विकासमा खासै भूमिका खेल्न सकेन।

प्रदेशले जे प्राप्त गरेको छ र जे जस्ता स्रोत, साधनहरू उपलब्ध छन्, त्यसैका आधारमा समग्र विकासमा ध्यान दिनु अबको आवश्यक्ता हो। पहिचान र अधिकारको मागसँगै चेतना, शिक्षा, स्वास्थ्य, पूर्वाधार, मानव सूचकांक, सार्वजनिक प्रशासन, सुशासन, जवाफदेहिता, रोजगारीको सिर्जना लगायतका विषयमा गम्भीर हुन जरूरी छ। प्रदेशको समग्र विकासको लागि सबै तहतप्काबाट साझा संकल्प र गुरूयोजनाका आधारमा अघि बढ्न ढिलाइ गर्नु हुँदैन। प्रदेश २ को विकासमा अब स्थानीय सरकारदेखि केन्द्रबाट पनि पहल हुन जरूरी

**प्रदेश २ मा भएका सम्भावनाहरूलाई केलाएर कार्यान्वयनमा लैजान यो प्रदेशबाट निर्वाचित भएका प्रतिनिधिहरूको पहिलो दायित्व हो।**

देखिन्छ। प्रदेश २ लाई अवसरको रूपमा प्रयोग गर्न सकेमा प्रशस्त सम्भावना रहेको छ भने राजनीतिक नेतृत्वले सही नीति ल्याउन नसकेको खण्डमा अहिलेभन्दा कमजोर अवस्थामा पुग्न सक्छ प्रदेश नम्बर २। कृषि उत्पादन वृद्धि, गुणस्तरीयता, प्रशोधन र बजारीकरणका आधारहरू खडा गर्न सकिन्छ। किसानहरूलाई अधिकारसम्पन्न र व्यावसायिक बनाउन सके अन्न, तरकारी, फलफूल, जडिबुटीको उत्पादन बढ्न सक्छ, जसले सिंगो मुलुकको आर्थिक विकासमा टेवा पुर्‍याउन सक्छ।

हुलाकी राजमार्ग यो प्रदेशको मात्रै नभएर समग्र तराई(मधेशको आधारभूत सडक र लाइफलाइन समेत हो। पूर्व पश्चिम हुलाकी मार्ग र उत्तर दक्षिण जोड्ने सहायक मार्गहरूले मधेशको समग्र विकास र समृद्धिको लागि बहुआयामिक महत्व राख्दछ। यसको निर्माण प्रक्रियामा देखिएको ढिलासुस्तीलाई हल गरी तीव्रता दिँदा मधेशमा विकासका अन्य कार्यहरू अगाडि बढाउन सजिलो हुन्छ।

मधेशको विकासमा अर्को सम्भावना जनकपुर-जयनगरमा निर्माणाधीन रेलमार्ग पनि हो। यो रेल मार्ग सम्पन्न भएसँगै भारतीय पर्यटकको संख्यामा स्वत वृद्धि हुन्छ भने मधेशमा रहेका पर्यटकीय स्थानहरूको अन्तर्राष्ट्रिय समूदायमा चर्चा परिचर्चा बढ्दै जान्छ।। जनकपुर, लुम्बिनी, सिम्रौनगढ जस्ता महत्वपूर्ण पर्यटकीय तथा धार्मिक स्थलहरू प्रदेश २ मा नै छ। सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय व्यापारिक नाका पनि प्रदेश २ मै छ। मुलुकको कुल वैदेशिक व्यापारको झन्डै ६० प्रतिशत कारोबार र औद्योगिक लगानीको ७० प्रतिशत हिस्सा वीरगन्जले नै ओगटेको छ। यो नाकाले मुलुकको कुल राजस्वमा ५४ प्रतिशत योगदान दिँदै आएको छ। सम्भावनाहरूलाई पहिचान गर्दै अगाडि बढ्ने हो भने प्रदेश २ अन्य प्रदेशभन्दा कमजोर छैन।

तर यहाँ भएका सम्भावनाहरूलाई केल्याएर कार्यान्वयनमा लैजान यो प्रदेशबाट निर्वाचित भएका प्रतिनिधिहरूको पहिलो दायित्व हो। नेपाललाई अतिकम विकसित मुलुकबाट सन् २०२२ सम्म विकासशील मुलुकमा स्तरोन्नति गर्ने लक्ष्य सरकारको छ। तर, झण्डै एक चौथाइ जनता गरीबीको रेखामुनि रहेको, पूर्वाधार विकास न्यून रहेको, मुलुकको कुल गार्हस्थ्य उत्पादनको आकार सानो रहेको र त्यसमा पनि आर्थिक वृद्धि दर अत्यन्त कमजोर रहेको अवस्थामा सरकारको लक्ष्य अत्यन्त महत्वाकांक्षी भन्ने धेरैको बुझाइ छ। उक्त लक्ष्य पूरा गर्न भए पनि प्रदेश २ को आर्थिक विकास र समृद्धि आवश्यक छ। यसका लागि सम्बन्धित सबै पक्षबीच उच्चस्तरको समन्वय, सहकार्य र एकता हुनै पर्छ। यस कार्यमा मुख्यतया राजनीतिक दल र तिनका शीर्षस्थ नेताहरू जिम्मेवार बन्नुपर्छ। स्थायी सरकार मानिने कर्मचारी प्रशासनले पनि मुलुकको दिगो विकास र समृद्धिका लागि ठोस कार्ययोजना र कार्यक्रम बनाई, त्यसको प्रभावकारी कार्यान्वयन गर्न सक्नुपर्छ। यसका लागि राजनीतिक स्थायित्व र सरकारले स्पष्ट आर्थिक दृष्टिकोण अगाडि ल्याउनु आवश्यक छ।

## साताको सात बात



सरकारकले संविधान संशोधनको प्रतिबद्धता तत्काल पूरा गर्नु पर्दछ। सरकार आफैंले गरेको प्रतिबद्धता पूरा गर्नबाट पछि हटे सरकार र राज्यप्रतिको विश्वास घटेर जाने छ। **लक्ष्मणलाल कर्ण, सांसद, राजपा**



हाम्रो मानवअधिकारसम्बन्धी अवधारणा सन्तुलित हुनुपर्छ र मानवअधिकारहरू राष्ट्रिय, क्षेत्रीय अन्तर्राष्ट्रिय स्तरमा कार्यन्वयन हुनुपर्छ। सबै खाले मानवअधिकारका विषयलाई समान र एकै प्रकारले उत्तिकै महत्वका साथ व्यवहार गर्नुपर्छ साथै विधिको शासन सबै तहमा कार्यान्वयन हुनुपर्छ। **प्रदीपकुमार ज्ञवाली, परराष्ट्रमन्त्री**



प्रधानमन्त्रीलाई बुझाएको २२ बुँदे ज्ञापन पत्रमा उठाएको माग सम्बोधन गरिनु पर्छ, हिन्दुराष्ट्र कायम, गोलमेच सम्मेलन तथा सुशासनका लागि २०४६ सालपछिका प्रधानमन्त्री र मन्त्रीको सम्पत्ति छानबिनलगायतका विभिन्न माग राखेका छौं। माग सम्बोधन नभए जनसंघर्षलाई कसैले रोक्न सक्दैन। **कमल थापा, अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष**



प्रधानमन्त्री कृषि आधुनिक कृषि परियोजनालाई तीनै तहका सरकारसँग जोडेर काम अगाडि बढाइएको छ। मुलुक कृषिप्रधान भए पनि कृषि उपजको आयात बढी भएको र विप्रेषणबाट प्राप्त भएको रकम खाद्यान्नका लागि खर्च गर्नुपर्ने अवस्था छ, अब किसानले आफ्ना उत्पादन खेर फाल्नुपर्ने अवस्थाको छिट्टै अन्त्य हुनेछ। **चक्रपाणि खनाल, कृषि तथा पशुपक्षी विकासमन्त्री**



प्रदेशको समृद्धिको लागि हरेक वर्ग, जात धर्म, तप्काबीच समानता ल्याउने बाटोमा प्रदेश सरकार अग्रसर रहेको छ, समाजमा समानताको अनुभूति नभएसम्म समृद्धिको कल्पना स्वप्न मात्र हुने भएकोले प्रदेश सरकार समानताको पथमा अगाडी बढेको छ। **मो.लालबाबु राउत गद्दी, मुख्यमन्त्री प्रदेश नं २**



अकालमा ज्यान गुमाइरहेका गरिब नेपालीका लागि यसखाले प्रविधिले बचाउने विश्वास गरेको छु। प्रदेशलाई धुलो र फोहोरमैला मुक्त बनाउन सके मात्रै 'समृद्ध नेपाल र सुखी नेपाल' का नारा सार्थक हुने छ। **शेरधन राई, मुख्यमन्त्री प्रदेश १**



२३ वर्षअघिको महाकाली सन्धिअनुसार नेपालले दोधारा-चाँदनी क्षेत्रमा पाउनु पर्ने पानी हालसम्म नपाएकोले सो विषयलाई गम्भीर रूपमा उठाउन सम्बन्धित पक्षलाई निर्देशन दिएको छ। हाम्रो पहिलो प्रथमिकता दुई पक्षबीच भएको सन्धिको कार्यान्वयन हो, सन्धिअनुसार नेपालले १० घनमिटर प्रतिसेकेन्ड पानी पाउनुपर्छ। **चेतन अधिकारी, प्रधानमन्त्रीका प्रेस संयोजक**

# प्रजातन्त्र अझै 'अप्रजातान्त्रिक'



**चन्दा चौधरी**

प्रजातन्त्रको परिभाषा आज होइन, वर्षौं पहिला नै आइसकेको छ। अब्राहम लिंकनले भनेका थिए- प्रजातन्त्र भनेको जनताका लागि, जनताको, जनताद्वारा चल्ने पद्धति हो।

सामान्यतया आमनागरिकलाई बोल्न दिनु, लेख्न दिनु, देशमा निर्वाचन गराउनु, मानवअधिकारको प्रत्याभूति आमजनतामा गराउनु, न्यायालयको स्थापना र केही आधारभूत हकलाई मौलिक हकको रूपमा स्थापित गराइदियो भने देशमा प्रजातन्त्र छ भनेर चित्रित गरिन्छ

हुन पनि हो, यी अव्यवहरूलाई स्थापित गराउन नै विश्वमा प्रजातान्त्रिक आन्दोलनहरू भएका हुन् र नेपालमा पनि। नेपालमा प्रजातन्त्र २००७ मा आएको इतिहास छ। विभिन्न राजनीतिक उथलपुथल पार गर्दै हामीले नेपालमा ६ वटासम्म संविधान ल्यायौं। ती संविधानहरूले काम नगरेरै होला हामीले संविधानसभाबाटै सातौं संविधान ल्याएका छौं। संविधानमा असन्तुष्टिबारे छुटै बहस गर्न सकिन्छ।

नेपालको संविधान आएपश्चात् हामी संघीय नेपालमा प्रजातन्त्र दिवस मनाइरहेका छौं। प्रजातन्त्रको परिष्कृत रूप हो संघीय संरचना। हामीले नयाँ संविधानको भाग ३ मा मौलिक हक र कर्तव्य निर्धारण गरेका छौं। भर्खर हामीले नेपालको ६९औं प्रजातन्त्र दिवस मनाएका छौं। हामीले प्रजातन्त्र दिवस मनाइराख्दा देशका सीमान्तकृत वर्गहरूले आफ्ना असन्तुष्टिका स्वरहरू गुनगुनाइरहेका थिए। कसैले दलित भएकै कारण कुटाइ खाए त कोही एम्बुलेन्स र सिटामोल नपाएर वेदनामा छटपटाइरहेका थिए।

नेपालको लोकतान्त्रिक आवरणमा संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता आएको छ। तर, आजको दिनमा कुनै परिवर्तनले मूर्तरूप पाउन सकेको छैन। लोकतन्त्र र गणतन्त्र आइसके पनि आमजनताले त्यसको अनुभूति गर्न नपाउनु दुर्भाग्यपूर्ण मान्नुपर्छ।

यी अवस्थाको पछाडि हाम्रो रूढीवादी मानसिकता हो, अरू केही होइन। मानसिकता अर्थात् 'माइन्डसेट'। जहाँ प्रजातन्त्रका रक्षक भनाउँदाहरू आमजनतालाई अधिकार दिन हिचकिचाउँछन्, त्यस्ता देशमा आमजनताले प्रजातन्त्रको अनुभूति किमार्थ गर्न सक्दैनन्। हामीले प्रजातन्त्र, लोकतन्त्र हुँदै संघीय गणतन्त्रात्मक व्यवस्थासम्म देशलाई पुर्‍यायौं। तर, आमजनताबाट असन्तुष्टिको तुष बाहिर ल्याउन सफल हुन सकेनौं।

अहिलेको युग भनेको उत्तरआधुनिक युग हो। यस युगमा फगत प्रजातन्त्र शब्दले काम गर्नै सक्दैन। अहिलेको आवश्यकता भनेको व्यवहारमा देखिने गरी 'समावेशी लोकतन्त्र'को स्थापना गराउनु हो।

प्रजातन्त्रको जगमा जनताले उपभोग गर्न पाउने अधिकारहरूको छुट दिनुपर्ने खालको प्रजातन्त्र समयको माग रहेको छ। के हाम्रो नेपालमा यी र यस्ता कुराहरू सम्भव भइरहेको छ त ?

के लोकतन्त्रमा कुनै कलाकारले गाउने व्यंग्यात्मक गीतलाई प्रतिबन्ध लगाउन मिल्छ ? पशुपति शर्माको गीत, 'लुट्न सके लुट कान्छा नेपालमै हो छुट'। यो गीतको सरकारबाट विरोध हुनु अस्वाभाविक हो। सरकारले मनपरी शब्दको व्याख्या गरी तर्सिएर गीतको विरोध गर्नुभन्दा पनि देशका जनताले देशमा भ्रष्टाचार नहोस् भनी सरकारलाई गरेको अनुरोधको रूपमा लिनुपर्थ्यो। तर, यसो भएन।

भारत र अमेरिकाजस्ता प्रजातान्त्रिक मुलुकमा त्यहाँका नेताहरूलाई दिनहुँ जनताले कालो झण्डा देखाइरहेका हुन्छन्। हामी कस्तो प्रजातान्त्रिक खोल ओढेर बसेका छौं ? नेताप्रति असन्तुष्टि भयो भने कालो झण्डासमेत देखाउन नपाउने ? इतर विचारसँग परहेज राख्ने सरकारबाट प्रजातान्त्रिक मुलुकको भविष्यबारे कल्पना गर्न मिल्छ त ?

अर्को घटना, बर्दियामा केही महिनाअघि राममनोहर यादवले एक नेतालाई कालो झण्डा देखाएको निहुँमा उनलाई थुनियो। त्यति मात्र होइन, यादवलाई यो लोकतान्त्रिक मुलुकमा यति चरम यातना दिइयो कि राममनोहरको मृत्यु भयो। हामी कस्तो प्रजातान्त्रिक खोल ओढेर बसेका छौं ? नेताप्रति असन्तुष्टि भयो भने कालो झण्डासमेत देखाउन नपाउने ? भारत र अमेरिकाजस्ता प्रजातान्त्रिक मुलुकमा जनताले कालो झण्डा दिनहुँ देखाइरहेका हुन्छन् त्यहाँका प्रजातान्त्रिक नेताहरूलाई। इतर विचारसँग परहेज राख्ने सरकारबाट प्रजातान्त्रिक मुलुकको भविष्यबारे कल्पना गर्न मिल्छ त ? अहिलेको प्रजातान्त्रिक मुलुकहरू प्रजातन्त्रलाई साँच्ची नै बचाउन चाहन्छ भने रचनात्मक आलोचनालाई स्वीकार गरी आगामी कदम बढाउनुपर्छ।

समावेशी प्रजातन्त्रको आवश्यक्ता रहेको मुलुकमा समावेशिताको खिल्ली उडाउने हो भने शब्द मात्रको प्रजातन्त्रलाई जनताले किन शिरोधार्य गर्नुपर्‍यो ? पछिल्लोपटक हाम्रो परराष्ट्रमन्त्रीज्यूलाई राजदूतहरूमा समावेशिताको अवस्थाबारे प्रश्न गरिएको थियो। उहाँको जवाफ थियो- २८ राजदूतमध्ये पाँचजना महिला, एकजना दलित, दुईजना जनजाति, एकजना मधेसी र १९ जना खसआर्य रहेको बताए। के नेपालले समावेशी लोकतन्त्रको मर्मलाई सम्बोधन गरेको छ त ?

नागरिकताको सवालमा महिलालाई विभेद गरेकै छ सरकारले। आमाको नाममा तिनका सन्तानलाई नागरिकता नदिनु भनेको सरकारद्वारा महिलामाथिको कठोरतम प्रहार हो। नेपाली महिलाले कसरी अनुभूति गरून् कि देशमा प्रजातन्त्र आइसक्यो भनेर ?

नेपालको संविधानको प्रस्तावनामा, 'समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने' भनी लेखिएको छ। वास्तवमा भन्ने हो भने प्रजातन्त्रमा समाजवादजस्तो सिद्धान्त लागू गर्ने हो भने यो देशको कल्याण हुनुमा कुनै किसिमको समस्या हुँदैन। तर, व्यवहारमा हामी के गर्दै छौं ? समाजवादी आवरणमा चाकर पुँजीवादलाई प्रश्रय दिइरहेका छौं। गरिबीको ग्राफ देशमा ओरालो लागिरहेको छैन। अब्राहम लिंकनको माथि उल्लेखित परिभाषामा भनिएको छ, ''जनताको लागि !' अर्थात्, सम्पूर्ण जनताको लागि होइन ? अनि अधिकारको हिसाबले होस् या आर्थिक सक्षमताको हिसाबले, आमजनतामा असन्तुष्टिको तुष किन मोटाउँदै गइरहेको छ त ? विचार गर्ने बेला आएको छैन ?

> **नागरिकताको सवालमा महिलालाई विभेद गरेकै छ सरकारले। आमाको नाममा तिनका सन्तानलाई नागरिकता नदिनु भनेको सरकारद्वारा महिलामाथिको कठोरतम प्रहार हो।**

> महात्मा गान्धीले भन्नुभएको थियो-बहुमतको शासन जब जोरजबर्जस्तीको शासनमा परिवर्तन हुन्छ अनि त्यो त्यत्तिकै असहनीय हुन्छ जति कि नोकरशाहीको शासनमा हुन्छ।

प्रजातन्त्रलाई वास्तविक रूपमा जनतामुखी बनाउनुपर्छ। समावेशी लोकतन्त्र एउटा माध्यम हो जसको कुशल प्रयोगबाट हामी पूर्ण प्रजातान्त्रिक हो भनी विश्वसामु दावा गर्न सक्छौं। बहुमतको दम्भ त प्रजातन्त्रको लागि जहिले पनि खतरायुक्त समयको निर्माण गर्न तल्लीन हुन्छ। महात्मा गान्धीले भन्नुभएको थियो- बहुमतको शासन जब जोरजबर्जस्तीको शासनमा परिवर्तन हुन्छ अनि त्यो त्यत्तिकै असहनीय हुन्छ जति कि नोकरशाहीको शासनमा हुन्छ।

*(लेखक संघीय प्रतिनिधिसभाका सांसद एवं राजपा महासचिव हुन्।)*

# 'प्रदेशको नाम लुम्बिनी र राजधानी कपिलवस्तु हुनुपर्छ'

मणि प्रसाद गैह्रे

कपिलवस्तु। जिल्लाबासीले प्रदेश ५ को नाम लुम्विनी र राजधानी कपिलवस्तु हुनुपर्ने माग गरेका छन्। प्रदेश ५ विशेष समितिले तौलिहवामा राखेको विचार तथा सुझाव संकलन कार्यक्रममा जिल्ला बासीले यस्तो बताएका हुन्। कार्यक्रममा वोल्दै पुर्व सिंचाई राज्यमन्त्री एवं कपिलवस्तुका पार्टी सभापति सुरेन्द्रराज आचार्यले हजारौ वर्ष पहिले राजा शुद्धोधनको दरबार कपिलवस्तु भएको हुंदा त्यसैलाई आधार मानी राजधानी बनाउनु पर्ने बताए। साथै आर्चायले भारतले नक्कली कपिलवस्तु पचिार गरेको बेला प्रदेशको राजधानी कपिलवस्तु राख्दा विश्व सामु समेत राम्रो सन्देश जाने बताए। साथै आर्चायले नेकपाका नेताले दाग जिल्ला र रूपन्देही भनि तानातान गरेको बेला दुवैलाई विच पर्ने र सबेको माग सम्वोधन र सहजताको लागी समेत कपिलवस्तु उपयुक्त स्थान रहेको बताए।

ऐतिहासिक, भौगालिक, पर्यटकीय, भाषभाषी, साम्प्रदायिक सदभाव, औधोगिक,क्षत्र, जग्गा जमिन वन जंगल र अन्य जिल्लाका जनताहरू समेत सहज पहुच हुन सक्ने भएकाले कपिलवस्तु नै प्रदेशको राजधानीका लागि उपयुक्त रहेको उनीहरू बताउँछन्। कपिलवस्तु उद्योग वाणिज्य संघका अध्यक्ष उमानाथ पौडेललले ऐतिहासिक र पर्यटकीय हिसाबले प्रदेश नम्बर ५ को सबै भन्दा संपन्न कपिलवस्तु रहेको



बताए।

५ घन्टा भित्र १२ वटै जिल्लाका मानिसहरू कपिलवस्तुमा सहजै पुग्न सक्ने, राजधानीका बनाउनकालागि चाहिने ३ सय बिघा जमिन, ४० मिनेट भित्रै अन्तराष्ट्रिय बिमान स्थलमा पुग्न सकिने लगायतका सुबिधाहरू भएकाले प्रदेशको राजधानी सबै हिसाबले कपिलवूस्तु नै उपयुक्त रहेको उनले बताए।

पत्रकार महासंघका जिल्ला सभापति ढिलराम भुसालले राजधानी कपिलवस्तु र नाम लुम्बिनी निर्बिकल्प हुनु पर्ने माग गरे। यसका लागि आफुहरूले मिडियाबाट अभियान समेत चलाउने बताए। उता तौलिहजा उद्योग बाणिज्य संघका अध्यक्ष गयादीन कुर्मीले राजधानी तिलौराकोट र नाम बुद्ध प्रदेश राख्नु पर्ने सुझाव दिए।

सो क्रममा बाणगां नगरपालिकाका मेयर मंगल प्रासद थारू, शिवराज नगरपालिकाका मेयर नेत्रराज अधिकारी बिजयनगर गाउँपालिकाका प्रमुख गोपाल बहादुर थापा नेकपा जिशलला नेता झवी पोख्रेल, संघीय समाजबादी फोरम नेपालका जिल्ला अध्यक्ष कैलेन्द्र यादव, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष दधीराम आचार्य, राजपा नेता कालीपद शर्मा, चन्द्रौटा ब्यापार संघका अध्यक्ष महादेब पोख्रेलल, कपिलवस्तु बहुमुखी क्याम्पसका प्रमुख नवराज तिवारी लगायतले पनि प्रदेशको राजधानी कपिलवस्तु र नाम लुम्बिनी राख्नु पर्ने माग गरे।

सो अवसरमा बिशेष समितिका संयोजक दिपेन्द्र कुमार महरले प्रदेशको राजधानीको बिषयमा जटि बन्दैं गएकाले बिशेष समितिले सुझाव संकलन गरिएको बताए। सबै जिल्लाबाट आएको सुझाव अध्ययन गरे पछि बिशेषत्र टोलीको सुभाव र अध्ययन पछि राजधानी तोकिने उनले बताए।

सो अवसरमा समिति सदस्य तारा क्षेत्रीले प्रदेशका राजधानी र नाम टुंगा लगाउन तर्फ प्रदेश सरकरा अग्रसर भएको बताईन। कार्यक्रम जिल्ला समन्वय समितिका प्रमुख नारायण प्रसाद खनालको अध्यक्षतामा भएको थियो। कपिलवस्तु बासीले गत साल समेत कपिलवस्तुलाई राजधानी बनाउन विभिन्न कार्यक्रम तथा दवाव मुलक कार्यक्रम संचालन गरिरहेका छन्। त्यसको लागी राजमार्ग क्षेत्रको जुनसुकै स्थानमा बनाउन सकिने उनले बताए। ऐतिहासिक, आर्थिक, भौगोलिक लगायतका सबै हिसाबले उपयुक्त भएकाले प्रदेश नम्बर ५ को स्थायी राजधानी प्राचिन कपिलवस्तुमा राख्नु पर्ने सुझाव दिइएको छ।

प्रदेश नम्बर ५ को स्थायी राजधानी बुद्धको क्रिडास्थल प्राचिन कपिलवस्तु राख्नु पर्ने एकमतले सुझाव दिईएको हो। जिल्लाका राजनीतक दलको नेता, ब्यापारी, स्थानीय निकायका प्रमुख सहीत सरोकारवाला सबैले राजधानी कपिलवस्तु र प्रदेशको नाम लुम्बिनी राख्न सुझाव दिएका हुन। भगवान गौतम बुद्धको क्रिडास्थल र राजधानी र त्यति बेला देखि नै केन्दै रहदै आएको प्राचिन कपिलवस्तु नै प्रदेशको राजधानी राख्न उपयुक्त रहेको उनीहरूको भनाई छ।

# संविधान संशोधनका लागि मधेशी दलको दबाब पुगेन

**कांग्रेस कमजोर भएको होइन । कांग्रेसभित्र विचारको आदानप्रदान बढी हुन्छ । सबैले आआफ्नो धारणा राख्छन्, त्यसलाई विवादको रूपमा व्याख्या गरिन्छ । कांग्रेसका सबै नेता कार्यकर्ताहरूको नीति र सिद्धान्त एउटै छ ।**



**सीताराम मेहता**
**प्रतिनिधिसभा सदस्य**
**नेपाली कांग्रेस**

**० नेपाली कांग्रेसको हालै बसेको केन्द्रीय समिति बैठकले बहुमतबाट विधान पारित गरेको छ तर पनि विवाद यथावतै छ । किन ?**
– यो खासै विवाद होइन । विचारको लडाइ हो । फरक-फरक विचारहरूलाई विवाद भन्न मिल्दैन । सबै आआफ्नो विचार राखेर छलफल गर्ने क्रम हो । अहिले सबैको विचार फरक-फरक देखिए पनि अन्त्यमा सबै नेताहरू एकै ठाउँमा आउनुहुन्छ ।

**० संशोधित विधानमा के-के छन् ?**
– संशोधित विधानमा कांग्रेसको संरचनालाई संघीय संरचनाअनुसार परिणत गर्दै लानेलगायतका कुराहरू छन् । कांग्रेसमा यसअघि ६ पदाधिकारीसहित ८५ सदस्यीय केन्द्रीय समिति थियो । अब १ सय ६ सदस्यीय समितिमा १४ पदाधिकारी हुनेछन् । कोषाध्यक्षबाहेक सभापति, दुई उपसभापति, दुई महामन्त्री र क्लस्टरका आधारमा ८ सहमहामन्त्री निर्वाचित हुनेछन् । त्यस्तै, यसअघि पाँचवटा पार्टी तह रहेकोमा अब सात प्रदेश समिति, प्रदेशसभा क्षेत्रीय समिति र बुथ समिति नयाँ तहका रूपमा थपिएका छन् ।

**० महासमिति बैठकको म्यान्डेडअनुसार विधान किन आउन सकेन ?**
– महासमिति भनेको नेपाली कांग्रेसको सर्वोच्च निकाय हो । त्यसले दिएको सुझावहरूलाई परिमार्जित गर्ने भनेर पारित गरिएको छ । त्यसलाई समेटेर केन्द्रीय कार्यसमितिले विधान पारित गरेको हो । महासमितिले दिएको म्यान्डेडमा एक/दुईटा कुरा अल्झिएको छ । केन्द्रीय सदस्यहरू सिधै महाधिवेशन प्रतिनिधि हुने, आरक्षण कोटाहरूमा रहेका सदस्यहरूले दोहोऱ्याएर समानुपातिक सांसद हुन नपाउने लगायतका कुराहरू विवादित देखिएको छ ।

**० यसमा तपाइँको धारणा के छ ?**
– म पनि सांसद हुँ । दुई-दुई पटक सांसदमा जितेको छु । यस विषयमा अझ बढी छलफल र बहसको खाँचो छ । सबैको भावनालाई समेट्ने गरी विधानमा आउनुपर्छ ।

**० कांग्रेसले आफूलाई प्रजातान्त्रिक पार्टी भन्छ, तर नेता कार्यकर्ताहरूको व्यवहार अप्रजातान्त्रिक जस्तै देखिन्छ नि ?**
– नेपाली कांग्रेस प्रजातान्त्रिक पार्टी नै हो । केही नेता कार्यकर्ताहरूका कारण यस्तो लाग्न सक्छ । अस्ति पार्टी कार्यालयमा नेविसंघका दुई पक्षबीच भएको ढुंगामुढा निन्दनीय छ । त्यस्तो हुनु हुँदैनथ्यो । वैचारिक लडाइमा यस्ता अराजक गतिविधि हुनुहुँदैन ।

**० जसरी महासमितिको बैठकपछि कांग्रेसमा नयाँ ऊर्जा थपिएको, गुटउपगुट समाप्त भएको दाबी गरिएको थियो । तर, व्यवहारमा त्यस्तो देखिएको छ ?**
– निश्चितरूपमा महासमितिको बैठकपश्चात् कांग्रेसमा नयाँ ऊर्जा थपिएकै छ । जसरी चरम गुटबन्दी थियो त्यो पनि समाप्त भएको छ । तर, लोकतान्त्रिक पार्टीमा फरक-फरक विचार आउनुलाई गुटबन्दी भन्न सकिँदैन । पार्टी र देशहितका विषयमा हाम्रा पार्टीका सबै नेताहरू एक ठाउँमा उभिनु हुन्छ । देश र जनताका लागि जहिले पनि कांग्रेसमा एकमत नै देखिएको छ । सबैसँग सहमति र सहकार्य गरेर जाने परिपाटी कांग्रेसभित्र छ । नेपालमा पहिलोपटक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान आएको हो । २००७ सालदेखि गरेको संघर्षबाट हामीले यो संविधान प्राप्त गरेका छौं । यसलाई अब कार्यान्वयनतर्फ जानुपर्ने कांग्रेसको ठूलो दायित्व हो । नेपाली कांग्रेसकै नेतृत्वको सरकारबाट यो संविधान जारी भएको हो र कार्यान्वयनको प्रक्रिया अगाडि बढेको छ । त्यसलाई आत्मसात गरेर कांग्रेसमाथि थप जिम्मेवारी आएको छ ।

**० कांग्रेसभित्रको आन्तरिक विवादले दिनप्रति दिन कमजोर हुँदै गएको हो ?**
– कांग्रेस कमजोर भएको हो । कांग्रेसभित्र विचारको आदानप्रदान बढी हुन्छ । सबैले आआफ्नो धारणा राख्छन्, त्यसलाई विवादको रूपमा व्याख्या गरिन्छ । कांग्रेसका सबै नेता कार्यकर्ताहरूको नीति र सिद्धान्त एउटै छ । तर, यो कुरालाई व्यवस्थित तरिकाले सबै नेता कार्यकर्ताहरूको एउटै आवाज बाहिर आउनुपर्ने आवश्यक्ता छ । यसका लागि हामी जस्ता नेता कार्यकर्ताहरूले नेतृत्वपंक्तिलाई दबाब दिनुपर्ने हो ।

**० अहिले कांग्रेसमा सभापति देउवा र कोइराला परिवारबीच टकराव देखिएको छ नि ?**
– यो कुनै विवाद होइन, मिडियाले यसलाई बढाइचढाई प्रचार गर्छन् । कोइराला परिवारबाट पार्टीका उच्च तहका छँदैछन् । त्यसैले कोइराला परिवारलाई बाहिर राखेर हेर्न मिल्दैन । कांग्रेसको महाधिवेशन पनि आउँदैछ, त्यसैले कार्यकर्ताबीच एउटा लोकप्रिय नारा तय गरेको पनि हुनुपर्छ । तर, विवाद त खासै होइन । यो एउटा विचारको लडाइ हो ।

**० कांग्रेस अब कसरी अगाडि बढ्छ ?**
– कांग्रेसका नेतृत्व पंक्तिहरू एकजुट भएर अगाडि बढ्नुपर्छ । नीतिगतरूपमा विधानअनुसार सबै मिलेर देश र जनताप्रति उत्तरदायी हुनुपर्छ । कांग्रेसको काँधमा अहिले ऐतिहासिक जिम्मेवारी छ । संविधान जारी हुनु कांग्रेसको लागि ठूलो उपलब्धि हो भने यसलाई कार्यान्वयन गराउनु चुनौती पनि हो । त्यसैले, अहिलेको अवस्थामा कांग्रेसबीच एकताको आवश्यक्ता छ । देशमा दुई तिहाईको सरकार हुँदाहुँदै पनि जनतामा बढ्दै गएको निराशा र सरकारको अधिनायकवाद बढ्दै गएको छ ।

**० केपी ओली सरकारको एकवर्षे कार्यकाललाई कसरी विश्लेषण गर्नुहुन्छ ?**
– केपी ओली सरकारको एकवर्षे कार्यकाल पूर्णरूपमा असफल रह्यो । यस अवधिमा मुलुकमा हत्या, हिंसा, बलात्कार, असुरक्षा बढ्दै गएको छ । एकै दिन सात/आठ जिल्लामा बम विस्फोट हुन्छ भने शान्ति सुरक्षाको अवस्था त्यसबाट नै छर्लङ्ग हुन्छ । नेपाली जनताको इच्छा आकांक्षाअनुसार जसरी यो दुई तिहाईको सरकार अगाडि बढ्नुपर्ने हो त्यसमा पूर्णरूपमा असफल भएको छ । यो सरकार कांग्रेसको नजरमा मात्रै होइन, नेपाली जनताको नजरमा पनि असफल साबित भएको हो ।

**० तर, प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसको पनि भूमिका पनि यो एक वर्षमा सन्तोषजनक देखिएन नि ?**
– कांग्रेसले असल प्रतिपक्षको भूमिका निर्वाह गरेकै हो । कांग्रेस प्रजातान्त्रिक धारअनुसार जुन कुरा उठाउनुपर्ने हो, त्यो कुरा सदन र सडकमा उठाएकै हो । सरकारका कमी कमजोरीहरू हामीले जनताबीच लगिरहेका छौं र संसदमा पनि सरकारमाथि दबाब दिइरहेका छौं । लोकतान्त्रिक संस्कारअनुसार कांग्रेसले असल प्रतिपक्षको भूमिका रहेको छ ।

**० यो सरकारले केही पनि राम्रो काम गरेको छैन ?**
– यो सरकारले सुरूवात त गऱ्यो तर, आफ्नै निर्णयमा अडिग रहन सकेन । सिन्डिकेट खारेजीको कुरा हेर्नुस्, आफैले गरेको निर्णय कार्यान्वयन गर्न सकेको छैन यो सरकार । जनताले पनि हेरिरहेका छन् कि यो सरकारको एकवर्षे कार्यकालमा के-के राम्रा काम गरे । सरकारको भाषण र नारा ठूलो-ठूलो देखिन्छ तर व्यवहारमा केही पनि छैन । त्यसैले यो सरकार अधिनायकवादतर्फ लम्किरहेको छ ।

**० यो सरकार कसरी अधिनायकवादतर्फ गयो ?**
– यो सरकार एकदलीयतर्फ जाँदैछ । यो कम्युनिष्ट सरकारले मुलुकलाई अप्ठ्यारोमा पार्न खोजिरहेको छ । यो सरकारले संघीयता विरोधी गतिविधि क्रियाकलापहरू गरिरहेको छ । प्रदेश र स्थानीय तहलाई दिनुपर्ने अधिकारहरू संघमै संकुचित भएर राख्न खोजेको छ ।

**० ठूलठूला भ्रष्टाचारका मुद्दामा कांग्रेस किन मौन छ ?**
– कुनै पनि भ्रष्टाचारका मुद्दामा कांग्रेस मौन छैन । हामीले बारम्बार संसदमा भ्रष्टाचारका विरूद्धमा आवाज उठाउँदै आएका छौं । वाइडबडी जहाज प्रकरणमा कांग्रेसले दबाब दिएकै हो । लेखा समितिमा दबाब दिँदा सरकारले छानबिन समिति बनायो ।

**० तर, वाइडबडी प्रकरणमा त कांग्रेसकै शीर्ष नेताहरूको नाम पनि मुछिएको छ नि ?**
– भ्रष्टाचारमा कांग्रेस वा कम्युनिष्ट जोसुकै होस् कारबाही हुनुपर्छ । यस विषयमा छानबिन समितिले अनुसन्धान गरिरहेको छ, जो दोषी देखिन्छन् उसलाई कारबाही हुनैपर्छ भन्ने कांग्रेसको धारणा हो । भ्रष्टाचारीलाई कारबाहीका लागि कांग्रेस जनताको बीचमा जान्छ ।

**० संविधान संशोधन कांग्रेसको प्राथमिकतामा किन परेन ?**
– कांग्रेसको प्राथमिकतामा जहिले पनि संविधान संशोधन रहेको छ । कांग्रेसको सरकार हुँदा संविधान संशोधनको विधेयक संसदमा लगेको थियो तर तत्कालीन नेकपा एमालेको कारण संसदबाट पास हुन सकेन । तर, अहिले नेकपाकै दुई तिहाइको सरकार छ र उसले गर्छु भन्ने प्रतिबद्धता पनि जाहेर गरेको तर किन गर्न सकिरहेको छैन । यसका लागि हामीले निरन्तर दबाब दिइरहेका छौं । बरू मधेशवादी दलहरूले दबाब दिइरहेको देखिएको छैन । एउटा सरकारमै गएको छ भने अर्को जाने तरखरमा छ ।

# प्रदेश २ का मन्त्रीहरूको काम सन्तोषजनक देखिएन

**पार्टीले मन्त्रीलाई फिर्ता बोलाउनेतर्फ जानु हुँदैन । मन्त्रीहरूलाई सचेत गराउनुपर्छ । यदि मन्त्रीहरू काम गर्न सकिरहेका छैनन् भने स्वेच्छाले हट्नुपर्छ ।**



**परमेश्वर साह**
**प्रमुख सचेतक**
**प्रदेश २, राष्ट्रिय जनता पार्टी नेपाल**

**० प्रदेश २ मा राष्ट्रिय जनता पार्टी नेपालको सम्पन्न विस्तारित बैठकको निष्कर्ष के रह्यो ?**
– राष्ट्रिय जनता पार्टी नेपालको केन्द्रीय अध्यक्षमण्डलका संयोजक महेन्द्र प्रसाद यादवको अध्यक्षतामा प्रदेश नं. २ को जनकपुरधाममा चारदिने विस्तारित बैठक सम्पन्न भएको छ । बैठकमा प्रदेश २ का मन्त्री एवं राज्यमन्त्री, संघीय संसद सदस्य एवं प्रदेश सभा सदस्य, प्रदेश सरकार समन्वय समितिका सदस्य, जिल्ला अध्यक्ष मण्डलका संयोजक एवं सदस्य, जिल्ला समन्वय समितिका प्रमुख एवं उपप्रमुख, नगरपालिकाका प्रमुख एवं उपप्रमुख, गाउँपालिकाका अध्यक्ष एवं उपाध्यक्ष लगायतको नेता एवं पदाधिकारीसँग पार्टी संगठन, पार्टी महाधिवेशन, प्रदेश सरकार, जिल्ला समन्वय समिति, गाउँपालिका एवं नगरपालिकाद्वारा भइरहेको विकास निर्माण, प्रगति, जनआकांक्षा र जनचाहनाको सम्बोधन, उक्त पदाधिकारीहरूबीचको सम्बन्ध र समन्वय लगायतका विषयमा चरणबद्ध रूपमा विस्तृत छलफल गरिएको हो । साथै पार्टीभित्र रहेका अन्तर्संघर्षका विषयमा पनि खुलेर बहस भयो । सो बैठकबाट केन्द्रीय अध्यक्षमण्डलबाट कुनै निर्णय सार्वजनिक गरिएन । सबै प्रदेशहरूमा बैठक सम्पन्न भइसकेपछि त्यस विषयमा निर्णयहरू सार्वजनिक गरिनेछ भनेर अध्यक्षमण्डलका नेताहरूले भन्नुभएको छ ।

**० प्रदेश २ सरकारको कामकारबाही बारे केन्द्रीय अध्यक्षमण्डलका नेताहरूको धारणा के रह्यो ?**
– प्रदेश सरकारको कामकारबाही बारे अध्यक्षमण्डले कुनै धारणा सार्वजनिक गरेको छैन । अध्यक्षमण्डलका नेताहरूले हाम्रो कुरा मात्रै सुन्नुभएको हो । फागुन १७ गतेपछि धारणा सार्वजनिक गरिने भनेर भन्नुभएको छ । तर, प्रदेश २ का राजपाका सांसद, नेता कार्यकर्ताहरूले यहाँका जनप्रतिनिधिहरूले समन्वय नगरेको गुनासो गरेका छन् । प्रदेश २ का मन्त्रीहरूको कामकारबाहीप्रति नेता कार्यकर्ताहरूको असन्तुष्टि देखियो । प्रदेश २ का जनताहरूको अपेक्षा बढी छ, त्यो हिसावले सरकारले काम गर्न सकिरहेको छैन ।

**० भनेपछि, प्रदेश २ का राजपाका मन्त्रीहरूको कामकारबाही सन्तोषजनक छैन ?**
– एक/दुई जना मन्त्रीबाहेक अन्य मन्त्रीहरूको काम कारबाही सन्तोषजनक छैन । अन्य मन्त्रीहरूको बारेमा धेरै टीकाटिप्पणी भयो ।

**० सन्तोषजनक काम गर्न नसकेका मन्त्रीहरूलाई राजपाले फिर्ता बोलाउँछ त ?**
– त्यो त अध्यक्षमण्डलका नेताहरूको हातमा छ । तर, हामीले फिर्ता बोलाउनेतर्फ जानु हुँदैन । उहाँहरूलाई सचेत गराउनुपर्छ । यदि उहाँहरू काम गर्न सकिरहनुभएको छैन भने स्वेच्छाले हट्नुपर्छ ।

**० स्थानीय तहका प्रतिनिधिहरूको काम कारबाही सन्तोषजनक छ ?**
– पार्टीको तर्फबाट स्थानीय तहमा जो प्रतिनिधिहरू हुनुहुन्छ, उहाँहरूले पनि आफ्नै तरिकाले काम गरिरहनुभएको छ । अन्य नेता कार्यकर्तासँग समन्वय वा सहकार्य गरिरहेको छैन । पार्टीका नेता कार्यकर्ताहरूले उहाँहरूलाई जिताएका छन्, अनि पार्टीकै नेता कार्यकर्ताहरूसँग सहकार्य गर्दैन भन्ने खालका गुनासाहरू पनि आए । उहाँहरूको कामबाट पनि नेता कार्यकर्ताहरू सन्तोषजक छैन ।

**० महाधिवेशनको प्रदेश २ मा तयारी कस्तो हुँदैछ ?**
– महाधिवेशनका लागि सदस्यता अभियान, साधारण सदस्य र क्रियाशील सदस्यता सञ्चालन भइरहेको छ । त्यसभित्र पनि विवाद छ । कुनै-कुनै जिल्लामा अध्यक्षमण्डललाई बाइपास गरेर पूर्वपार्टीको हिसावले सदस्यता वितरण भइरहेको छ । यस विषयमा पनि हामीले केन्द्रीय अध्यक्षमण्डललाई ध्यानाकर्षण गराएका छौं । यसले पार्टीभित्र द्वन्द्व बढ्न सक्छ । जिल्ला अध्यक्षमण्डलमार्फत सदस्यता वितरण अभियान अगाडि बढाउनुपर्छ ।

**० जिल्ला अधिवेशन कहिले हुन्छ ?**
– विस्तारित बैठकमा हामीले जिल्ला अधिवेशनका लागि पनि तालिका माग गरेका छौं । वडा, गाउँ, नगर, जिल्ला र प्रदेश अधिवेशनका लागि तालिका नआएसम्म महाधिवेशन समयमै गर्न अप्ठ्यारो छ ।

**० भनेपछि, तोकिएकै मितिमा महाधिवेशन हुने सम्भावना कम छ ?**
– निश्चितरूपमा महाधिवेशनका लागि हामीसँग धेरै समय छैन । पूर्वनिर्धारित बैशाख ७, ८ र ९ गते नै महाधिवेशन सम्पन्न गर्नका लागि हतार-हतारमा गर्नुपर्ने हुन्छ ।

**० बैठकमा प्रदेश सरकारको एकवर्षे कार्यकालबारे कस्तो समीक्षा भयो त ?**
– निश्चितरूपमा नेपालमा संघीयता नौलो अभ्यास हो । प्रदेश २ को सरकारले नेपालमा संघीयताको नेतृत्वदायी भूमिका खेलिरहेको छ । प्रदेश २ सरकारको केही निर्णयहरूले देशलाई हल्लाएको छ । संघीयतालाई मजबुत बनाउने हिसाबले प्रदेश सरकार अघि बढेको छ । तर, जनअपेक्षाअनुसार हामीले काम गर्न सकेका छैनौं । किनभने हामीसँग स्रोत र साधनको कमी छ । केन्द्र सरकारबाट हामीले पाउनुपर्ने कर्मचारी, कानून र बजेट पनि पर्याप्त मात्रामा पाएका छैनौं । त्यसैले, हामीले अपेक्षाअनुसार काम गर्न सकेका छैनौं ।

**० प्रदेश सञ्चालनका लागि चाहिने अत्यावश्यक नाम र स्थायी राजधानी प्रदेश सरकारले किन टुंगो लगाउन सकेको छैन ?**
– प्रदेशको नाम र स्थायी राजधानी प्रदेशसभाको दुई तिहाइ बहुमतले पारित गर्ने भनेर संवैधानिक व्यवस्था छ । यो कुरा हाम्रो लागि चुनौतीपूर्ण हो । किनभने हामीसँग (राजपा र फोरम) सरकार बनाउने सामान्य बहुमत मात्र छ । जसबाट हामीले सरकार बनाएका छौं । स्थायी राजधानीका लागि जनकपुरधाम प्राय: सबैको सहमति नै छ । तर, नामको सन्दर्भमा नेकपा र कांग्रेसले फरक धार छ । हामी पहिचानका लागि लडाइ लडेका छौं, जनताले हाम्रो पहिचानलाई मान्यता दिएको छ । ‘मधेश’ शब्दलाई गौण नगरौं भन्ने हाम्रो मान्यता हो । हामीले मधेशको नाममा यो प्रदेशको नामाकरण गरौं भनिरहेका छौं । तर, मधेश विरोधी नेकपा र कांग्रेसका नेताहरूले यसलाई स्वीकार्ने मनस्थितिमा देखिँदैन । त्यसैले, प्रदेश सरकारले नाम र स्थायी राजधानीका लागि आयोग गठन गरेको थियो । त्यो आयोगले दिएको सुझावअनुसार प्रदेशसभामा प्रस्ताव प्रस्तुत हुनेछ ।

**० आयोगले दिएको सुझावअनुसार नै प्रदेशको नाम पारित गर्न सक्नुहुन्छ ?**
– आयोगकै सुझाव लागू हुन्छ भन्ने छैन । हामीले प्रदेशको नामांकनको सन्दर्भमा जनताको राय बुझ्न खोजेका हौं । जनता भनेको सार्वभौम हो । जनतालाई गुमराहमा राखेर आफ्नै कुरा मात्रै राखेर हुँदैन । त्यो हिसावले हामी जनतासँग राय सुझाव लियौं । ६८% जनताको अभिमत ‘मधेश’ नै रहेको छ । जनताले यो त भन्न पाउँछन् कि प्रदेश सरकारले हामीसँग राय सल्लाह लियो । यसलाई सकारात्मक रूपमा लिएको भनेर जनताको प्रतिक्रिया आएको छ । निर्णय गर्ने त वास्तवमा प्रदेशसभाले नै हो । आयोगकै सुझावअनुसार प्रदेशको नाम टुंगो लाग्दैन । किनभने हामीसँग दुई तिहाइको बहुमत छैन । जनताको अभिमतलाई मध्यनजर गरेर छलफल लगौं र छलफलबाट एउटा निष्कर्षमा पुगौं भन्ने हाम्रो मान्यता हो । जनताको अभिमतलाई प्रतिपक्षी दलहरूले पनि बुझ्नुपर्छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# ‘तराई’ नेपालको अभिन्न अङ्ग थिएन, होइन



जयकृष्ण गोइत

सन् १८१६ ई.को मई तिर कम्पनीका गवर्नर-जनर्लद्वारा मनोनित भएर एडवर्ड गार्डनर ब्रिटिश रेजिडेन्टको हैसियतले पुगेकाले ब्वाँयलू काठमाण्डौंबाट फर्केर गए। सन् १८१६ को अगस्तमा चिनियाँ सैनिक अधिकारी नेपालको वस्तुस्थिति अध्ययन गर्न तिब्बतको दिगार्ची पुगे। नेपालले मार्चमा नै सुगौली सन्धि-पत्रमा आफ्नो स्वीकृतिको लालमोहर लगाई कम्पनी सरकारलाई सुम्पि सकेको थियो। यस कारण अब नेपालको पक्ष लिई ब्रिटिशहरूसित युद्धको पुनरावर्तन गर्नु उक्त चिनियाँ अधिकारीले आवश्यक सम्झेनन्। चीनको उक्त सैन्य प्रतिनिधिले गभर्नर ला’र्ड हेस्टिंग्सलाई काठमाण्डौंमा ब्रिटिश रेजिडेन्ट नराखे वेश हुन्थियो भन्ने बिषयमा एउटा कडा पत्र लेखि पठाए।

सन्१७९२मा चीनले नेपाल-तिब्बत युद्धलाई नेपाल-चीन युद्धमा परिणत गर्‍यो। तिब्बतको तर्फबाट लडदै चिनियाँ सैनिक काठमाडौंदेखि २६ कि.मी.उत्तर वेत्रावत्ती नदीसम्म आई पुग्दा नेपाललाई सन्धि गर्नु पर्‍यो। यस वेत्रावत्ती सन्धि अनुसार नेपालमाथि बाह्य आक्रमण भएमा चीनले सैनिक सहयोग गर्ने। त्यसैले युद्ध भन्दा पूर्व चीनले नेपाललाई युद्धमा सैनिक मद्दत गर्ला भन्ने कम्पनीलाई ठूलो डर थियो। युद्धपछि पनि चीनले कस्तो प्रतिक्रिया जनाउँछ भन्ने त्रास थियो। यसै त्रासको सन्दर्भमा सन्धिपछि विशाल चीनियाँ फौज नेपाल आउँदैछ भन्ने हल्ला कम्पनी सरकारका ब्रिटिश अधिकारीहरूसम्म पुग्यो। अत: चिनियाँ सैनिक अधिकारको पत्र पाएर ब्रिटिश अधिकारीहरूमा त्रास उत्पन्न भयो। त्यसवेला कम्पनी सरकारको आर्थिक अवस्था कमजोर थियो। लार्ड हेस्टिंग्सलाई नेपालसँग (१८१४-१५)को युद्ध लडनको निम्ति अवधको नवाब वजीर गाजीउदीन हैदरबाट नगद अढाई करोड र पुनरावर्तित युद्ध(१८१६)को निम्ति नगद एक करोड रूपैया कर्ज लिनुपरेको थियो। अर्को तर्फ यतिवेला कम्पनी र मराठाका बीचमा तृतीय युद्ध(१८१७-१८) अवश्यभांवी हुन गएको थियो। दुई तिरको युद्धमा पराजयको सम्भावना बढी रहन छ। शत्रु सानै भएपनि ठूलो विगार गर्न सक्ने कुरा राम्ररी थाहा भएको ब्रिटिशहरूले चीनसितको युद्ध टार्न नेपाललाई आफ्नो पक्षमा मिलाउने प्रयत्नमा लागे।

८ दिसम्वर, १८१६ का दिन चीनदेखि भय-आक्रान्त ब्रिटिश ईष्ट इण्डिया कम्पनीले नेपाललाई चीनको पक्षमा जान नदिन नेपालका राजाको स्वीकृति र अनुमोदनका लागि स्मरण-पत्र प्रस्तुत गर्‍यो। कम्पनीले यसै स्मरण-पत्रको कुटिल चालद्वारा यसपाली हाम्रो मातृभूमि ‘तराई’बाट पूर्व मेची नदीदेखि पश्चिम राप्ती नदीसम्म तथा वर्तमान नेपाल-भारत सीमादेखि उत्तरका भू-भाग नेपाललाई दियो एवं सुगौली सन्धि अनुसार नेपालका सरदारहरू र भारदारहरूको पेन्शन हेतु प्रतिवर्ष दिने रू २ लाख स्मरण-पत्रको बुँदा-६ द्वारा बन्द गरिदियो।

यसरी ब्रिटिश ईष्ट इण्डिया कम्पनी सरकारले स्मरण-पत्रको बूँदा-६ द्वारा दोस्रो पल्ट मूक तराईवासीहरूको सहमति बिना नै उनीहरूको मातृभूमि तराई पुन: नेपालको राजालाई हस्तन्तरण मात्र गरिएन। तराईबासीहरूलाई नेपालको गुलाम बनाउन स्मरण-पत्रको बूँदा-७ मा कठोर शर्त उल्लेख गरियो कि नेपालका राजा प्रतिज्ञा गर्दछ कि तराई उनको शासनको अन्तर्गत दिएपछि तराईको कुनै निवासीहरूमाथि युद्धको दौरान ब्रिटिशसँग मिलेर नेपालको विरूद्ध लडेको कारणले कुनै पनि प्रतिशोधात्मक कारवाही चलाउने छैन र यदि किसानहरूको अतिरिक्त तराईवासीहरू मध्येबाट कुनै व्यक्ति सम्पति त्याग गरी कम्पनीको क्षेत्रमा बस्न चाहे भने उसको लागि कुनै अवरोध खडा गरिने छैन।

११ दिसम्बर, १८१६ का दिन स्मरण-पत्रको शर्तहरूलाई नेपालका राजाद्वारा स्वीकार गरी स्वीकृतिको मुहरबन्द पत्र ब्रिटिश ईष्ट इण्डिया कम्पनी सरकारलाई सुम्पियो।

इतिहासको घटना क्रममा त्यतिवेला उत्तरको शक्तिशाली चीन र घाम न अस्ताउने विश्वका शाक्तिशाली ब्रिटिश साम्राज्य नेपालकै पक्षमा भए। स्मरण-पत्रको बूँदा -७ अनुसार तराईका किसान( श्रमिक)हरूलाई वैधानिक रूपमा बस्ने पर्‍यो र धनी किसान, साहु महाजन आदिलाई सम्पति त्याग गरी मजदूर वा भिखारी भएर कम्पनीको क्षेत्रमा बस्न चाहे भने उसको लागि कुनै अवरोध खडा गरिने छैन।

नेपाली शासनबाट मुक्तिको लागि विद्रोह गरेर युद्धमा खुलेर मिलेर लडेने तराईवासीहरूको अभिलाषालाई कुल्चेर ब्रिटिश ईष्ट इण्डिया कम्पनी सरकारले नेपालको अधीनमा नै बस्नको लागि स्मरण-पत्रको कुटिल चालद्वारा विवस पारियो।

त्यतिवेला घाम न अस्ताउने विश्वका शक्तिशाली ब्रिटिश साम्राज्यको विरूद्ध विद्रोह गर्नु तराईवासी( मधेशी)हरूको लागि सम्भव थिएन। ब्रिटिशहरूको आदेशानुसार तराईवासीहरूलाई कैदी सरह आँसुको नुनिलो ढिका पिएर नेपाल अधीन नै बस्नुको वाहेक अर्को विकल्प रहेन। तराई सुम्पिएदेखि नै नेपाली शासक प्रशासक तराईवासीलाई युद्ध अपराधी समान व्यवहार गर्न थाले।

यसरी ८ दिसम्वर, १८१६ का दिन ब्रिटिश ईष्ट इण्डिया कम्पनी सरकारले स्मरण-पत्रको कुटिल चालद्वारा तराई र तराईका मूल निवासीहरूलाई नेपालको राजालाई हस्तान्तरण गरी दिए।

ब्रिटिश ईष्ट इण्डिया कम्पनी सरकारद्वारा तराई हस्तान्तरणको यो क्रम अगाडि पनि जारी नै रहियो। कम्पनी सरकारले नेपालका राजापछि अवधका नवाव तराई हस्तान्तरण गरे। लार्ड हेस्टिंग्सले अवधका नवाव गाजाउद्दीन हैदरसँग नेपाल युद्ध( १८१४-१५) को लागि ढाई करोड र पुनरावर्तित युद्ध(१८१६) को लागि एक करोड नगद कर्ज लिएको थियो। त्यसको वापत कम्पनीले राप्ती पश्चिमको तराई अवधको नवावलाई दियो (सुन्दरलाल-भारत में अंग्रेजी राज, द्वितीय खण्डपृ.८५)।

सन् १८३७ मा भीमसेन थापाको पतन भयो। नेपालको राजनीतिमा हत्या, षड्यन्त्र तथा सत्ता संघर्षका निरन्तर घटनाहरूले एउटा यस्तो वातावरण सृजना गरिदिएको थियो, जहाँ हिंसा एकदम सामान्य कुरा बनेको थियो। त्यसबेलाको नेपालको राजनीतिक वातावरणलाई हेरेर नै ब्रिटिश रेजिडेण्ट (मेजर ला’रेन्स, आई.आर.काल्मीन) ले यसको परिणाम रक्तपातपूर्ण हुने भविष्यवाणी गरेका थिए। केवल उपयुक्त अवसर चाहिएको थियो। अन्तत:त्यो अवसर पनि गगनसिंहको हत्याले जुराई दियो।

सन् १८४६ सितम्बर १४ का राति नेपालको समस्याहरूमाथि गम्भीर विचार-विमर्श गरिने सभागृह कोत कसाई-खानामा परिणत हुन पुग्यो। जंग बहादुर र वहाँको दुई भाईले कोतमा भेला भएका प्रधानमन्त्री सहित आम नरसंहार गरे। नेपालको राजनीतिले रगतको होली खेल्यो। यसको परिणामस्वरूप जंगबहादुर क्रमश: नेपालको प्रधानमन्त्री र प्रधानसेनापति भए।

आफ्ना विरोधीहरूको रगतका आहालमा पौडी खेल्दै सत्ताको केन्द्रमा स्थापित भएका जङ्गबहादुरलाई आफ्नो क्रुर, अमानवीय र षडयन्त्रात्मक शासन शैलीलाई शक्तिशाली कम्पनी सरकारसँग दासत्व भावले मात्र धान्न सकिन्छ भन्ने राम्रो एहशास थियो। ब्रिटिशहरूसँगको सुसम्बन्ध जङ्गबहादुरको इच्छा र अनिच्छाको कुरा भन्दा पनि यो उनको सत्ता स्वार्थको लागि अपरिहार्य बनेको थियो र उनीसँग अन्य कुनै विकल्प थिएन। त्यसैले उनले ब्रिटिशसँग निकट र हार्दिक सम्बन्ध विकासमा आफ्नो व्यग्रता प्रदर्शित गरे र कम्पनी सरकारले पनि त्यसलाई हार्दिकताका साथ ग्रहण गरियो। आफ्नो आदेश पालकको हातमा नेपालका शासन रहोस भन्ने कम्पनी सरकारको पनि चाहना थियो।

जंगबहादुरले विद्यमान परिस्थिति तथा अवसरलाई आफ्नो बुद्धि र चतुर्यताले बडो निपुणतापूर्वक आफ्नो अनुकूल बनाउदै लग्यो। जंगबहादुरले ब्रिटिशहरूको सहमति र सहयोगमा महाराजा राजेन्द्रलाई राजच्यूत गरी युवराज सुरेन्द्रलाई गद्दीमा आरोहण गराए। जंगबहादुरले नया राजालाई मान्यता दिनको लागि गवर्नर जनरलसित अपील गरे। जगबहादुरले मान्यता माँग्नुभन्दा पहिले नै रेसीडेण्टले मान्यता दिन सिफारिस गरेका थिए।

यसरी एकातिर युवराज सुरेन्द्र महाराजा घोषित गरिनु र अर्कातिर महाराजा राजेन्द्र बन्दी बनाइनुबाट अब नेपालमा जंगबहादुरले आफ्नो सर्वोच्च स्थिति कायम गरे। यस घटनाले राजा सुरेन्द्र विक्रम शाह जंगबहादुरको खेलौना मात्र बन्न पुगे। राजाले यस रूपमा आफ्नो शक्ति गुमाए कि पहिले राजालाई सल्लाह दिने भारदारी सभाले अब प्रधान मन्त्रीलाई सल्लाह दिन्थ्यो। राजाले प्रधान मन्त्रीलाई निर्देशन दिनुको सट्टामा प्रधान मन्त्रीले राजालाई निर्देशन दिने भए। जंगबहादुरले राजालाई कठपुतली बनाएर नेपालमाथि निरंकुश शासन गर्न लाग्यो।

नेपाली इतिहासमा युरोप भ्रमण गर्ने सर्वप्रथम नेपाली नेता प्रधानमन्त्री जंगबहादुर नै देखा पर्छन्। सन् १८५० जनवरी १५का दिन जंगबहादुर आफ्नो भ्रमण दलसहित काठमाण्डौंबाट प्रस्थान गरे। २५ मई १८५० मा जंगबहादुर बेलायत पुगेका थिए। १८ जूनमा उनले बेलायतकी महारानी भिक्टोरियासँग भेट गरे। त्यसपछि जंगबहादुर २१ अगस्तमा ब्रिटेनबाट फ्रांसतर्फ लागे। ३१ अगस्तमा फ्रांसका सम्राट नेपोलियन तृतीयसँग भेट गरे। ६ नवम्बरमा जंगबहादुर फ्रांसबाट कलकत्ता आइपुगे। सन् १८५१ फरवरी ६मा तीर्थस्थलहरूको भ्रमण गरी काठमाडौं पुगे। काठमाण्डौं आइपुगेको पर्सिपल्ट फरवरी ८ का दिन हनुमानढोका राजदरबारको गद्दी बैठकमा दरबार् को आयोजना गरियो। यस दरबारमा रेजिडेन्ट मेजर थर्सवे, मिस्टर ओलिङ्ग्यान्ट र कप्तान क्याभिनेजहरू पनि उपस्थित थिए। सोही अवसरमा महारानी भिक्टोरियाले प्रधानमन्त्री जंगबहादुरमार्फत राजा सुरेन्द्रलाई लेखी पठाएको पत्र प्रधानमन्त्री जंगबहादुरले महाराजा सुरेन्द्रलाई हस्तान्तरण गरे।

सन्१७५७देखि १८५६सम्मको विगत सय वर्षको ब्रिटिश-भारत(भारत, पाकिस्तान र बंगलादेश)का इतिहासको अध्ययनबाट स्पष्ट हुन्छ कि ब्रिटिश-भारतमा ब्रिटिश साम्राज्यको स्थापना छल, कपट, प्रपंच र धोखावाजीले भएको थियो। ब्रिटिश-भारतमा ब्रिटिश ईष्ट ईण्डिया कम्पनीको शासन सुदृढ भए पश्चात एक्कासि ब्रिटिश-भारतका जनताहरूको आँखा खुल्यो। वस्तुत: सन् १८५७ ई.का महाविद्रोह वर्षौं देखिको भारतीय उपमहाद्वीपका जनताहरूको असन्तोषको परिणाम थियो। ब्रिटिश ईष्ट ईण्डिया कम्पनीको शासनबाट ब्रिटिश-भारतका जनताहरू राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक उत्पीडनको पराकाष्ठा पार गरेको थियो। जसको परिणाम सैनिक विद्रोह विस्फोटको अगुवा भूमिका को रूपमा देखा पर्‍यो।

सन् १८५७, मार्च २९ का दिन कलकत्ता निरको बैरकपुर छावनीको विद्रोह गर्ने सैनिक मंगल पाण्डलाई गिरफ्तार गरी फाँसीको दिएको खबरले विद्रोह ब्रिटिश-भारतको कुना-कुना मा भडकियो। सन् १८५७ मई ६को मेरठ छावनीको विद्रोह गर्ने सैनिकहरूलाई नि:शस्त्र गरेर १०-१०सालको कैद सजाय सुनाएर जेलमा बन्द गरिदियो। कम्पनी सेनाका भारतीयहरू र मेरठका नागरिकहरूले १० मईको सशस्त्र विद्रोह गरे, कारागारको ढोका फोडेर बन्दी सैनिकहरूलाई मुक्त गरी लिए। तत्पश्चात ११ मईको मेरठका दुई हजार घुडसवार सैनिकहरू दिल्ली प्रवेश गरेर बृटिश अधिकारी कर्नल रिपलेको सफाया गरेर मुगल बादशाह बहादुर शाह जफरलाई मुक्त गरी दिल्लीका सम्राट घोषित गर्‍यो।

मेरठ र दिल्लीका विद्रोहाग्निको लपट कानपुर, बरेली, लखनऊ, बनारस, जगदिशपुर(बिहार) तथा ब्रिटिश-भारतका अन्य भागहरूमा फैल्यो। झाँसीकी महारानी लक्ष्मीवाई, नाना साहेव पेशवा, ताँत्या टोपे, वेगम हजरत महल, लियाकत अली, वीर कुँवर सिंह, खान बहादुर खान आदि स्वतन्त्रता संग्रामका अग्रणी नेताहरूले जीवन अर्पण गरेका थिए। विद्रोहको नेतृत्व मेरठका पेशवा नाना साहेबले गरिरहेका थिए। उनले नेपालका शक्तिशाली प्रधानमन्त्री जंगबहादुरसँग कम्पनी सरकार विरूद्ध सहयोगको अपील गरेका थिए। त्यस्तै अवधका नवावले पनि नेपालको सहयोग प्राप्त गर्न विनम्र अनुरोध गर्दै पत्र पठाएका थिए। तर जंगबहादुर विद्रोहीलाई होइन विद्रोह दबाउन कम्पनी सरकारलाई सहयोग गर्ने पक्षमा थिए। जंगबहादुरले विद्रोहीहरूलाई ब्रिटिशसंग क्षमा माँगन सल्लाह दिए।

गवर्नर जनरलले अनुमान गरेको विपरीत चाँडै नै यो विद्रोहले उग्ररूप लियो र जूनको अन्तसम्ममा अवध र उत्तर-पश्चिम प्रान्तहरूमा विद्रोहीहरूको अधिकार कायम भयो। यस्तो स्थितिमा इलाहाबाद, लखनऊ र बनारसमा कम्पनी सरकारको स्थिति धेरै नै गम्भीर भए। क्रान्तिकारीहरूले बृटिश अधिकारीहरू माथि संघातिक हमला गरे। उनीहरूका बंगला डढाइ दिए। लखनऊमा हेनरी लारिन्सले रेजिडेन्सीमा शरण लिन पुगे। जंगबहादुरको प्रस्ताव स्वीकार गर्ने सल्लाह दिन नेपालको पूर्व रेजिडेण्ट हगसन दार्जिलिङबाट कलकत्ता गर्वनर जनरलनिर पुगे। कलकत्ताको कम्पनी सरकारले भयंकर आपत्तिकालीन स्थितिको घोषणा गरी २९ जून, १८५७ मा नेपालसित सैनिक सहयोग माँग गर्‍यो।

थापाथली गोलघर बैठकको निर्णय अनुसार २ जुलाई, १८५७ का दिन जंगबहादुरले कर्णेल पहलमान सिंह बस्नेतको नेतृत्वमा ३ हजार नेपाली सेना स्वतन्त्रता संग्राम दमन गर्न पठाए।

नेपाली सेनाको क्रुर दमनले गभर्नर जनरल लर्ड क्यानिङ्गलाई साह्रै प्रभाव पारेकोले रेजिडेन्ट मेजर जर्ज र्‍यामजे मार्फत पुन: थप सेनाको माँग गरियो। सन्१८५७, दिसम्बर १० का दिन ब्रिटिशहरूको आदेश र जंगबहादुरको चाहना अनुसार प्रधान सेनापतिको हैसियतले स्वयं अन्य सैनिक अधिकारीहरू सहित १४ हजार सैनिक जवानहरूको दलबलका साथ भारतीयहरूको स्वतन्त्रता संग्रामलाई दमन गर्न निम्ति काठमाडौंबाट रवाना भए।

नेपाली सेनाले जौनपुर, आजमगढ, मुबारकपुर, अत्रोलिया, कुण्डिया, चन्दा, बदलपुर, बसरतपुर, हमीरपुर, सुल्तानपुर, सोनपुर, गोरखपुर, बादशाहगंज, लखनऊ आदि ठाउँमा विद्रोहीहरूसित युद्ध गरे। २१ मार्च सम्ममा सम्पूर्ण लखनऊ जंगबहादुरको मातहतमा आयो। लखनऊमा लडेका प्रमुख युद्धहरूमध्ये बेगमको काठी, आलमबाग, छत्तर मंजील, मोतीमहल, केशरबाग, इमामबारा, ताराकोठी र मुसाबाग युद्ध प्रसिद्ध थियो। विद्रोहीहरूको मुख्य अड्डा आलमबाग कब्जा भएपछि नेपाली सेनाले केशरबागमा घमासान युद्ध गरी अधीनमा लिएपछि भयङ्कर लूट-पाट मात्र मच्चाएन तोड-फोड, च्यात-चुत र बलात्कार जस्तो जघन्य अपराध गर्न पनि पछि परेन्। लखनऊमा नेपाली सेनाका हिंसा, हत्या, लुट र बलात्कार तोड-फोडका अत्याचारले महम्मद गोरी, चङ्गेज खाँ, नादिर शाहको स्मरण गरायो। सन् १८५८, मार्च २३ का दिन जंगबहादुर दलबलका साथ लखनऊबाट काठमाडौंको लागि हिंडीयो।

सन् १८५७ का महाविद्रोहलाई कम्पनी सरकारले क्रुरतापूर्वक दमन त गरी दियो, तर बृटिश ईष्ट इण्डिया कम्पनीको शासनबाट असन्तुष्ट भएर जनता, सैनिक र राजा महाराजाहरूले महाविद्रोह गरेको हुँदा ब्रिटिश सरकारले कम्पनीको शासनको अन्त गर्ने निर्णय लियो। ब्रिटिश-भारतमा शासन गर्नको लागि ब्रिटेनको संसदबाट ‘भारत शासन अधिनियम-१८५८’ पारित गराए। त्यस अधिनियम तहत १ नवम्बर, १८५८ का दिन इलाहाबादमा एक दरबार गरियो, जसमा लाँर्ड कैनिंङ्गले महारानी विक्टोरियाका घोषणा-पत्र पढेर सुनाइयो। महारानीको यसै घोषणा-पत्रद्वारा भारत शासन अधिनियम-१८५८को तहत कम्पनी शासनको अन्तको घोषणा गरी दियो। सन् १८५८ नवम्बर १ देखि ब्रिटिश-भारतको प्रशासनमा ब्रिटिश ईस्ट-इन्डिया-कम्पनी-सरकार् भन्ने शब्द हटाईहर मेजेस्टि गभर्नमेन्ट् ९ज्भच :बनभकतथुक न्यखभचलकभलत० भन्ने वा लेख्ने कार्य र सम्पूर्ण प्रशासनसमेत बेलायतबाटै हुन थालियो।

सन् १८५८को आखिरी र १८५९ई. को शुरूतिर लर्ड क्लाइड ९यचम ऋथिमभ० को मातहतबाट भागेको नसराबाद् रेजिमेन्ट् का विद्रोही सेनाका जवानहरू र महाविद्रोह असफल भएकोले ३०-३५ हजार विद्रोहीहरू नेपाल अधिनस्त पश्चिमी तराईको चारकोसे झाडी(जंगल) अन्तर्गत बुटवलको सुरी खोला भन्ने ठाउँमा आश्रय स्थल बनाई बसेका थिए।

ब्रिटिश रेजिडेन्ट लेफ्टिनेन्ट कर्णल र्यामजेले जंगबहादुरलाई सम्पूर्ण विद्रोहीहरू सुपुर्द गर्न आदेश दिए। त्यसो गर्न नसकेको खण्डमा ब्रिटिश सेना पस्ने छ। जंगबहादुरले ब्रिटिश सेनालाई तराई पस्न दिए। तराईवासिहरूले विद्रोहीहरूलाई रसद आदिको सहयोग गरेको कारण ब्रिटिश सेनाले तराईवासिहरूको धन-जनको क्षति मात्र गरेन, महिला अस्मिता माथि पनि हमला गरे। पश्चिमी तराईका कृषि एवं जनजीवन अस्त-व्यस्त भएपछि २३ सितम्बर १८५९ का दिन जंगबहादुरले ब्रिटिश सेनालाई फिर्ता पठाई कर्णेल पहलमान सिंह बस्नेतको मातहतमा ४ हजार नेपाली सेना विद्रोहीहरूलाई पक्राउ गर्न पठाए।

ब्रिटिश सेना जस्तै नेपाली सेनाले पनि तराईवासिहरूको धन-जनको क्षति मात्र गरेन, महिला अस्मिता माथि पनि हमला गरे। नेपाली सेनाले करीब १,४०० विद्रोहीहरूको हत्या गरी करीब ३,५०० लाई पक्री कैद गरे।

सन् .१८५९,नवेम्बर १४ का दिन जंगबहादुर ११,००० सेनाको दलबलका साथ पुगी पक्राउ परेका विद्रोही नेताहरूसँग भेटे। यिनीहरूमध्ये केहिलाई जंगबहादुरले शरण दिई अरू सम्पूर्ण ब्रिटिश विद्रोहीहरूहरूलाई ब्रिटिश क्याप्टेन निल्स ९ऋबउतबष्ल त्थ्क्ि० मार्फत कर्णेल होल्डीच ९ऋयथिलभ ज्यमिष्अज०लाई सुम्पिए।

जंगबहादुरले शरण दिएका बेगम हजरत महल, नवाब मिर्जा ब्रिजिस कादर, नाना साहेब दुन्धु पन्त, निजकी माता, नाना साहेब दुन्धु पन्तकी रानी काँशी वाईहरूलाई आफ्नै थापाथली दरबारको ढिकीटकनिर बेग्ला-बेग्लै घर बगैंचा बनाई भत्तासमेतको व्यवस्था गरी राखे। नाना साहेबको मृत्युपछि जंगबहादुरले केयौं बर्षसम्म काशीवाईलाई आफ्नी रखौटी बनाएर राखेका थिए। जंगबहादुरले विद्रोहीहरूसित रहेका बहुमुल्य हिरा, मोती, जवाहरात आदि जफ्त गरे। नाना साहेबले टाउकोमा लगाउने नौलखा हार मात्र लिएन, विदोही महिलाहरूको अस्मिता समेत लुटे।

ब्रिटिश-भारतमा १ नवम्बर, १८५८ का दिन आफ्नो सोझै शासन स्थापना गरेको ठीक दुई वर्षपछि १ नवम्बर १८६० का दिन भारतीय स्वतंत्रता आंदोलनको दमनमा नेपाल सरकारद्वारा दिएको सहयोगलाई ‘उत्कृष्ट सेवा’ को दर्जा दिदै ब्रिटिश सरकारले नेपालसँग एक सन्धि गर्‍यो। गभर्नर जनरल लार्ड हेस्टिंग्सले अवधका नवाव गाजाउद्दीन हैदरसँग नेपाल युद्धको लागि लिएको कर्ज वापत अवधको नवावलाई दिएको राप्ती पश्चिमको तराई भू-भाग समेत गभेर त्यस सन्धि-पत्र मार्फत काली र राप्ती नदीहरूको मध्य अवस्थित सम्पूर्ण तराई भू-भाग तथा राप्ती नदी र गोरखपुर जिल्लाको मध्य अवस्थित सम्पूर्ण तराई भू-भाग तथा वर्तमान नेपाल-भारत सीमादेखि उत्तरका तराई भू-भाग नेपाललाई दियो। ब्रिटिश रेजिडेन्ट लेफ्टिनेन्ट कर्णल र्‍यामजे र नेपालका प्रधानमन्त्री श्री ३ जंगबहादुरले सो सन्धि-पत्रमा दस्तखत गरे। नेपालले यसको नाउँ ‘नयाँ मुलुक’ राख्यो।

यसरी ब्रिटिश ईष्ट इण्डिया कम्पनी सरकारले १८१६ई.को स्मरण-पत्र एवं ब्रिटिश सरकारले १८६०ई.को सन्धि-पत्रद्वारा मेचीदेखि पश्चिम राप्तीसम्म एवं राप्तीदेखि पश्चिम महाकालीसम्म र वर्तमान भारत-नेपाल सीमा देखि उत्तरको तराई भू-भाग नेपालका राजालाई दिईयो। अत: वर्तमानमा नेपाल अधीनस्थ मेची नदीदेखि महाकाली नदीसम्मको ‘तराई(मधेस)’ कुनै शाहवंशी राजा, महाराजा वा नेपालीको विजित भू-भाग नभई ब्रिटिश स्वार्थका कारण नेपाललाई हस्तान्तरित भू-भाग हो। नेपालको इतिहासको सिंहावलोकनले हामीलाई बताउछ कि ‘तराई’ नेपालको अभिन्न अङ्ग थिएन, होईन।

सन् १८५७ देखि प्रारम्भ भएको भारतीय स्वतन्त्रता सग्रामको परिणाम स्वरूप १५ अगस्त, १९४७ को मध्यरात्रिमा भारत ब्रिटेनको उपनिवेशबाट मुक्त भएर स्वाधीन राष्ट्र बने।

सन्१९४९, नवम्बर २६ मा भारतीयहरूको विधान-निर्मात्री परिषदद्वारा स्वीकृत भारतको संविधान २६ जनवरी, १९५०ई.को दिन जारी गरेपछि भारत एउटा सम्पूर्ण प्रभुसत्तासम्पन्न लोकतन्त्रात्मक गणराज्यको रूपमा अवतरित भयो।

सन् १९५० जुलाई ३१ का दिन भारत-नेपाल बीच काठमाण्डौंमा सम्पन्न भएको शान्ति एवं मैत्री सन्धिको धारा-८मा उल्लेख छ, जहाँ सम्म यसमा वर्णित विषयहरूको सम्बन्ध छ यो सन्धि भारतको लागि ब्रिटिश सरकार र नेपाल सरकारको बीच भएको समस्त पूर्ववर्ती सन्धिहरू, सम्झौताहरू तथा व्यवस्थाहरूलाई खारेज गर्दछ।

सन् १९५०अक्टुवर ३० का दिन बृटेन-नेपाल बीच काठमाण्डौंमा सम्पन्न सन्धिको आठौं धारामा उल्लेख भए अनुसार संयुक्त अधिराज्य सरकार र नेपाल सरकार बीच काठमाण्डौंमा २१ दिसम्वर १९२३ को दिन हस्ताक्षर भएको सन्धिपत्र र सो भन्दा अघिका सन्धि-पत्रहरू, स्वीकार-पत्रहरू, सम्झौता-पत्रहरू समेत खारिज भएको छ।

सन् १९५० का भारत-नेपाल तथा ब्रिटेन-नेपाल बीच भएको दुबै सन्धिहरूको धारा- ८ को आधारमा ८ दिसम्वर १८१६ को स्मरण-पत्र र १ नवम्बर १८६० को सन्धि-पत्र स्वत: खारेज भएको छ।

भारत-नेपाल बीच सम्पन्न शान्ति एवं मैत्री सन्धि १९५० को धारा-१ मा उल्लेख छ भारत सरकार एवं नेपाल सरकार बीच स्थायी शान्ति र मित्रता रहनेछ। दुवै सरकार एकले अर्काको पूर्ण सम्प्रभुता, राज्यक्षेत्रको अक्षुण्णता तथा स्वातन्त्रतालाई मान्यता र आदर प्रदान गर्न मन्जुर गर्छन्। उक्त सन्धिको १० धारामध्ये भारत-नेपाल सीमासम्बन्धमा कहीँ कतै उल्लेख भएको छ।

सन् १९५० को भारत-नेपाल बीचको शांति एवं मैत्री सन्धिको धारा-१ र ८को यी दुई धाराको आशय हेर्दा धारा आठ अनुसार तराई हस्तान्तरणको १८१६ को स्मरण-पत्र र १८६० को सन्धि-पत्र स्वत: खारेज भएकोले तराईमाथि नेपालको अधीनता पूर्णत: अनधिकृत र अवैध भए। पहिलो धाराले नेपाल र भारतको पूर्ण राज्यसत्ता र क्षेत्रीय अक्षुण्णतालाई मान्यता दिएकोले हाम्रो मातृभूमि तराईमाथि भारतको पनि कुनै प्रकारको स्वामीत्व रहेको छैन्।

सन् १९५० मा भारत-नेपाल बीच भएको शान्ति एवं मैत्री सन्धिको धारा एक र आठ अनुसार नेपाल अधीनस्त तराईको वस्तुस्थिति स्वतंत्र तराई अर्थत तराई राष्ट्र-राज्य हो।

सन् १९५० देखि नेपाली(पहाडी) राज्यसत्ताले तराईलाई उपनिवेश र तराईका मूल निवासीहरूलाई दास बनाएका छन्। – फेसबुकबाट

## मधेश अपडेट

### राजपाको विस्तारित बैठक सम्पन्न

जनकपुरधाम। राष्ट्रिय जनता पार्टी नेपालको चारदिने विस्तारित बैठक संयोजक महेन्द्र यादवको अध्यक्षतामा प्रदेश २ को अस्थायी राजधानी जनकपुरधाममा सम्पन्न भएको छ। आसन्न राजपा नेपालको प्रथम एकताको महाधिवेशन लक्षित राजपा नेपालको बैठकमा केन्द्रीय अध्यक्षमण्डलका नेताहरू, राजपासम्बद्ध प्रदेश २ का मन्त्री एवं राज्यमन्त्रीहरू, संघीय संसदका सदस्यहरू तथा प्रदेश २ का प्रदेशसभा सदस्यहरू, प्रदेश सरकार समन्वय समितिका सदस्यहरू लगायतको उपस्थिति रहेको थियो। यसैगरी, जिल्ला अध्यक्षमण्डलका संयोजक एवं सदस्यहरू, जिल्ला समन्वय समितिका प्रमुख एवं उपप्रमुख, नगरपालिका प्रमुख एवं उपप्रमुख, गाउँपालिका अध्यक्ष एवं उपाध्यक्षहरू लगायतसँग भइरहेको विकास निर्माण, जनचाहना एवं जनआकांक्षाको सम्बोधन लगायतका विषयमा छलफल भएको जनाइएको छ। उपरोक्त अनुसारका पदाधिकारी एवं सदस्यहरू आ-आफ्नो तह, स्तर, निकाय र मन्त्रालयमा आफु र आफ्नो सहकारीहरूसँग परस्पर सहयोग, समन्वय र सहकार्यमा कामकारवाही गर्ने र गराउने निर्देशन दिदै ४ दिनसम्म चलेको जनकपुरधाम बैठकमा उठेका विषय, जिज्ञासा र प्रश्नहरूको सम्बन्धमा र वैठक हुन बाँकी रहेका प्रदेशहरूको बैठकमा उठ्नसक्ने त्यस्तै प्रकार र प्रकृतिको जिज्ञासाको सम्बन्धमा फागुन १७ गते पछि हुने केन्द्रीय अध्यक्ष मण्डलको बैठकले विस्तृत निर्णय गरि निर्देशन दिने निर्णय गरिएको हो।

### आतंकवाद विरूद्ध प्रदर्शन

वीरगन्ज। भारतको पुलवामा बमकाण्ड विरूद्धमा राष्ट्रिय जनता पार्टी नेपालका भ्रातृ संगठनहरूले विशाल विरोध प्रदर्शन गरेका छन्। वीरगन्जमा मंगलबार राजपानिकट राष्ट्रिय विद्यार्थी संघ पर्सा र राष्ट्रिय युवा संघ पर्साले संयुक्तरूपमा आतंकवाद विरूद्ध प्रदर्शन गरेका छन्। ‘आतंकवाद विरूद्धको लडाइँमा भारत हामी तिम्रो साथमा छौं’ भन्ने मूल नाराका साथ राजपा नेपालका भ्रातृ संघहरूले विशाल शान्तिपूर्ण मोटरसाइकल रैलीमा राजपा नेपाल केन्द्रीय नेताहरूको समेत उपस्थिति रहेको थियो। राजपाका महासचिव राजेश मान सिंह, जिल्ला अध्यक्ष प्रेम बाबू पटेल, जिल्ला सचिव उमेश लाल सहनी, केन्द्रीय सदस्य मिनु ठाकुर, बरकतुल नेसा, परमानन्द चौधरी, डा.कमरूल अंसारी महिला नेतृ राधिका देवी, संगीता दास लगायत हजारौंका संख्यामा नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो।

### पर्यटकीय केन्द्रका लागि संरचना निर्माण

बाँके। बाँकेको डुडुवा गाउँपालिका-५ मा पर्ने बाबुकुवा सिमसार क्षेत्रलाई आन्तरिक पर्यटकीय गन्तव्य बनाइने भएको छ। नेपालगञ्जको राँझा विमानस्थलदेखि करीब तीन किलोमिटर पूर्वतर्फ डुडुवा खोला तरेसँगै दक्षिणतर्फको बाटोमा पर्ने बाबुकुवा सिमसार क्षेत्रमा अहिले पर्यटकीय केन्द्रको लागि आवश्यक संरचना धमाधम निर्माण भइरहेका छन्। जिल्लाकै आकर्षक पर्यटकीय केन्द्र बनाउन यहाँ बाबुकुवा सामुदायिक वन उपभोक्ता समूहसँगको सहमतिमा करीब १० हेक्टर जमीनमा लायन्स क्लब अफ नेपालगञ्ज सिद्दिविनायकको अगुवाइमा उद्यान निर्माण कार्य भइरहेको छ।

### मुलुकलाई अपूरणीय क्षति : मुख्यमन्त्री

रूपन्देही। प्रदेश नं ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीको निधनले मुलुकले भरोसायोग्य नेता गुमाएको भन्दै दु:ख व्यक्त गरेका छन्। बुधबार शोक विज्ञप्ति जारी गर्दै उनले सङ्घर्ष र सङ्गठनबाट खारिएका मन्त्री अधिकारीको निधनले मुलुकलाई अपूरणीय क्षति भएको उल्लेख गरेका छन्। उनले स्व अधिकारीले वाम लोकतान्त्रिक आन्दोलन र मुलुकको विकासमा पुर्‍याएको योगदानको सधैं स्मरण हुने बताए।

### अध्यक्ष साहमाथि सांघातिक हमला

रौतहट। नेपाल पत्रकार महासंघ रौतहटका अध्यक्ष रविन्द्र प्रसाद साह माथि गौर नगरपालिका वडा नं.४ कविर चौकमा सांघातिक हमला भएको छ। पान खानका लागि पसलमा गएको बेला मुख छोपेर आएका समूहले हमला गरी अध्यक्ष साहलाई घाइते बनाएको हो। तीनचार जनाको समूहमा आएका व्यक्तिले बाँसको लाठीबाट धमाधम प्रहार गरेको पीडित साहले बताएका छन्। लाठीको प्रहारबाट पत्रकार साहको टाउको तथा दाहिने हातमा चोट लागेको छ। बेलुकी साढे सात वजेको समयमा आक्रमण गरिको छ। जिल्ला अस्पतालमा प्राथमिक उपचार पछि थप उपचारको लागि विरगंज पढाइएको छ। अवस्था खतरामुक्त रहेको छ। पिडित साहले गौरकै संजय सहनी र राजनारायण साह भन्ने आरएन साहले आफु माथि सांघातिक हामला गरेको आरोप लगाएको छ। पिडित संघिय समाजवादी फोरम नेपाल रौतहटको सदस्य रहेका छन भने आरोपित नेकपा समर्थन रहेको छ। आरोपित पत्रकारीता पेशामा आवद्ध रहेका छन। संघातिक हमलाको आरोप लागेका सहनीले आफु माथि गलत आरोप लगाईएको बताएका छन। घटनामा कुनै संलग्नता नरहेको उनले ठोकुवा गरेका छन। सहनीले अध्यक्ष साह सित कुनै रिसइवी नरहेको घटना भएको समयमा आफु बाहिर भएकोले मिथ्या आरोप लगाईएको बताए। सहनीले पत्रकार माथि भएको हमला दखद रहेको बताउदै यसको निश्पक्ष रूपमा छानविन गर्न स्थानिय प्रसाशन संग माग गरेका छन। घटनामा स्थानिय समाजसेवी हृदय नारायण यादव पनि घाईते भएका छन्।

### सीमामा विवरण सङ्कलन शुरू

कैलाली। सुदूरपश्चिम प्रदेश सरकारले नाकामा नागरिक सीमा सहायता कक्ष सञ्चालनमा ल्याएसँगै नाकामा आवागमन गर्नेहरूले यस्तो विवरण उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको हो। यो व्यवस्थासँगै कुन व्यक्ति के कामका लागि भारत गएको वा भारतबाट नेपालमा के कामका लागि आएको भन्नेजस्ता विवरण सङ्कलन हुने लगतबाट जानकारी पाउन सकिने जनाइएको छ। सीमामा आवागमन गर्नेहरूले दिने यस्तो विवरणले आवागमन गर्ने सम्बन्धित व्यक्तिको यात्रा सुरक्षित भई सहज हुने र प्राप्त हुने तथ्याङ्कबाट प्रादेशिक नीति तर्जुमा गर्न टेवा पुग्ने विश्वास प्रदेश सरकारको छ।

### लुम्बिनीमा प्रवज्या शिविर शुरू

रूपन्देही। बुद्ध जन्मस्थल लुम्बिनीमा प्रवज्या शिविर शुरू भएको छ। २३ दिनसम्म चल्ने शिविरमा एकै पटक एक हजार ११९ जनाले प्रवज्या लिने कार्यक्रम छ। शिविरअन्तर्गत १७ गते मायादेवी परिसरमा धार्मिक अनुष्ठानका साथ कुलपुत्रहरूले प्रवज्या लिने कार्यक्रम रहेको थाई भिक्षुहरूले लुम्बिनीमा पत्रकार सम्मेलन गरी जानकारी दिएका छन्। नेपालका प्रथम महासङ्घनायक अरिय धम्मरक्खित नेपाल बुद्ध शासन वंशालङ्कारसिरी सङ्घमहानयक अग्गमहापण्डित’ भिक्षु भद्धन्त प्रज्ञानन्द महास्थवीरको १२९औं जन्मजयन्तीका अवसर पारेर नेपाली कुलपुत्रहरूलाई प्रवज्जित गर्ने कार्यक्रम राखिएको जनाइएको छ।

### सार्वजनिक बस कारवाहीमा

बाँके। लामो दूरीमा दुईजना चालक नराख्ने यात्रुवाहक बसका चालकलाई ‘ट्राफिक कम्युनिकेशन एप्स’ को मद्दतमा प्रहरीले कारवाही शुरू गरेको छ। ट्राफिक प्रहरी कार्यालयले सञ्चालनमा ल्याएको सो एप्सको मद्दतले लामो दूरीमा दुई चालक नराखेको भेटिएका ३५ सार्वजनिक सवारी साधन बसका चालक कारवाहीमा परेको ट्राफिक कार्यालय बाँकेले जनाएको छ।

### पर्यटकको सङ्ख्यामा कमी

कैलाली। विश्व सिमसार क्षेत्रमा सूचीकृत रहेको कैलालीको घोडाघोडी ताल क्षेत्रमा पर्यटकको सङ्ख्यामा कमी आएको छ। करीब १३८ हेक्टर क्षेत्रफलमा रहेको सो ताल क्षेत्रको सरसफाइ तथा भौतिक संरचनाको उचित व्यवस्थापन नहुँदा पर्यटकको सङ्ख्यामा कमी आएको हो। गत वर्ष गतवर्ष माघ मसान्तसम्म करीब ८१ हजार पर्यटक घोडाघोडी ताल क्षेत्रमा आए पनि अहिले गत महिनाको मसान्तसम्ममा घटेर ७२ हजार ७०० पुगेको छ। नेपालको प्रमुख गन्तव्यका रूपमा उक्त ताल रहे पनि उचित व्यवस्थापन हुन नसक्दा पर्यटकीय क्षेत्रमा पछि पर्दै गइरहेको छ।

### नगरपालिकाले नि:शुल्क सिफारिस दिने

कपिलवस्तु। कृष्णनगर नगरपालिकाले कुल पन्द्रह थरिका सिफारिसलाई निशुल्क दिने निर्णय गरेको छ। बुधबार बसेको नगरकार्यपालिकाको बैठकले नगरपालिका भित्रका नागरिकलाई व्यक्तिगत घटना दर्तामा सहजता प्रदान गर्न निशुल्क सिफारिस दिने नगरकार्यपालिकाबाट निर्णय गरिएको नगरप्रमुख रजत प्रताप शाहले जानकारी गराउनुभएको छ। नगरपालिका भित्रका जनताले सम्बन्धित वडाबाट निशुल्क सिफारिस लिन सक्ने नगरप्रमुख शाहले बताए। यो निर्णय संगै कृष्णनगर नगरपालिकालाई प्रदेश मै नमुना नगर बनाउने नगरप्रमुख शाहले उद्घोष गरेका छन्। निशुल्क सिफारिस दिन शुरूआत गर्ने हाम्रो कृष्णनगर नगरपालिका जिल्लामै पहिलो नगरपालिका बनेको उपप्रमुख सबनम खातुनले बताइन्। व्यक्तिगत घटना दर्ता गराई नगरपालिकाबाट पाईने सुविधाको फाईदा उठाउन पनि उनले आग्रह गरिन्। कृष्णनगर नगरपालिकाले नागरिकता, जन्मदर्ता,मुत्युदर्ता, बसाईसराई, सम्बन्ध विच्छेद , द्वन्द्व पिडित, आपंगता लगायतका वडा र नगरपालिकाबाट दिईने कुल पन्द्रह प्रकारका सिफरिस निशुल्क दिने सुचना प्रत्येक वडामार्फत प्रकाशित गरिसकेको छ।

# अलविदा रविन्द्र ! सम्झनामा सधैं बाँचिरहनेछौ

मात्रिका पौडेल/अमृत सुवेदी

पर्यटनमन्त्री रविन्द्र अधिकारीको निधन असामयिक र अकल्पनीयमात्र होइन, सबैका लागि अस्वीकार्य बन्यो । तर, सत्य के पनि हो भने मृत्यु जतिसुकै भयावह भए पनि स्वीकार गर्नैपर्छ ।

देशले आशा र भरोसा गरेको एउटा नेताको अवसानमा उनको जीवनका आरोह(अवरोह शब्दमा उतार्नुको कुनै अर्थ नहुन सक्छ । एउटा देशभक्त विकासप्रेमी युवा नेताको अकल्पनीय निधन राष्ट्रको जीवनमा अपूरणीय क्षति हो भन्ने कुरामा न कसैको दुविधा छ, न कसैकोमा संशय । धेरैको मनले भनिरहेको छ, यस्तो कहिल्यै लेख्नु नपरोस्, जसका सपना अधूरा छन् ।

आज रविन्द्र अधिकारीको राजनीतिक जीवनका आरोह(अवरोह पल्टाउँदै गर्दा भारतले नाकाबन्दी लगाएका बेला केरूङ नाका खुलाउन उनको नेतृत्वमा सीमानामा पुगेका क्षणहरू उनका सहपाठीका आँखामा आइरहेका छन् ।कोराला नाका र किमाथांका नाकाका स्मरणहरू उछालिँदैछन् । सुस्ता र कालापानीका यादहरू छचल्किँदैछन् । एउटा देशभक्त विकासप्रेमी नेताको रूपमा उनका सयौं सत्कर्महरू एकपछि अर्को उरालिँदैछन् ।




विद्यार्थी आन्दोलनका रोलमोडल

०५६ सालतिर सार्वजनिक यातायातमा विद्यार्थीलाई सहुलियतको माग गर्दै देशभर आन्दोलन चर्कियो । विद्यार्थीलाई सार्वजनिक क्षेत्रमा ५० प्रतिशत छुट हुनुपर्ने माग गर्दै भएको आन्दोलनले गाउँ(गाउँसम्मका तरंग ल्यायो । ठूलो संख्यामा विद्यार्थी समाहित आन्दोलनको मुख्य अगुवा थिए, रविन्द्र अधिकारी ।

आन्दोलनले चर्को रूप लिँदै गएपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले विद्यार्थीसँग सहमति गर्‍यो । ५० प्रतिशत होइन, सार्वजनिक क्षेत्रमा विद्यार्थीलाई ३३ प्रतिशत छुट दिने तत्कालीन सरकारले निर्णय गर्‍यो ।

आन्दोलनसँगै रविन्द्र चर्चामा मात्र आएनन्, समग्र विद्यार्थी आन्दोलनको रोलमोडल बने । 'विद्यार्थीका निम्ति त्यो आन्दोलन ऐतिहासिक र ठूलो उपलब्धीपूर्ण थियो,' त्यसबेला नेपाल विद्यार्थी संघको नेता रहेका कांग्रेस केन्द्रीय सदस्य प्रदीप पौडेल सम्झन्छन्, 'विद्यार्थी नेता भनेको रविन्द्र अधिकारीजस्तो हुनुपर्छ भन्ने थियो । हामी उहाँलाई विद्यार्थीको रोलमोडल मान्थ्यौं ।'

अहिले सार्वजनिक यातायातमा कार्ड देखाएर छुट पाउँदा रविन्द्रकै अनुहार सम्झन्छन् विद्यार्थी प्रकाश अधिकारी । 'क्याम्पस जाँदा(आउँदा कार्ड देखाएर छुट पाउँदा खुसी मिल्छ र अनुहारमा झल्किने त्यो हाँसोमा तपाईं हुनुहुन्छ रविन्द्र दाइ,' अधिकारी भन्छन्, 'त्यो आन्दोलन नभएको भए थोरै छुटले पनि विद्यार्थीको जीवनमा कति ठूलो अर्थ राख्छ भन्ने कहिल्यै थाहा पाउने थिएनौं ।'

विद्यार्थी आन्दोलनलाई रचनात्मक बनाउन अगुवाइ गर्दा रविन्द्रले धेरै पटक जेलनेल भोगे । रविन्द्रले स्कुलदेखि क्याम्पस र विश्वविद्यालयसम्म विद्यार्थी आन्दोलनलाई रचनात्मक बनाएको प्रदेशसभा सांसद राजीव पहारी सम्झन्छन् । ०४९ सालमा पृथ्वीनारायण क्याम्पसको स्ववियुको नेतृत्वमा हुँदा भवन निर्माण, क्याम्पस गेट, बाटो निर्माण, पुस्तकालय, शैक्षिक गुणस्तर सुधार, विद्यार्थीको पोशाकका विषयमा अमूल परिवर्तन आएको उनले बताए ।

कुले जीवनबाटै राजनीतिमा लागेका उनी ०४६ को जनआन्दोलनमा क्रियाशील भए । त्यो आन्दोलनको केन्द्र मध्ये एक पोखरामा संयुक्त आन्दोलन परिचालन कमिटीको अगुवाई गर्ने मध्ये एक रविन्द्र अधिकारी पनि थिए ।

पृथ्वीनारायण क्याम्पस हुँदै ०५३ सालमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुरमा स्ववियु सभापति निर्वाचित भएका थिए । ०५६ मा अनेरास्ववियुका केन्द्रीय अध्यक्ष र ०५३ मा स्ववियु काउन्सिल नेपालका निर्वाचित संयोजक बनेका अधिकारी विद्यार्थीमाझ चर्चाको चुचुरोमा पुगे । विद्यार्थी राजनीतिमा क्रियाशील नेतृ सरिता पुरी रविन्द्रको कार्यकर्ता हुनुको गर्व गर्छिन् । भन्छिन्, 'हजुरको कार्यकर्ता हुनुको गर्व सँधै रहनेछ रवीन्द्र दाइ । हरेक प्रेरणा, प्रोत्साहन, मार्गनिर्देशन र अभिभावकत्वको ऋण चुक्ता गर्नेछ ।'

कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्मा पनि रविन्द्र अधिकारीसँगै मिलेर गरेको विद्यार्थी राजनीति सम्झन्छन् । 'प्रिय मित्र रविन्द्र, तपाईं अखिल अध्यक्ष, म नेवि संघ सभापति सँगै थियौं । दरबार हत्याकाण्डपछि अखिलका अर्का अध्यक्ष राजेन्द्र राईलगायत एक भएर लोकतन्त्रका लागि विद्यार्थी आन्दोलन एक बनाएको स्मृति गर्दैछु,' शर्माले सामाजिक सञ्जालमा लेखेका छन् ।

रविन्द्र अधिकारी अनेरास्ववियुको अध्यक्ष हुँदाका उपाध्यक्ष शिव गुरूङ टेलिफोनमा भक्कानिँदै थिए( कस्तो संयोग, मेरा ती जोदाहा नेतालाई मेरै जिल्लामा पुगेर मृत्युवरण गर्न लेखेको रहेछ ।

दरबारका चुनौती

विद्यार्थीलाई छुट दिलाएसँगै रविन्द्रले अर्को एक आन्दोलनले अझ ख्याति प्राप्त गरे । त्यो थियो, गायक प्रवीण गुरूङ हत्याकाण्डमा दरबारलाई धाबा बोल्नू । उनले तत्कालीन शाहज्यादा पारसको उपाधि खोस्ने आन्दोलन मात्रै गरेनन्, हस्ताक्षर अभियानै चलाए । 'हत्यारालाई दरबार होइन जेल' हुनुपर्ने भन्दै देशभरबाट उनले ५ लाख २३ हजार हस्ताक्षर दरबारमा बुझाउने काम गरे ।

शक्तिशाली दरबारका अघि पनि नझुकेको निडर नेतृत्वले रविन्द्र विद्यार्थीको माझ लोकप्रिय नेता भएको विद्यार्थी नेता लेखनाथ न्यौपाने बताउँछन् । 'उहाँ विद्यार्थी आन्दोलनको अगुवा र आशालाग्दो नेता हुनुहुन्थ्यो,' लेखनाथले सम्झे ।

सीमानामा भारतीय थिचोमिचोविरूद्ध सीमा सुरक्षा अभियानमा लाखौं युवा विद्यार्थीलाई आफ्नो नेतृत्वमा गोलवद्ध गरेका अधिकारीले कालापानीमा चन्द्रसूर्य फहराउने अभियानमा पनि अग्रमोर्चा सम्हाले । यी तीन कामले रविन्द्रलाई नेपालको विद्यार्थी राजनीतिबाट राष्ट्रिय राजनीतिमा स्थापित गरिसकेको थियो ।

राष्ट्रिय राजनीतिमा रविन्द्रले आफ्नो क्षमता देखाउँदै गर्दा पर्यटन क्षेत्रमा आमूल परिवर्तनको परिणाम नआउँदै उनी बिदा भएका छन् ।

नेपाली राजनीतिमा नयाँ पुस्ताबाट आशा गर्न सकिने र गरिएका सिमित नेताहरूको पंक्तिमा रविन्द्र अधिकारी उदाइसकेका थिए । उनी तत्कालीन एमाले र हालको नेपाल कम्युनिस्ट पार्टीभित्र मात्रै नभएर विपक्षी तथा आम जनतामा स्वीकार्य नेता बनेका थिए । अधिकारीको निधन नेकपाका लागि मात्र नभएर सिंगो मुलुकका लागि अपूरणीय क्षति हो । मुलुकको सम्वृद्धिका लागि योजना बनाएर काम गरिरहेका बेला उनी कहिल्यै नफर्किने गरी बिदा भएका छन् ।

जो कहिल्यै हारेनन्

रविन्द्र अधिकारी कहिल्यै हारेनन् । यस अर्थमा हारेनन् कि,कुनै पनि प्रतिस्पर्धामा उनको भेट पराजयसँग भएन । आफ्नो राजनीतिक यात्राबारे सुनाउँदा उनी भन्थे(५ कक्षामा पढ्दै राजनीतिमा लागियो । म अहिले त यति होचो मान्छे, त्यो बेला भाषण गर्दा कुर्सीमा चढ्नुपर्थ्यो । तर, अहिलेसम्म कहिल्यै पछाडि फर्केर हेरिएन,सधैं अगाडिकै बाटो हेरिन्छ ।

मुलुकका लागि अगाडिको बाटो हेर्दाहेर्दै उनी कहिल्यै नफर्किने बाटो लागेका छन् । देशकै ठूलो पृथ्वीनारायण क्याम्पस पोखराबाट विद्यार्थी राजनीतिमा उदाएका रविन्द्र स्वतन्त्र विद्यार्थी युनियनको सदस्य हुँदै ०४९ सालमा सभापति निर्वाचित भएका थिए । उनी त्यही बेला शंकर पोखरेल नेतृत्वको अनेरास्ववियु केन्द्रीय कमिटीमा पुगे ।

योगेश भट्टराई नेतृत्वको अनेरास्ववियुमा रविन्द्र कोषाध्यक्ष निर्वाचित भए । त्यसबेला भानुभक्त ढकाल महासचिव र हिक्मत कार्की सचिव थिए । २०५३ सालमा अनेरास्ववियुभित्रको विवादका कारण योगेश, भानुभक्त, हिक्मत र रविन्द्रलाई पार्टीले अखिलबाट बिदा गर्‍यो । तर, रविन्द्र सोही वर्षको स्ववियु चुनावमा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको सभापति निर्वाचित भए ।

स्वतन्त्र विद्यार्थी युनियन काउन्सिलको संयोजक र विश्वविद्यालयको सिनेट सदस्य बनेपछि रविन्द्र पुन: विद्यार्थी राजनीतिमा फर्किए । ०५४ सालमा भएको एमाले बिभाजनपछि रविन्द्र तत्कालिन मालेतर्फ लागे र ०५६ सालमा अनेरास्ववियुको अध्यक्ष भए ।

अनेरास्ववियुको अध्यक्ष हुँदा रविन्द्रले गरेका जनपक्षीय र विद्यार्थी पक्षीय अभियान युग युगसम्म नबिर्सने घटनाक्रम हुन् ।

एमाले एकीकरणपछि रविन्द्र अधिकारी विद्यार्थी राजनीतिबाट पार्टी राजनीतिमा पूर्णकालिन भए । तत्कालिन एमालेको दुई कार्यकाल कास्की जिल्ला प्रमुख भएका अधिकारी २०६४ सालमा देशभर एमाले पराजित भइरहँदा पार्टीको शाख राख्न सफल भएका थिए । संविधानसभामा उनको प्रस्तुतिले रविन्द्रलाई विद्यार्थी नेताबाट एकाएक आशालाग्दो युवा नेताका रूपमा स्थापित गरेको थियो ।

सबै भूमिकामा सफल

जसरी विद्यार्थी राजनीतिमा उनी सधैं जितिरहे, राष्ट्रिय राजनीतिमा पनि उनी जनमतबाट पटक पटक बिजयी भए । ०६४, ०७० र ०७४ का तीनवटै निर्वाचनमा कास्कीका जनताले रविन्द्रलाई ठूलो भरोसाका साथ बिजयी गराए । संसदको विकास समितिको सभापति हुँदा उनले मुलुक सम्बृद्धिको खाका सहित पुस्तकनै प्रकाशित गरे ।

संसदीय भूमिकामा एक नम्बर बनेका अधिकारी पार्टीको राजनीतिमा ५ वर्ष पछि परे । ०६५ सालको एमालेको आठौं महाधिवेशनमा उनी केन्द्रीय सदस्य उम्मेदवार बनेन् । उनी आफ्नो राजनीतिक जीवनमा त्यो महाधिवेशनमा केन्द्रीय सदस्य नबन्नु एक स्टेप ब्याक भन्ने गर्थे । ०७१ सालको नवौं महाधिवेशनमा सबैभन्दा लोकप्रिय मतका साथ उनी केन्द्रीय सदस्य निर्वाचित भएका थिए ।

संसदीय भूमिकामा अब्बल बनेका अधिकारीलाई तेस्रो पटक जनताबाट निर्वाचित भएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले भरोसा गरेर पर्यटनमन्त्री बनाए । उनलाई थाहा थियो जीवन जस्तै मन्त्री पदको पनि कुनै निश्चित समयसिमा हुँदैन । मन्त्री बने लगत्तै व्यवस्थित कार्ययोजना र आक्रमक कारवाहीसहित उनी कर्मक्षेत्रमा खटिएका थिए ।

उनको यो सपना

असम्भव बनिसकेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल उनकै कारणमात्र आश्चर्यजनक रूपमा अघि बढेर आगामी भदौमा सन्चालनमै आउने अवस्थामा पुगेको यथार्थ कसैले भुल्न सक्दैन । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई २१ घण्टा सन्चालनदेखि सुधारका काममा उनी आफैं खटिए । धेरै नयाँ विमानस्थल खोज्ने क्रममा तेह्रथुम पुगेका अधिकारी त्यसपछि नफर्किने गरी विदा भए ।

निजगढ अन्तरराष्ट्रिय विमानस्थल चाँडो निर्माण गरेर अन्तररष्ट्रिय ट्रान्जिट हब बनाउने, भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल तत्काल सम्पन्न गरेर पर्यटक आगमनको ढोका खोल्ने उनको सपना अवश्य अधूरो रहने छैन । एउटा विद्यार्थी नेता, कम्युनिस्ट पार्टीको नेता, सांसद र संसदीय समितिको सभापति र मन्त्रीको रूपमा उनी सबै भूमिकामा जितिरहे तर मृत्यु जित्न सकेनन् ।

प्रधानमन्त्री ओलीले सार्वजनिक भाषणदेखि पार्टी बैठकहरूमा समेत रविन्द्रको खुलेरै प्रशंसा गर्थे । उनको सरकारका उपलब्धी सुनाउनुपर्दा पर्यटन मन्त्रालय अन्तर्गत भएका काम र भ्रमण वर्ष ०२० को सफलताका छुटाउँदैन थिए । हुन पनि रविन्द्रले पर्यटन प्रवर्द्धन र विमानस्थल सुधार तथा विस्तारका काममा आफूलाई सम्पूर्ण रूपमा समाहित गरेका थिए ।

रविन्द्रको ट्वीटर ह्याण्डलमा अन्तिम पोष्ट २ दिनअघि अनलाइनखबरमा प्रकाशित समाचार थियो । चैत १८ देखि त्रिभुवन विमानस्थलको धावनमार्गको स्तरोन्नति थालिँदै भन्ने समाचार उनले शेयर गरेका थिए । देशको समृद्धिका लागि पर्यटन विकास र पर्यटन विकासका लागि विमानस्थल सुधार तथा विस्तार भन्ने गरेका विकासप्रेमी नेताको अकल्पनीय निधनमा व्यक्त गर्ने कुनै शब्द छैनन् ।

आज रविन्द्र अधिकारीका हजारौं सहयोद्धा र लाखौं शुभचिन्तकले उनको निधनमा व्यक्त गर्ने कुनै शब्द पाएका छैनन् । रविन्द्रका अनन्य सहयोद्धा योगेश भट्टराईले लेखेको एक पंक्तिले सबैको प्रतिनिधित्व गर्छ( प्रिय साथी म निशब्द छु । म स्वीकार गर्दिनँ । तिम्रै आवाजले एकपटक बताइदेउ न यार ।

शोकको यो अथाह सागरमा डुबेका माता पिता, राजनीतिक सहयात्रालाई जीवनको सहयात्रामा बदलेर रविन्द्रलाई सधैं सत्मार्गका हिँड्न सघाउने विद्या भट्टराई र दुई छोराप्रति हार्दिक समवेदना । अन्त्यमा, साहित्यमा शीतबिन्दूले चिनिने परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीका शब्द सापटी लिँदै भन्नुपरेको छ( श्रद्धान्जलीका यी शब्दहरू लेख्नुपर्दा हात काँपिरहेका छन् । कसले सोचेको थियो र उनको यो जीवन्त मुस्कान यति अल्पायुको होला भनेर ?

अलविदा रविन्द्र ! सम्झनामा सधैं बाँचिरहनेछौ ।

*–अनलाइनखबरबाट*

नेपाल सरकार

स्वास्थ्य बीमा बोर्ड

टेकु, काठमाण्डौ ।

## स्वास्थ्य बीमा सम्बन्धी जानकारी

स्वास्थ्य बीमा कार्यक्रम देशका प्रत्येक नागरिकलाई विरामी पर्दा स्वास्थ्य उपचारमा सहज पहुम्च पुर्‍याउने उद्देश्यले ल्याइएको नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम हो । स्वास्थ्य बीमा कार्यक्रम योगदानमा आधारित छ, परिवार यसको इकाई हो । आ.व.२०७२/७३ मा कैलालीबाट सुरू भई चरणबद्ध रूपमा देशभर सञ्चालन हुम्दैछ ।

**स्वास्थ्य बीमामा आवद्ध हुने तरिका**

**० प्रत्येक वडामा रहेका दर्ता सहयोगी मार्फत् यस कार्यक्रममा आवद्ध हुन सकिन्छ ।**

**० विमित हुन चाहने परिवारले आफ्नो घरमुली तथा अन्य सदस्यहरूको नागरिकता वा नेपाल सरकारबाट जारी वैधानिक परिचय पत्र अनिवार्य रूपमा देखाई परिवारका सबै सदस्यहरूको आवश्यक फाराम भरी दर्ता सहयोगीले मोवाइलबाट फोटो खिचेर मात्र आवद्ध हुन्छ ।**

बीमामा आवद्ध हुन लाग्ने योगदान रकम

० ५ जनासम्मको परिवारलाई वार्षिक रू २५००।-

० ५ जनाभन्दा बढी सदस्य भएको परिवारमा थप प्रति सदस्यको लागि रू ४२५।-

विमित परिवारले पाउने सुविधाको थैली

० ५ जनासम्मको परिवारको वार्षिक रू ५०,०००।- सम्मको स्वास्थ्य उपचार पाइन्छ ।

० ५ जनाभन्दा बढी प्रति थप सदस्य वापत सुविधाको थैलीमा रू १०,०००।- वृद्धि हुँदै जान्छ र परिवार संख्या अनुसार बढीमा रू १,००,०००।- सम्मको उपचार सुविधा पाइन्छ ।

० हरेक वर्ष अनिवार्य रूपमा नवीकरण गर्नु पर्दछ ।

स्वास्थ्य बीमा कार्यक्रमबाट उपलब्ध हुने सेवा सुविधाहरू

वहिरंङ्ग, अन्तरंङ, आकस्मिक तथा अन्य कक्षबाट प्रदान गरिने बीमा बोर्डले तोकिएको उपचार सेवा

**स्वास्थ्य बीमा लागू भइसकेका जिल्लाहरू**

प्रदेश नं. १ : इलाम, झापा, सुनसरी, सोलुखुम्बु, भोजपुर र खोटाङ्ग

प्रदेश नं २ : महोत्तरी, पर्सा र रौतहट

प्रदेश नं. ३ : भक्तपुर, मकवानपुर, चितवन, रामेछाप र सिन्धुली

गण्डकी प्रदेश : बाग्लुङ, कास्की, म्याग्दी, तनहुँ र गोरखा

प्रदेश नं. ५ : पाल्पा, बर्दिया, रोल्पा, रूकुमपूर्व, प्युठान, अर्घाखाँची र कपिलवस्तु

कर्णाली प्रदेश : जाजरकोट, सुर्खेत, रूकुम पश्चिम, जुम्ला र कालिकोट

सुदूरपश्चिम प्रदेश : कैलाली, अछाम, वैतडी, बाजुरा र बझाङ्ग

तत्काल लागू हुने चरणमा रहेका जिल्लाहरू

हुम्ला, मुगु, डोल्पा, सिरहा, स्याङ्जा, संखुवासभा, दार्चुला, कञ्चनपुर, धनुषा, बाँके, मोरङ र काभ्रे

थप जानकारीको लागि

धधधा।कजका।नयख।लउ मा लग इन अथवा कार्यालय समय भित्र

हटलाइन १६६०-०१-११२२४ मा फोन गर्नुहोस् ।

"सबैले समयमै स्वास्थ्य बीमा गरौं, परिवारको स्वास्थ्य उपचारमा ढुक्क होऔं"

## मधेश अपडेट

### भारतीय प्रधानमन्त्री मोदीलाइ बधाई

काठमाडौं । सियोल शान्ति पुरस्कारबाट सम्मानित भएका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपाल परिवार दलका अध्यक्ष तथा पूर्वमन्त्री एकनाथ ढकालले बधाई दिएका छन् । सियोल पीस प्राइज कल्चरल फाउन्डेसनले अन्तराष्ट्रिय सहयोग तथा विश्वव्यापी आर्थिक वृद्धि बढाउन महत्वपूर्ण योगदान गरेको भन्दै प्रधानमत्री मोदीलाई सियोल शान्ति पुरस्कार प्रदान गरेको थियो । भव्य सम्मान कार्यक्रममा विशेष आमन्त्रित ढकालले प्रधानमन्त्री मोदीलाई बधाई तथा शुभकामना दिएका हुन् । ढकाल "इन्टरनेशनल अशोशियशन अफ पार्लियामेन्टरियन फर पिस" (आइएपिपि ) एशिया प्यासिफिकका अध्यक्ष समेत हुन् ।

### असन्तुष्ट हुने कारण छैन : खनाल

विराटनगर । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का वरिष्ठ नेता झलनाथ खनालले सरकारको कामप्रति असन्तुष्ट हुने कारण नरहेको दाबी गरेका छन् । उनले अब तीव्र गतिमा काम गर्नेमा आफू ढुक्क रहेको बताए । खनालले संविधानले दिएको अधिकार कसैले पनि खोस्न नसक्ने जिकिर गर्दै सरकारले आफ्ना काम कारवाहीलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्नुर्नेमा कुरा जोड दिए ।

### उपकरण मेशिन हस्तान्तरण

विराटनगर । प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले लामखुट्टे नियन्त्रण गर्ने उपकरण मेसिन हस्तान्तरण गरेका छन् । उनले तराईमा लामखुट्टेबाट सर्ने रोगबाट हुने अकाल मृत्यु रोकथामका लागि प्रदेश सरकार संवेदनशील रहेको बताएका छन् । मोरङ क्षेत्र नं ४ का सङ्घीय सांसद अमनलाल मोदीले दक्षिण कोरियाको कृपी फाउण्डेसनबाट उपलब्ध गराइएका ३० थान लामखुट्टे (मच्छर) नियन्त्रण गर्ने उपकरण मेशिन आइतबार स्थानीय जनप्रतिनिधिलाई हस्तान्तरण गर्दै उनले सो कुरा बताएका हुन् । मुख्यमन्त्री राईले जनप्रतिनिधिले मानव स्वास्थ्य रक्षामा सदैव कार्य गर्नुपर्नेमा जोड दिए ।

### जनता माविको जन्मोत्सव सम्पन्न

बुटवल । तिलोत्तमा नगरपालिकाको-१३ मा अवस्थित जनता मावि, (साधारण तथा प्राविधिक) तीनधुराले आफ्नो स्थापनाको ३७ औं जन्मोत्सव तथा अभिभावक दिवस सम्पन्न गरेको छ । बिद्यालय व्यवस्थापन समीति अध्यक्ष शोभाखर चापागाईंको अध्यक्षतामा राष्ट्रिय सभा सदस्य तथा नेकपा प्रमुख सचेतक खिमलाई भट्टराईको प्रमुख अतिथ्यता र प्रदेश सभा सदस्य पुष्पा चौधरीको विशिष्ठ अतिथ्यतामा ३७ औं बार्षिकोत्सव सम्पन्न गरेको हो । मित्रलाल क्षेत्रीको सञ्चालनमा भएको कार्यक्रममा स्वागत मन्तव्य राख्दै विद्यालय व्यावस्थापन समीति सदस्य बेद प्रसाद न्यौपानेले गोठबाट सुरू गरेर व्ययभार थेग्न नसक्ने अवस्थामा पनि देउसी भैलो खेलेरै स्थापित गरेको विद्यालयले ३७ बसन्तमा प्रवेश गर्न सफल भएकोमा खुशी व्यक्त गर्दै संस्थालाई मजवुत बनाउन सबैको साथ र सहयोगको अपरिहार्यता औंल्याए ।

### इलेक्ट्रोनिक सामान बरामद

कपिलवस्तु । कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका २ स्थित कुकुर भुकुवाबाट एपीएफ टोलीले चोरीपैठारीको आठ वटा कम्प्यूटरको सीपीयू बरामद गरेको छ । लु ६ प २४३ नम्बरको मोटरसाइकलमा भारतबाट अवैध रूपले नेपालतर्फ ल्याउँदै गरेको उक्त सीपीयू सशस्त्र प्रहरी बल, नेपाल गुल्म हेक्वा कपिलवस्तु नम्बर ३९ गुल्मबाट सशस्त्र प्रहरी नायव निरीक्षक सुरेश न्यौपानेको कमाण्डमा खटिएको एपीएफ टोलीले बरामद गरेको हो । एपीएफ टोलीले त्यसवेला उक्त सीपीयू ल्याउन प्रयोग भएको मोटरसाइकल समेत बरामद गरेको छ । बरामद सीपीयू तथा मोटरसाइकलको भन्सार दाखिला मुल्य २ लाख १० हजार रूपैयाँ रहेको छ ।

### ३२५ जना लाभान्वित

दिलिप कुमार यादव, कपिलवस्तु । कपिलवस्तुको मायादेवी गाउँपालिकाको पिपरामा शनिबार सम्पन्न नि:शुल्क आँखा शिविरबाट ३२५ जना लाभान्वित भएका छन् । मायादेवी गाउँपालिका वडा नं. ४ पिपराको सहयोगमा पिपरा स्वास्थ्य चौकीको समन्वयमा सम्पन्न कार्याक्रममा नेपाल नेत्र ज्योति संघ तौलिहवाको प्रविधिक सहयोगमा सम्पन्न भएको छ । आयोजित शिविरमा ३२५ जनाले आँखाको परीक्षण गराएकोमा ५५ जनामा मोतियाबिन्दुको समस्या पाइएको पिपरा स्वास्थ्य चौकी इन्चार्ज मनोहर साहले बताएका छन् । पहिचान भएका मोतियाबिन्दुका बिरामीलाई आँखा अस्पताल तौलिहवामा नि:शुल्क शल्यक्रियाको व्यवस्था मिलाइएको नेपाल नेत्रज्योति संघ तौलिहवाका प्रशासन प्रमुख प्रशान्त कार्कीले जानकारी दिए ।

### बेहोस भएर वृद्धको मृत्यु

मोरङ । उर्लाबारी नगरपालिका-३ संहकारी टोलस्थित सडकमा मंगलबार बिहान साइकल सहित बेहोस भएका सोही नगरपालिका बस्ने ७५ वर्षीय जगदिश चौधरीको मंगलबारे अस्पताल उर्लाबारीमा उपचारको क्रममा मृत्यु भएको छ । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### शोभायात्रा निकालियो

वीरगंज । रास्ट्रलाई सक्षम, समर्थ एवं समृद बनाउने उद्देश्यका साथ नेपालमा पहिलो पटक गायत्री अश्वमेध महायज्ञ वीरगंजमा हुने भएको छ । यही फागुन १९ गतेदेखि २२ गतेसम्म हुने महायज्ञ भव्य, सभ्य एवं ऐतिहासिक बनाउन हिन्दू परिसद् नेपालले शनिबार वीरगंजमा शोभायात्रा निकालेको छ । लाखौं व्यक्तिहरूको सहभागितामा हुने महायज्ञ सफल गर्न हिन्दू परिषद् नेपालले आफ्ना सम्पूर्ण शक्तिहरू परिचालन गर्ने परिषद्ले जनाएको छ ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

कैलाली । गोदाबरी नगरपालिका-३चौकीडाँडास्थित पूर्वपश्चिम राजमार्गमा से.५ प ७०७९नम्बरको मोटरसाइकल सोमबार बिहान गोरूगाडासँग ठक्कर खाईदुर्घटना हुदाँगम्भीर घाइते भएका मोटरसाइकल चालककन्चनपुर देखतभुली गाउँपालिका ६ बस्ने २५ वर्षीय टेकबहादुर रानालाई उपचारका लागि सेती अंचल अस्पताल धनगढीलैजाने क्रममा बाटोमैमृत्यु भएको छ । मोटरसाइकलमा सवार अन्य २जना घाइतेहरूको सोही अस्पतालमा उपचार भइरहेको छ । गोरूगाडा र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

"लैंगिक समानताका लागि समान सोच र व्यवहार : समृद्धिको आधार"

अन्तर्राष्ट्रिय महिला दिवस, २०७५

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# प्रदेश २ सरकारलाई दलित अधिकारकर्मीहरूको मागपत्र

जनकपुरधाम । दलित अधिकारकर्मी तथा सरोकारवालाहरूले प्रदेश २ सरकार समक्ष ११ बुँदे मागपत्र प्रस्तुत गरेका छन् ।

प्रदेश २ सरकारले प्रदेश जनता आवास कार्यक्रम कार्यविधि २०७५ स्वीकृत गरि लागु गरेको सन्दर्भमा १८ प्रतिशत भन्दा बढी दलित समदायको जनसंख्या रहेको यस प्रदेशमा सरकारले दलित समुदायका अधिकारकर्मी तथा सरोकारवालाहरूसंग प्रर्याप्त मात्रामा छलफल नगरी लागु गरिएको कार्यविधिमा असन्तुष्टि नाएका छन् ।

दलित अधिकारकर्मी तथा सरोकारवालाहरूले प्रदेश २ का भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनललाई ११ बुँदे माग पत्र बुझाएका छन् ।



**प्रदेश २ सरकार समक्ष पेश गरेको मागपत्र पत्र**

नेपाल सरकारद्धारा आर्थिक रूपले विपन्न, लोपोन्मुख, दलित, सिमान्तकृत जाति/समुदायका मानिसलाई आवासको व्यवस्था गर्नका लागि संचालित जनता आवास कार्यक्रम यस प्रदेश २ मा कार्यान्वयन गर्नको लागि प्रदेश २ को प्रशासकिय कार्यविधि(नियमित) गर्ने ऐन २०७५को दफा २ बमोजिम प्रदेश २ सरकारले प्रदेश जनता आवास कार्यक्रम कार्यविधि २०७५ स्वीकृत गरि लागु गरेको सन्दर्भमा १८ प्रतिशत भन्दा बढी दलित समदायको जनसंख्या रहेको यस प्रदेशमा सरकारले दलित समुदायका अधिकारकर्मी तथा सरोकारवालाहरूसंग प्रर्याप्त मात्रमा छलफल नगरी लागु गरिएको कार्यविधिमा हामी अधिकारकर्मी तथा दलित सरोकारवाला व्यक्ती, संघ तथा संस्थाहरूको विमती रहेकोले तपसिलमा उल्लेखित बुंदाहरू परिमार्जन गरि थप गर्न यो मागपत्र पत्र बुझाएका छौं ।

**परिमार्जन गर्नु पर्ने दफा एवं बुदाहरू**

१. कार्यविधिको दफा ३ मा लक्षित वर्गको पहिचान गर्दा ५ ओटा आधार तय गरिने व्यवस्था गरिएको छ । लक्षित वर्गको पहिचानको लागि व्यवस्था भएको दफा ३ को खण्ड क,ख,ग मध्ये कुनै एक मात्र अधारमा समेत लक्षित वर्गको पहिचान गर्ने व्यवस्था गरियोस् ।

२. दफा ४(३)मा लाभग्राहीको छनौट बुदाँ १४ बमोजिम गठित जिल्लास्तरी समन्वय समितिले गर्ने व्यवस्था गरिएकोमा त्यसलाई परिमार्जन गरी प्रदेश सभा निर्वाचन क्षेत्र जनता अवास समन्वय समितिले गर्ने व्यवस्था गरियोस् ।

३. दफा ४(४)मा लाभग्राही छनौट गर्दा वृद्ध ,एकल महिला, अनाथ बालबालिका,अपाङ्गता भएका घरमूलीलाई पहिलो प्राथमिकतामा राखिने व्यवस्था गरिएकोमा त्यसमा परिमार्जन गरी लक्षित वर्गका वृद्ध, एकल महिला, अनाथ बालबालिका,अपाङ्गता भएका घरमूलीलाई प्राथमिकता राखी गरिने कुरा उल्लेख गरियोस ।

४. दफा ५(२)मा कार्यक्रम स्थल पहिचान गर्दा विवाद भएमा स्थानीय तहले भोगाअधिकारका आधारमा लाभग्राहीलाई सिफारिस गरी उक्त स्थानमा घर निमार्ण गर्न सकिने व्यवस्था गरियोस् ।

५. परिच्छेद ३को ६(१)मा शहरी विकास तथा भवन कार्यालय/कार्यक्रम कार्यान्वयन एकाई कार्यालयले लक्षितवर्गलाई निमार्ण समिति मार्फत आर्थिक स्रोत उपलब्ध गराउने व्यवस्था छ । विगतमा ९ वर्षमा जनता अवास कार्यक्रम कार्यान्वयनमा जादा उपभोक्ता समिति मार्फत काम गराउदाँ बिचौलियाहरूले कमिशनको चक्करमा गुणस्तरहीन निमार्ण सामग्री प्रयोग गर्ने र बीचमै काम अलपत्र छाडेको कारण प्रदेश २ मै हजारौ घर अलपत्र परेकोले त्यसबाट पाठ सिकी अन्त्रयको देशमा समेत अवास निमार्ण गर्दा लाभग्राहीको सोझै खातामा रकम पठाउने व्यवस्था गरियोस् ।

६. त्यस्तै दफा ६(४)मा जनता अवास निमार्णका लागि बैङ्क खाता संचालन गर्दा सम्बन्धित भवन कार्यालयले तोकेको कर्मचारीको संयुक्त नामबाट संचालन हुने व्यवस्था गरिएको छ । कर्मचारीहरूले अवास निमार्णको क्रममा चेकमा हस्ताक्षर गर्दा कमिशन माग्ने गरेको थुप्रै घटना छ तसर्थ दफालाई त्यसलाई परिमार्जन गरी लाभग्रहीको नाममा एकल खाता संचालन गरियोस् ।

७. दफा ८मा लाभग्राहीले कूल लागत अनुमानको १० प्रतिशत सहभागिता वापत व्यहोर्नु पर्ने उल्लेख छ तर गरिबीको रेखामुनी रहेको दलितलाई आफूले मजदुरी गरेको कमाईले दूई छाक खान पुग्ने अवस्था नरहेको अवस्थामा यो व्यवस्थाले झन गाह्रो बनाउने भएकोले लाभाग्रहीले १० प्रतिशत लागत रकम व्यहोर्नुपर्ने सर्त परिर्वतन गरियोस् ।

८. परिच्छेद ४को दफा ११मा योजना समन्वय र व्यवस्थाप समिति गठनको व्यवस्था छ । उक्त समितिमा एक जना पनि दलित प्रतिनिधि रहने व्यवस्था गरिएको छैन । जनता अवास कार्यक्रमको लक्षित वर्ग मुख्यत दलित र विपन्न मुश्लिमलाई केन्द्रित गरेर ल्याइएकोले प्रदेश सभाका दलित एवं मुश्लिम समुदायका प्रदेशसभा सदस्यलाई समन्वय समितिको पदेन सदस्यको रूपमा राख्ने व्यववस्था गरियोस् ।

९. दफा १४मा जिल्लास्तरीय समन्वय समिति गठनको व्यवस्था गरिएको छ । उक्त दफाको (क)मा समितिमा मन्त्रालयले तोकेको सम्बन्धित जिल्लाको प्रेश सभा सदस्य संयोजक र (ख)मा मन्त्रालयले तोकेको सम्बन्धित जिल्लाका उपलब्ध भएसमम प्रदेशसभा सदस्य एक जना रहने व्यवस्था गरिने उल्लेख छ । यसलाई परिमार्जन गरी प्रदेश सभा निर्वाचन क्षेत्र जनता आवास समन्वय समिति गठन गरियोस् । प्रदेश २ मा ७ जना मात्रै दलित समुदाय प्रदेशसभा सदस्य निर्वाचित भएकोले उक्त समितिमा सम्बन्धित जिल्लाका दलित समुदायका प्रदेशसभा सदस्यलाई उक्त समितिमा अनिवार्य प्रतिनिधित्व गराउने व्यवस्था गरिनुका साथै सम्बन्धित निर्वाचन क्षेत्रका पालिकाको कार्यपालिकामा प्रतिनिधित्व गर्ने दलितलाई उक्त समितिको पदेन सदस्य हुने व्यवस्था गरियोस् ।

१०. कार्यविधि दफा १७ मा न्यूनतम् १० लाभग्राही एकै स्थानमा हुने व्यवस्था अव्यावहारिक देखिएकोले गाँउपालिका र नगरपालिकाको सिफारिसको आधारमा आवास नभएका सवै दलितलाई अनिवार्यरूपमा यस कार्यक्रमा समेटियोस् ।

११. आवासको स्वामित्व पूर्णरूपमा लाभग्राहीमा रहने व्यवस्था गरियोस् ।



## हवाई र सडक सञ्जाल प्रभावकारी बनाउन आग्रह

काठमाडौं । भारतको आसाम राज्यस्थित गुवाहाटीमा आयोजित एक कार्यक्रममा हवाई र सडक सञ्जाल प्रभावकारी बनाउन सुझाव दिइएको छ । पोखराको पर्यटन प्रवर्द्धनको उद्देश्यले उत्तरपूर्वी भारतका विभिन्न स्थानमा आयोजित कार्यक्रमअन्तर्गत गुवाहाटीमा भारतीयले उक्त सुझाव दिँदै यी कुरा प्रभावकारी बनाए आफूहरू पर्यटक पठाउन तयार रहेको बताए ।

टूर अपरेटर एशोसिएसन अफ अछामका सचिव कुलदीप शर्माले सीमा जोडिएको छिमेकी राष्ट्र नेपालको विद्यमान हवाई एवं सडक यातायत सेवा सहज नभएको टिप्पणी गरे ।

हवाई सेवा र सडक यातायात सेवालाई प्रभावकारी बन्न सके उत्तरपूर्वी भारतका पर्यटकका लागि नेपाल सहज गन्तव्य भएको उनले बतए ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष चिरञ्जीवी पोखरेलले नेपाल भारतीय पर्यटकका लागि उपयुक्त गन्तव्य भएको बताउँदै नेपालको भ्रमण गरिदिन आग्रह गरे ।

सन् २०१८ मा भारतबाट दुई लाख ४३८ पर्यटक हवाईमार्गबाट आएका थिए भने झण्डै १० लाख पर्यटक सडकमार्गबाट आएका छन् । कार्यक्रम संयोजक सञ्जयकान्त सिग्देल, पोखरा पर्यटन परिषद्का कोषाध्यक्ष तारानाथ पहारीलगायतले नेपालको पर्यटनका लागि भारत महत्वपूर्ण स्थल भएको चर्चा गर्दै हवाई एवं सडक सञ्जाललाई व्यवस्थित गर्नुपर्नेजस्ता सुझावलाई कार्यान्वयनमा लैजानुपर्ने बताए ।

## स्थानीय सम्वाद

# तराई मधेश समृद्धि कार्यक्रम होइन, कम्युनिष्ट समृद्धि कार्यक्रम हो



राम छविला साह
अध्यक्ष
एकडारा गाउँपालिका, महोत्तरी

**० एकडारा गाउँपालिकामा तपाइँले अहिलेसम्म के कस्ता कामहरू गर्नुभयो ?**

– हाम्रो गाउँपालिका अति पिछडिएको र दुर्गममध्ये एक हो । यहाँ मुस्लिम, दलित, आदिवासी जनजातिहरूको बढी बसोबास रहेको छ । यो दुर्गम गाउँपालिकालाई उकास्नका लागि हरेक क्षेत्रमा काम गरेका छौं । शिक्षा, स्वास्थ्य, कृषि, सडकलगायतका क्षेत्रलाई प्राथमिकताका साथ काम अगाडि बढाएका छौं । हामीले काम गर्नुभन्दा पनि हामीसँग चाहिने जति कर्मचारी नरहेकोले अलि समस्या भइरहेको छ । हामीलाई अहिलेसम्म कतिपय कानूनहरू पनि केन्द्रले हस्तान्तरण गरेको छैन । त्यसकारणले हामीले जनताले अपेक्षा गरेअनुसारको काम गर्न सकेका छैनौं । तर, हामीसँग उपलब्ध स्रोतसाधनबाट जनताका आवश्यक्ताहरू पूरा गरिरहेका छौं ।

**० स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा भनिन्थ्यो, त्यहाँका जनताले महसुस गरेका छन् ?**

– यो नारा संघीय सरकारले अहिलेसम्म पूरा गर्न सकेको छैन । तराई-मधेशसँग अहिले पनि विभेद कायमै छ । स्थानीय निर्वाचनपश्चात् सिंहदरबार गाउँ-गाउँमा भन्ने नारा त दिइयो तर, त्यसभित्र पर्ने अधिकारहरूले अहिले पनि दिन चाहेको छैन । संविधानले हामीलाई दिएको अधिकार पनि संघीय सरकारले दिन चाहेको देखिँदैन । अहिलेसम्म केन्द्रले हाम्रा अधिकारहरू पूर्णरूपमा दिएको छैन । काम गर्नका लागि हामीले कार्यालय स्थापना गरी कर्मचारीहरू राखेका छौं तर, उनीहरूलाई अहिलेसम्म तलबसमेत खुवाउन सकेका छैनौं । भन्नका लागि सिंहदरबार गाउँ-गाउँ हो तर पूर्णरूपले अधिकार दिइएको छैन । त्यसकारण, जुन प्रकारले गाउँ-गाउँमा सिंहदरबारको अनुभूति हुनुपर्ने हो त्यो हुन सकेको छैन ।

**० भनेपछि नारामा मात्र सीमित छ ?**

– हो । हामी अहिलेसम्म कर्मचारी समायोजनको पर्खाईमा छौं ।

**० यो नारालाई व्यवहारमा उतार्न कतिको दबाब दिनु हुन्छ ?**

– त्यो अधिकार त संघीय सरकारले हामीलाई दिनुपर्ने हो । कहिलेसम्म हामीलाई संघीय सरकारले कानून बनाएर जिम्मा लगाउने हो, त्यो त संघीय सरकारमा भर पर्छ । हामीले बारम्बार आग्रह गर्दै आएका छौं । हामी पालिका बोर्डको तर्फबाट संघीय सरकारलाई दबाब दिँदै आएका छौं ।

**० तपाइँहरूले गरिरहनु भएको कामबाट त्यहाँका जनता कतिको सन्तुष्ट छन् ?**

– मेरो बुझाईमा जनताहरू सन्तुष्ट नै छन् । हामीले यहाँ कुनै पनि निर्णय गर्दा सर्वसम्मतिबाट नै कुनै काम गर्दै आएका छौं । हामीले सबै पक्षसँग छलफल गरेर आफ्ना योजनाहरू अगाडि बढाइरहेका छौं ।

**० निर्वाचनका बेला केकस्ता नारा दिनुभएको थियो ?**

– प्रत्येक खेतमा सिंचाइको व्यवस्था गर्ने, शतप्रतिशत साक्षर बनाउने र प्रत्येक समुदायका बालबालिकालाई विद्यालयसम्म पुऱ्याउने, स्वास्थ्य क्षेत्रमा सुधार, बाटोघाटो निर्माण तथा स्तरोन्नति लगायतका नाराहरू हामीले दिएका थियौं । जुन-जुन क्षेत्रमा यहाँका जनता पिछडिएका छन् ती सबै कुराहरू पूरा गर्छौं भन्ने वाचा गरेका थियौं ।

**० त्यो अनुसार काम भइरहेको छ ?**

– हाम्रो लक्ष्यअनुसार सबै क्षेत्रमा हामी काम गरिरहेका छौं ।

**० तराई-मधेशको जीवन कृषिमा आधारित भएकोले यसमा केके योजनाहरू छन् ?**

– हाम्रो गाउँपालिका पूर्णरूपले कृषिमा आधारित हो । तर, हेर्नुस् संघीय सरकारको विभेद । प्रधानमन्त्री कृषि योजनाहरू सबै पहाडकेन्द्रित मात्रै छन् । जब हाम्रो पालिकाहरूमा समतल भूभाग छन्, खोला नजिक छ, सिंचाइ गर्न सजिलो छ तरपनि यस क्षेत्रमा सरकारको लगानी अत्यन्त न्यून रहेकोले पर्याप्त मात्रामा उत्पादन गर्न सकेका छैनौं । त्यसका लागि हामी प्रयासरत छौं । खेत-खेतमा पानी पुऱ्याउने तयारी गरिरहेका छौं । यसैगरी, हामीले कृषकहरूलाई लक्षित गरी सिजनअनुसारका बीउहरू उपलब्ध गराउँदै आएका छौं । यस्तै, कृषकहरूलाई तालिमको व्यवस्था गरिरहेका छौं । कृषि क्षेत्रलाई आधुनिक तरिकाले खेती गर्नका लागि तालिम दिँदै त्यसबाट उत्पादन बढाउन पनि योजना बनाएका छौं ।

**० तराई मधेश समृद्धि कार्यक्रमअन्तर्गतका योजनाहरू तपाइँको गाउँपालिकामा आएको छ ?**

– तपाइँले यो कुरा सोधेर मेरो चित्त दुखाइदिनुभयो । यो सन्दर्भमा म के भन्छु भने यो कार्यक्रम कम्युनिष्टहरूका लागि मात्रै लागू भएको छ । संघीय सरकार कम्युनिष्टहरूकै भएकोले ती पार्टी निकटका गाउँपालिका/नगरपालिकामा मात्रै यो कार्यक्रम लागू भएको देखिएको छ । यस कार्यक्रमको कार्यविधिमा ५० लाखभन्दा कमको योजना माग नगर्नुस् भन्ने उल्लेख छ । तर, हामीले सिंचाइका लागि एक करोडभन्दा बढीको योजना माग गरेका थियौं । तर, हामीलाई मात्र ४० लाख रूपैयाँको योजना दिइयो । त्यसैले यो तराई मधेश समृद्धि कार्यक्रम होइन, कम्युनिष्ट समृद्धि योजना हो । जहाँ कम्युनिष्ट नेतृत्व छन् त्यहाँ डेढ करोडदेखि दुई करोडसम्मको योजना गएको छ ।

**० भनेपछि तराई मधेश समृद्धि कार्यक्रम कम्युनिष्टमै सीमित छ ?**

– अहिलेसम्म त्यहीं हिसावले सञ्चालन भइरहेको छ । यो कार्यक्रमको कार्यविधिमै ५० लाखभन्दा कमको योजना नमाग्नुस् तर हामीलाई मात्र ४० लाखको योजना दिइएको छ । कम्युनिष्ट पार्टीको पालिकामा डेढ करोडदेखि दुई करोडसम्मको योजना गएको छ ।

## विश्व परिवेश

# तिब्बती संस्कृति र भाषालाई समाप्त पार्ने षड्यन्त्र

चीनका राष्ट्रपति सि जिनपिंगले डिसम्बर, २०१८ का दिन चीनको ४०औँ वर्षको अवसरमा चीनमा भएको सुधार सम्बन्धी वक्तव्यमा चिनिया विशिष्टताहरू सहितको समाजवाद चिनियाँ राष्ट्रहरूको उत्थानमा एउटा महत्वपूर्ण उल्लेखनीय उपलब्धी भएको खुलासा गरेका थिए । राष्ट्रपति झिले आफ्नो भाषणको क्रममा चीनले विगत ४० वर्षको अवधीमा गरीबीको अनुपातलाई ९४.४ प्रतिशतमा झारेर देशका ७४० मिलियन जनताको जीवन गरीबीको निवारण गरी जनजीवनलाई सम्पन्न बनाई जीवनस्तरलाई सम्पन्न बनाई सकेको दाबी गरेका थिए । यदि राष्ट्रपति झिले उल्लेख गर्नुभएको तथ्यांक सही छ भने निसन्देह त्यो एक ठूलो उपलब्धि हो, तर चीनको तिब्बतप्रति चीनको नीतिमा दृष्टिपात गर्दा त्यसैले अर्के भिन्न तथ्यांक बताऊँछ । हालै पी.आर.सी.को युनाईटेड फ्रन्ट डिपार्टमेन्ट द्वारा जरी गरिएको नाङ्गचेन डोंग यूनाईटेड फ्रन्ट डिपार्टमेन्ट सम्बन्धी प्रतिवेदनले तिब्बतका अतिरिक्त वर्गका अधिकारीहरूद्वारा अवैधानिक रूपमा नियन्त्रित मठमन्दिर र गुम्बाहरू सम्बन्धमा एक वक्तव्यमार्फत खुलासा गरिएको छ । नाङ्गचेन डोंग क्वीनंघई प्रान्तको युसु तिब्बेत स्वशासित क्षेत्रको एक उपभाग हो, त्यसैले राष्ट्रपति झिले ४०औं वर्षगाँठको अवसरमा दिएको अभिव्यक्ति- 'जनचाहना अनुरूपको प्रयासलाई समावेश गर्दै जनताको सुखद जीवन अनरूपको भावनालाई कार्यान्वयन गर्ने पाईला चाल्नु पर्छ ।' सार्वजनिक गरिएको थियो ।

हिआंग बाट जारी गरिएको सबभन्दा पछिल्लो वक्तव्यले अधिकारीहरूलाई अतिरिक्त तिब्बती भाषको कक्षाहरू संचालन गर्न सचेत गराएको छ र त्यस अनुसार 'हिआंग र गाउँहरूले गहिरो जिम्मेवारीसाथ त्यसलाई आफ्नो मुख्य कार्यको रूपमा लिएर त्यहाँका सैन्यवलले संशोधन गरी त्यहाँका व्यक्तिहरूलाई जनसाधारणलाई क्षति नपुग्ने गरी पुनरसंयोजन गर्नु गरेको छ ।' चिनियाँ विशिष्टताहरू अनुरूपको समाजवादको खाँचोलाई त्यस नयाँ प्रतिवेदनमा उल्लेख गरिएकोले मठ मन्दिरहरूका व्यवस्थापन समितिले स्पष्ट पाईला चाल्दै तिनीहरूलाई त्यसलाई गम्भीरतापूर्वक पालना गर्न प्रेरित गर्नु पर्दछ । समस्याको समाधान गर्ने कार्यको शुरूआत गरिएमा तल्लो स्तरमा रहेको समस्याहरूको निराकरण हुने बारे प्रस्तावित गरिएको छ । प्रश्न उठ्छ कि यदि तल्लो स्तरमा त्यसको समाधान भएन भने कसैले त्यस बारे फेरि कुन रूपमा लिनेछ ? त्यस पछि व्यत्तिलगत मठाधीशहरूले आफ्नो व्यक्तिगत लाभका लागि 'स्पष्ट सल्लाह नलिई' मठ-मन्दिरहरूमा संचालन गर्ने कक्षाहरू सम्बन्धमा गहिरो अनुसन्धान संचालन गरिनेछ । यदि कुनै मुद्दा फेला पर्‍यो भने त्यसको त्यहाँ नै समाधान गरिने छ । गम्भीर प्रकृतिको बढी समस्या देखिएमा सम्बन्धित मठलाई 'निगरानीमा रहेको सामान्य मठ' को श्रेणीमा राखेर कानुन अनुसार विश्लेषण पश्चात् जिम्मेवार व्यक्तिलाई मठबाट निष्काशित गरी उसको परिचय पत्र जफत गरिनेछ ।

यसका अतिरिक्त चिनिया राज्यले प्रस्तावित गरेमा त्यस मुद्दालाई पूर्णरूपले केही क्षेत्रमा 'सार्वजनिक' गरिनेछ र त्यस सम्बन्धमा स्पष्ट पार्नको निमित्त पुन: चेतावनी दिइनेछ, जसको उद्देश्य समाजविरोधी तत्वहरूले प्रभावित गरेको वैचारिक शिक्षा प्रदान गरिने छ । हिआंगका शहरहरूले मठ-मन्दिरहरूद्वारा संचालित सामुदायिक विद्यालयहरूमा हुने क्षतिलाई सम्झेर दृढताका साथ बच्चा तथा युवाहरूको वैचारिक शिक्षालाई दृढताका साथ स्थापित गर्नु पर्छ । सरकार र राजनीतिक दलले समेत वैचारिक/सैद्धान्तिक शिक्षालाई प्राथमिकताका साथ आत्मासात गरी उपयुक्त व्यवस्था वा पुनर्व्यवस्था कानुन अनुरूप गरी त्यस प्रकारले संचालित विद्यालयहरूलाई पूर्ण रूपमा प्रतिबन्धित गर्नु पर्छ ।

हिआंग शहरहरूले समेत त्यस्ता मठ व्यवस्थापन समितिहरूको रेख-देख र कक्षाहरूको नियंत्रण गर्ने गरेको छ, जसको विशेष उद्देश्य त्यस्ता मठहरूबाट संचालित कक्षाहरूको अनुसन्धान गर्ने उद्देश्यले कम-से-कम एक पटक पूर्ण विवरण लिने गरेको छ । प्राय : जनमानसमा यो धारणा रहेको छ कि नाङ्गचेन डोङ्गको अंग्रेजी रूपान्तरले मौलिक चिनिया अर्थलाई बिल्कुलै स्पष्ट पार्दैन तर त्यसले संकेत दिन्छ कि चीन तिब्बतीय शिक्षा प्रणली अनुसार त्यास्ता सबै मठहरूका व्यवस्थापन समितिलाई आफ्नो नियन्त्रणमा राख्न चाहेको अर्थ त्यस्ता मठहरूद्वारा संचालित विद्यालयहरूले अतिरिक्त तिब्बती भाषाका कक्षाहरू प्राथमिक र माध्यमिक स्तरका विद्यालयहरूमा विद्यार्थीहरूलाई भर्ना गरेर गर्ने गरेको क्रियाकलापहरू विरूद्ध कडा कारवाही गर्नु रहेको छ । तिब्बत प्रतिवेदन, २०१२ सम्बन्धी एक अन्तर्राष्ट्रिय अभियानले २००८ देखि तिब्बती बौद्धमार्गीको वातावरण उल्लेखनीय रूपले तल झर्न पुगेको बारे सम्झना गराउँछ । चिनियाँ अधिकारीहरूले त्यस्ता संस्थाहरूलाई पूर्णरूपले आफ्नो नियन्त्रण र निर्देशनमा राख्न थालेकोले जनस्तरको हरेक क्षेत्र र निजी जीवनमाथि समेत भयको वातावरण श्रजित गरी दिएको छ । यस प्रकारले हेर्दा चिनिया राज्यको संचालित गर्दै आएको तिब्बत, त्यस्को संस्कृति, भाषा र जनतालाई पुन : धेरै पछाडिदेखि चल्दै आएको शासन प्रणली र प्रक्रियामा पुर्‍याई दिएको छ । यस्ता थुप्रै लगायतका अन्य सुचकहरू समेतले यो प्रर्दशित गर्छ कि चीनका राष्ट्रपति झी जिनपिङ्गको एक मात्र चाहाना हाल नियन्त्रित सामाजिक प्रणली चीनमा वहाल गर्नु पर्छ, जसको एकमात्र उद्देश्य चिनिया विशिष्टताहरू भएको समाजवाद वाहेक अन्य कुनै प्रणलीलाई लागू गर्ने स्थिति रहन जाने छैन । तिब्बती कक्षाहरू सम्बन्धमा नाङ्गचेन डोङ्गको सबभन्दा पछिल्लो सूचना नं. १२१ अनुसार तिब्बती कक्षाहरू महतवपूर्ण रहेकाछन किनकि त्यो ज्यादै शक्तिशाली राष्ट्रपति झि जिनपिङ्गको मातहतमा रहेको सि.पि.सि.को यूनाईटेड फ्रन्ट वर्क डिपार्टमेण्ट कार्यकालदेखि नै संचालित रहेको छ ।

नेशनल पिपुल्स कांग्रेस र चिनिया पिपुल्स पोलिटिकल कन्सल्टेटीव कन्फेरेन्स (सि पि पि सि सि)को मार्च, २०१८मा भएको मिटीङ्ग धेरै दृष्टिले महत्वपूर्ण भएकोले त्यसलाई सम्झनु जरूरी थियो । जबकि दुबै मिटीङ्गले राष्ट्रको राष्ट्रपतिको अवधिको सीमितताको समाप्तिलाई औपचारिकता दिएको थियो भने त्यसले प्रत्यक्ष रूपमा राष्ट्रपति झिको नेतृत्व दायी समुहमा रहेको सि.पि.सि. अन्तर्गतको युनाइटेड फ्रन्ट वर्फ डिपार्टमेन्ट (यू.ए.डब्ल्यू.डी)को कार्यको व्यापकतालाई समावेश गरेको छ किनकि त्यसले चीनको कम्युनिष्ट पार्टी र महत्वपूर्ण सरकारी निकायहरू, जसले आदिवासी मामिला, धर्म र समुद्रपारका चीनिया क्रियाकलापहरू सम्पादन गर्ने निकायहरूलाई समेत समाविष्ट गरी सकेको छ । अल्पसंख्याहरूसँगको चीनको व्यावहार हालैका वर्षमा अन्तराष्ट्रिय पर्यवेक्षणको विषयबस्तु बन्न पुगेको छ । सामाजिक स्थायीत्वका लागि बेजिङ्गले वास्तवमा त्यसरी नियन्त्रण गर्ने कार्य बन्द गरेको छैन । गत वर्ष चीनले यूनानका तीन वटा मस्जिदहरूको निर्माण बन्द गरी दिएको थियो, त्यस्तै कार्य थीन भरी हुँदै आएको छ । त्यो राष्ट्र जसले आफ्नो जनताको जीवन उत्थान गर्ने दावी गर्छ त्यसले हरेक प्रकारको स्वतन्त्रतामाथि प्रतिबन्ध लगाउनु हुँदैन र त्यस्तै चीनले गरेको कारण संचारमाध्यम र इन्टरनेटका कारण अन्तराष्ट्रिय आकर्षणको केन्द्रबिन्दु बन्न पुगेको छ । तिब्बतमा चीनले जनताका हरेक प्रकारका मानव अधिकारहरूको उल्लंघन गर्नु दबाब र अन्यायको पराकाष्ठ हो । चीनको कामकारवाईको स्पष्ट उद्देश्य तिब्बती संस्कृति र भाषालाई विश्वको नक्शाबाट नै समाप्त पर्नु रहेको छ । यदि वर्तमान अवस्थालाई नै सार्दै जाने स्वीकृत दिईयो भने एकदिन त्यसको परिमाण ज्यादै नराम्रो हुन जानेछ । –एजेन्सी

# आतंककारी समूहलाई निस्तेज पार्नुपर्छ

भारत केन्द्रित आतंककारी गतिविधिहरू बढिरहेका छन् । जसप्रति नेपाललगायतका छिमेकी देशहरूले चनाखो हुनुपर्ने अवस्था छ । यसैक्रममा भारत प्रशासित काश्मिरमा गत दुईगते बिहीबार भएको भीपण आक्रमणमा संलग्न आतंककारीलाई इस्लामावादले आश्रय दिएको भारतीय दावीपछि गत शुक्रबार भारत र पाकिस्तानवीचको सम्बन्धले नयाँ मोड लिएको, ठानिएको छ। भारत प्रशासित काश्मिरमा भारतीय सुरक्षा अधिकारी लक्षित भीषण आक्रमण तीन दशक यताकै ठूलो रक्तपातपूर्ण भएको बताइएको छ । छुट्टी मनाएर काममा फर्कंदै गरेका करिब २५०० सुरक्षाकर्मी लिएर गइरहेका ७८ वटा सवारी साधनलाई लक्षितगरी बिष्फोटक पदार्थले भरिएको एक भ्यानमार्फत आत्मघाती आक्रमण गरिएको थियो । उक्त आक्रमणमा परी करिब ४१ जना सैनिकको मृत्युभएको थियो । स्थानीय सञ्चारमाध्यमकाअनुसार सो आक्रमणको जैस ए-मोहम्मद इस्लामिक, समूहले जिम्मेवारी लिएको छ । सैनिक सवार साधनमाथि स्थानीय लडाकू आदिल अहमदले आत्मघाती आक्रमण गरेको बताइएको छ । सन् १९४७ मा बेलायतबाट स्वतन्त्र भएपछि काश्मिरलाई भारत र पाकिस्तानतर्फ विभक्त गरिएको थियो । आणविक हतियार भएका भारत र पाकिस्तानबीच, काश्मिरको विषयलाई लिएर तीन पटक युद्ध भइसकेको छ । मसूद अजहर को नेतृत्वमा रहेको जैस ए-मोहम्मद आतंककारी समूहलाई पाकिस्तानले पूर्णरूपमा स्वतन्त्रता दिएको र पाकिस्तानको नै नियन्त्रणमा यसले बढावा पाइरहेको भारतको दाबी छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आतंककारी समूह र उनका मालिकले ठूलो गल्तीगरेका र यसको मूल्य चुकाउनुपर्ने बताउनुभएको छ । गत शुक्रबार बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकपछि भारतीय प्रधानमन्त्री मोदीले उक्त कुरा बताउनु भएको थियो । तर, उहाँले के कारबाही गर्ने ? भन्नेबारेमा केही बताउनुभको छैन । उहाँले हाम्रा छिमेकी मुलुकले हाम्रो देशमा स्ता घृणित कार्य र छलकपटमार्फत अस्थिरता सिर्जना गर्दछ भन्ने सोचेको भए त्यो उनीहरूको दु:स्वप्न मात्र हो । तिनीहरू कहिल्यै सफल हुने छैनन् भन्नुभएको छ । भारतीय वित्तमन्त्री अरूण जेट्लीलेसमेत सो आक्रमणमा पाकिस्तानको संलग्न रहेकोमा कुनै आशंका नरहेको बताउनुभएको छ । उहाँले पाकिस्तानलाई अन्तरराष्ट्रिय समूदायबाट पूर्णरूपमा अलग्याउन भारतले सबै किसिमका प्रयत्नगर्ने पनि जानकारी दिनुभएको छ । पाकिस्तानले भने भारतको दाबी असत्य रहेको जनाएको छ । पाकिस्तानको विदेश मन्त्रालयले जारीगरेको विज्ञप्तिमा भारतीय सञ्चारमाध्यम र सरकारले काश्मिर आक्रमणमा पाकिस्तानको संलग्नता रहेको भनी गरिएको दाबी असत्य छ, र कुनै किसिमको अनुसन्धान बेगर पाकिस्तान विरूद्ध भारतले आरोप लगाउनु दु:खद भएको उल्लेख छ । संयुक्तराज्य अमेरिकाले पनि काश्मिर घटनाको भर्त्सनागर्दै सबै मुलुकले आतंककारीलाई सुरक्षित स्थान उपलब्ध गराउने र मद्दतगर्ने कार्यहरू बन्दगर्न आग्रह गरेको छ । केन्द्रीय प्रहरी बल (सीआरपीएफ)का जवान बोकेका दुइवटा नीला बस आक्रमणको निशानामा परेका थिए । आत्मघाती सो आक्रमणको आवाज धेरै माइल टाढासम्म सुनिएको थियो । पहिलो बसमा सबार सबैजसो जबानको मृत्युभएको छ । काश्मिरको प्रमुख शहरबाट करिब २० किलोमिटर टाढा राजमार्गमा गुडिरहेको सैनिक गाडीहरूको समूहलाई लक्षितगरी थापिएको विद्युतीय धरापमा उनीहरूको मृत्युभएको थियो । भारतीय विशेष प्रहरी अधिकारी मुनिर अहमद खानलाई उदृतगर्दै अन्तराष्ट्रिय सञ्चार माध्यमहरूले जनाएअनुसार आक्रमणमापरी केही सुरक्षाकर्मी घाइते भएकोमा उनीहरूलाई घटनास्थलबाट तत्काल उपचारका लागि । अस्पताल पठाइएको थियो । घटनाको पाकिस्तानमा सक्रिय जैस(ए मोहम्मद इस्लामिक समूहले जिम्मेवारी लिएको छ । समूहका प्रवक्ताले घटनाको पुष्टिगर्दै भारतीय सैनिकलाई लक्षितगरी भएको आत्मघाती आक्रमणमा आफ्नो वाकास कमाण्डो, भनि आदिल अहमदले गराएको र उनी जैस(ए( मोहम्मद इस्लामिक स का लडाकू रहेको स्थानीय . सञ्चारमाध्यमलाई पठाइएको प्रेस विज्ञपि मा उल्लेख छ । भारतको काश्मिरमा करिब पाँचलाख सैनिक कार्यत छन्भने उक्त स्थानमा सन् १९४७ मा बेलायत, भारतबाट फछि पाकिस्तान र भारतबीच सीमा विवादका कारण भएको विवादस कारण प्राय: अशान्त रहँदै आएको देखिएको छ । यो आत्मघाती हलाको जिम्मेवारी २१ वर्षका आदिल अहमदले लिएका छन् । आदिल अहद पुलवामा नजिकै गुडीबागमा ८ बस्दथे र, उनी गतवर्षमात्रै जैश ए मोहम्मदमा संलग्न भएका थिए । बिष्फोटक पदार्थले भरिएको एक स्कार्पियो कारले सुरक्षा फौजलाई लक्षितगर्दै एक बसलाई ठक्कर दिएको थियो । उक्त र मा ३५० किलोग्राम बिष्फोटक . पदार्थ रहेको अनुमान गरिएको छ । भारत र पाकिस्तान बिभाजन भएको ७० वर्षको अवधीमा यस्ता आक्रमणहरू पटक पटक भएका छन् । सन् । २०१६ मा भारतीय सैन्य क्याम्प उरीमा भएको हमलापछि सुरक्षा फौजमाथि भएको यो सबैभन्दा ठूलो रक्तपातपूर्ण हमला हो । उक्त हमला श्रीनगर शंहरभन्दा २० किलोमिटरको दूरीमा बाक्लो सैन्य उपस्थिति हुने जम्मू राजमार्गमा भएको थियो । दिल्लीले घटनामा पाकिस्तानलाई दोषी देखाए पनि उसलेभने त्यो अस्वीकार गर्दैआएको छ । भारत र पाकिस्तान दुवैले ।

मुस्लिम बाहुल्यता रहेको कश्मिरलाई आफ्नो दावी गर्छन् तर केही क्षेत्रमामात्र आफ्नो नियन्त्रण राख्छन् । दुवै देशहरू अहिलेसम्म तीनवटा युद्ध र थुप्रै द्वन्दमा भिडेको पाइएको छ । शरिएका केही व्यक्तिको शवको परिचय पनि खुल्ननसक्केको हुनाले यसको । केही समय लाग्ने पिटिआइले जानकारी दिएको छ । भारतीय सेबाट निवृ त्त, एक वरिष्ठ ८ अधिकारीकाअनुसार सुरक्षा फौजको कम ारीका कारण लडाकु समूहले काश्मीरको पुलवामामा ठूलो मानवीय क्षति हुनेगरी आक्रमण गर्नसकेको हो । भूतपूर्व लेफ्टिनेन्ट जनरल शक्ति गुरूङकाअनुसार त्यस क्षेत्रमा केही दिनयता. सुरक्षाकर्मीहरूको गतिविधि बढिरहेको थियो र त्यसैले विद्रोही । समूहलाई सेन्ट्रल रिजर्भ पुलिस फोर्स भनिने अर्धसैन्य फौजका सदस्यहरू चढेको गाडीको लस्करलाई निशाना बनाउन सजिलो भएको थियो । सन् १९९८ मा भएको कारगिल युद्धपछि जैश(ए(मोहम्मद र लश्कर-ए-तैयबले थुप्रै आत्मघाती हमला गरेका थिए । तर ती आत्तमघाती बम हमला गर्ने चरमपन्थी पाकिस्तानी नागरिक हुन्थे । भनिन्छ, आदिल उर्फ वकास ककमान्डो पहिलो स्थानीय हुन् जसले सो आत्मघाती हमला गर । सो हमला यति खतरनाक थियो कि यसको चपेटमा परेका बसका फलाम समेत रबरको डल्लोमा परिणत भएका थिए । आदिलको पिता गुलाम हसन डार साइकलमा कपडा बेच्ने काम गर्दथे । उनी मानिसहरूको घर-घर गएर ककपडा बेच्थे । आदिलको परिवारमा बाबुबाहेक उनकी आमा रर दुई भाई छन् । आदिल मामर्च २०१८ देखि जैश ए मोहम्मदमा भर्ना भएको बताइन्छ । त्यतिबेला उनी १२ कक्षाका छात्र थिए । स्रोतका अनुसार आदिलका काकाका छोरा समिर अहमद पनि चरमपन्थी हुन् र आदिल जैश ए मोहम्मदमा संलग्न भएको एक दिनपछि नै समिर पनि जैशमा समावेश भएका थिए । समिरले काश्मिर युनिभर्सिटीबाट पोष्ट ग्रेजुएशनको पढाई छोडेर चरमपन्थी संगठनमा लागेको बताइएको छ । आदिलले आत्मघाती हमला हुनुअघि एक भिडियो पनि बनाएका थिए । यसमा उनले आत्मघाती हमला गर्ने जानकारी दिएका थिए । साथै उनले एउटा फोटो पनि सार्वजनिक गरेका छन् । जसमा उनले आफूले आफैलाई जैश ए मोहम्मदको कमान्डर बताएको सञ्चार माध्यमहरूको दाबी रहेको छ । काश्मिरमा भएको पछिल्लो आक्रमणको नेपालले समेत कडा शब्दमा निन्दा गरेको अवस्था छ ।

देशप्रेम साप्ताहिकबाट

# चीनमा उद्यमीको चिन्ता

एजेन्सी । चीनका व्यवसायीहरूले सरकराले आर्थिक विकासलाई बढावा गर्नुभन्दा मानिसहरूको जीवनमा नियन्त्रण गर्न खोजेकोमा चिन्ता जनाएका छन् । चेन त्यानयोङ, जो चीनको संघाइमा रियल स्टेटको कारोबार गर्छन्, ले गत महिना माल्टाका लागि उडे पनि स्वदेश फर्कने उनको कुनै योजना छैन । पूर्व न्यायाशीश र वकिल रहेका चेनले आफनो बारेमा २८ पृष्ठ लामो व्याख्या गर्दै आफूले किन चीन छाड्नु परेको बताएका छन् । 'चीनको अर्थव्यवस्थाले विशाल जहाजको जस्तो छ,'उनले भनेका छन्, 'आधारभूत परिवर्तनहरू बिना, यो अपरिहार्य छ कि जहाज ध्वस्त गरिनेछ र यात्रुहरू मर्नेछन् ।'

"मेरो साथी," उनले आग्रह गदै भनेका छन्, 'यदि तपाई छोड्न सक्नुहुन्छ भने, कृपया सकेसम्म व्यवस्था बनाउनुहोस् ।' यो अस्पष्ट छैन अहिलेसम्म उनका लेख कति जनाले पढिसकेका छन् वा हेरि सकेका छन् । तर चेनले चीनमा कति व्यवसायिक व्यक्ति निजी रूपमा यसो भन्छन भनेका छन् । 'चीनको नेतृत्वले संसारको दोस्रो सबभन्दा ठूलो अर्थव्यवस्थालाई दुर्व्यवहार गरेको छ, र चीनका उद्यमी वर्गमा देशको भविष्यमा विश्वस्तता हराइरहेको छ,' उनले भनेका छन् । आउने पिढीभन्दा बढीका लागि, चीन आशावादिताले भरिएको छ र यसको समस्याको बावजूद पनि भोली आज भन्दा राम्रो हुनेछ भन्ने विश्वास पनि गरिएको छ ।

अमेरिका र चीन एउटा व्यापार विवादमा अल्झेका छन् र त्यसका कारण दुवै मुलुकले अरबौं डलर मूल्यका एकअर्काका सामानमाथि भन्सार शुल्क बढाएका छन् । चीनको अर्थव्यवस्था घट्दै गएको छ, र संयुक्त राज्य अमेरिकासँग व्यापारिक युद्धको विकास बढेको छ । अमेरिकी र चिनियाँ व्यापार युद्धको सबैभन्दा ठूलो असर पूर्वी एशियाली आपूर्ति प्रणालीमाथि पर्नेछ । युएन कन्फ्रेरेन्स अन ट्रेड एन्ड डेभलप्मेन्टको अध्ययन प्रतिवेदन अनुसार पूर्वी एशियाली उत्पादकहरूमाथि ठूलो असर पर्नेछ । जसअनुसार सो क्षेत्रमा निर्यात १६० अर्ब डलरले घट्नेछ । तर असर अन्यत्र पनि देखिनेछ ।

तर धेरै उद्यमीहरू अधिक चिन्तित छन् कि चीनले यसको आवश्यकतालाई आर्थिक र राजनीतिक उदारीकरणको पछि लाग्दैन । यसको विपरीत, जब जिई जिनडले २०१२ मा कम्युनिस्ट पार्टीको नियन्त्रण लिए, पार्टीले चीनको समाजको हरेक पक्षमा आफ्नो प्रभुत्व बढेको छ । वास्तवमा, कि केहि व्यवसायीहरूले अर्को देशमा चीनको सम्भावना भविष्यको तुलना गर्दै छन् जहाँ सरकार अर्थव्यवस्थाको नियन्त्रणमा लिएको छ र कम हुँदैन जस्तो कि भेनेजुएलामा छ ।

चीनका एक-तिहाई धनि व्यक्तिहरू मात्र देशको आर्थिक सम्भावनामा धेरै विश्वस्त छन् । जबकी दुई वर्ष अघि लगभग दुई-तिहाइले उनीहरू धेरै विश्वस्त रहेको बताएका थिए । 'चीन अहिले आन्तरिक र बाह्य चुनौतीहरूको सामना गरिरहेको छ,' प्रिमाभेरा क्यापिटल ग्रुपका संस्थापक फ्रेड हुले भने । उनी भन्छन्, 'हामीलाई यो बुझ्न आवश्यक छ कि गत ४० वर्षमा हाम्रा सबै उपलब्धिहरू चीनको विकासको मोडेलको कारण खोलिएको थियो र आर्थिक सुधारको परिणाम हो ।'

## जिल्ला समाचार

### सम्पूर्ण प्राणीको विनाश हुने : प्रदेश प्रमुख

ब्रम्हानन्द ठाकुर, जनकपुरधाम । प्रदेश नं. २ का प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले प्रकृतिको विनाश वा दोहन यस्तै किसिमले भईरहे पृथ्वीका सम्पूर्ण प्राणीको विनाश हुने बताएका छन् । गान्धी शान्ति प्रतिष्ठान नेपाल, पिपल निम तुल्सी, उज्जवल भारत मिशन, हिस्ट्री एण्ड हेरिटेज टुरिज्म र सेभ हिस्टोरिकल जनकपुरको सँयुक्त आयोजनामा जनकपुरमा आयोजित गान्धी वातावरण योद्धा सम्मान समारोहको उद्धघाटनका क्रममा प्रदेश प्रमुखले सो कुरा बताएका छन् ।

पृथ्वीका प्राणीहरूको सीधा सम्बन्ध प्रकृतिसँग रहेको र दुवै एक अर्काका परिपुरक भएकोले मानव तथा प्राणीको जिवनयापनका लागि वातावरणको विनाश रोक्नुपर्ने बताएका छन् । पृथ्वीमा सबैभन्दा बुद्धिजिवी प्राणीको रूपमा मनुष्य रहेकोले प्रकृतिको सँरक्षण तथा वातावरणको सुरक्षा गर्ने जिम्मेवारी पनि मानवहरूको नै रहेको बताएका छन् । मन्तव्यका क्रममा प्रदेश साँसद तथा सेभ हिस्टोरिकल जनकपुरका सँयोजक राम अशिष यादवले कर्म गर्दै जानु र सम्मानको चिन्ता नगर्न अभियानीहरूलाई सल्लाह दिएका छन् । उनले पोलोथिनको प्रयोगले पर्यावरण प्रदुषित हुने र प्रदुषित वातावरणले रोगीको सँख्यामा बृद्धि हुने धारणा राखेका छन् ।

### कवि तथा मुसायरा कार्यक्रम सम्पन्न

कपिलवस्तु । कपिलवस्तुको विजयनगर गाउँपालिकाको हरिबोध प्रा.वि.मा कवि सम्मेलन तथा मुसायरा कार्यक्रम सम्पन्न भएको छ । जसको प्रमुख अतिथि नेकपा अध्यक्ष पुष्पकमल दाहालले विजयनगर गाउँपालिकाको समुन्नत विकासका लागि आफूले सहयोग गर्ने प्रतिबद्धतासमेत जनाए । त्यसअघि विजयनगर गाउँपालिकामा आयोजित कवि सम्मेलनको उनले उद्घाटन गरेका थिए । त्यस क्रममा कार्यक्रमको आयोजक विजयनगर गाउँपालिकाका अध्यक्ष गोपालबहादुर थापामगरले अध्यक्ष दाहाललाई स्मरणपत्र बुझाएका थिए । प्रचण्डले सडक निर्माण, कृषि विकास, रोजगारी लगायत अन्य क्षेत्रमा विकास गर्न सदैव तत्पर रहेको र सरकारको तर्फबाट पनि पुरै सहयोग रहने प्रतिबद्धता रहने बताउदै समय अभावका कारण छोटो मन्तव्य राखे । पशुपंक्षी विकास तथा कृषिमन्त्री चक्रपाणि खनालले कृषि क्षेत्रको विकास गर्न आफू सदैव तयार रहेको कुरा बताए । पूर्वमन्त्री हृदयेश त्रिपाठीले आरटिओ सडक र नौमुरेको पानी आएमा मात्र विजयनगरको विकास हुने, नेपाल भारतको सम्बन्ध जनजनले बनाएको सम्बन्ध हो यो अरू कसैले होइन । किसानले पनि आफू उत्पादन गरेको वस्तुको मूल्य आफै निर्धारण गर्नु पर्ने कुरामा जोड दिँदै कृषिमा होइन किसानमा लगानी गर्नु पर्ने कुरा बताए । पूर्वमन्त्री वृजेश कुमार गुप्ता, पूर्व मन्त्री इश्वर दयाल मिश्र, प्रदेश सांसद अर्जुन कुमार के सी, विरेन्द्र कुमार कनोडिया, धर्म बहादुर लाल श्रीवास्तव यूवा नेता जाबेद खान, श्याम कुमार मिश्र, सुनिल मोदनवाल लगायत हजारौं जनताको उपस्थित रहेको उक्त कार्यक्रममा नेपाल र भारतका एक दर्जनभन्दा बढी कवि र साहित्यकारहरूको सहभागिता रहेको थियो ।

### छाती ५६ इन्च भयो : मन्त्री साह

राकेश यादव, रौतहट । प्रदेश २ का सामाजिक विकासमन्त्री नवल किशोर साहले छोरी बहिनी फुटबल खेल खेलेको देखेर छाती ५६ इन्च भएको बताएका छन् । रौतहट जिल्लाको सदरमुकाम गौरमा मधेशी महिलाहरूको खेलकूदमा पहुंच पुर्याउने उदेश्यले स्थानीय विकास केन्द्रले आयोजना गरेको पालिका स्तरीय महिला फुटवाल रौतहट गोल्ड प्रतियोगिताको उद्घाटन समारोहलाइ सम्वोधन गर्दै मन्त्री साहले शिक्षा, स्वास्थ्यको क्षेत्रमा पछि परेका रौतहटको मधेशी समुदायको महिला फुटबल खेल्दा गौरवान्वित भएको बताए । संघीय सरकारले शिक्षाको अधिकार स्थानीय तह र प्रदेश सरकारको जिम्मा दिएर कटौती गर्न लागिएको आरोप लगाए । प्रदेश २ लाई पछि पार्ने षड्यन्त्र भैरहेकोले आन्दोलनको तयारी समेत गरिरहेको जनाउँदै मन्त्री साहले प्रदेश सरकारको बेटी पढाउ, बेटी बचाऊ अभियानलाई यो प्रतियोगिताले टेवा पुर्याएको उल्लेख गरे । अधिकारको लड़ाई जारी रहेको जिकिर गरे । उनले भने जति गरे पनि पछि हटने छैनौ ।

### अन्तर्राष्ट्रिय नाटक महोत्सव हुने

जनकपुरधाम । मैथिली कला संस्कृति, भाषा एवं साहित्यलाई प्रवर्द्धन गर्ने उद्देश्यले जनकपुर साहित्य कला तथा अन्तर्राष्ट्रिय नाटक महोत्सव हुने भएको छ । मैथिली विकास कोषको आयोजनामा आउँदो फागुन १८ गतेदेखि २३ गतेसम्म महोत्सव हुन लागेको हो । मैथिली विकास कोषले सोमबार पत्रकार सम्मेलन गरी ६ दिवसीय महोत्सवमा साहित्य, समाज, अर्थ, राजनीति, कला, संस्कृति विषयमा विमर्श तथा आधुनिक एवं लोककला प्रर्दशन, मिथिला चित्रकला, सिक्की बाँस आदिको कलात्मक प्रदर्शन र अन्य महत्वपूर्ण वैचारिक विमर्श हुने जनाएको छ । महोत्सवमा नेपाल, भारत, अफगानिस्तानलगायत अन्य देशका समेत विद्वान एवं कलाकारहरू सहभागी हुनेछन् ।

### कार्यवाही गर्छु : प्रजिअ पौडयाल

रौतहट । रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारी लोकनाथ पौडयालले कानुन विपरित कार्य गर्ने जो कोहीलाई कानुनी दायरामा ल्याउने बताएका छन् । संचारकर्मीहरूसँग कुराकानी गर्दै प्रजिअ पौडयालले कानुनको पालना, शान्ति सुरक्षा कायम र नागरिकको रक्षा गर्ने दायित्व प्रमुख जिल्ला अधिकारीको भएको बताए । मानव अधिकारको रक्षा, कानुनको कार्यान्वयन, पिडितको न्याय दिलाउने कार्यमा तटस्थ रहेको जिकिर गर्दै नाकारात्मक पत्रकारिताले पिडित भएको गुनासो गरे । प्रजिअ पौडयालले भने भएको यर्थात कुरालाई जनता समक्ष पुरयाउनु पर्ने प्रमुख दायित्व मिडियाले निर्वाह गर्नुपर्ने सुझाव दिए । गलत कुरोलाई बाहिर ल्याउनु पर्छ उनले भने राम्रो कार्य गरेको भनि सार्वजनिक गरिरदनु पर्छ ।

### माछा, मासु र मदिरा नबेच्न अनुरोध

वीरगन्ज । नेपालमा पहिलो पटक फागुन १९ गतेदेखि २२ गतेसम्म अश्वमेध गायत्री महायज्ञ हुने भएको छ । अखिल विश्व गायत्री परिवारको आयोजना तथा वीरगंज महानगरपालिकाको सहयोग र समन्वयमा वीरगंजस्थित आदर्शनगर रंगशालामा महायज्ञ हुने भएको छ । महायज्ञमा पाँच लाखभन्दा बढी श्रद्धालुहरूको सहभागिता एवं एकै पटकमा ६० हजार श्रद्धालुले हवन गर्ने व्यवस्था रहेको आयोजकले गरेको छ । जसका लागि सनातन विधि ज्ञानसहित २५१ कुण्डीय भव्य यज्ञशाला निर्माण कार्य शुरू भइसकेको हुनाले नेपाल, भारत लगायत ४० देशबाट महायज्ञमा श्रद्धालुहरू उपस्थित हुने महायज्ञ समितिले बताएको छ । यस पावन अवसरमा वीरगंज लगायत आसपासका क्षेत्रमा माछा, मासु, र मदिरा बेचबिखन तथा खानपिन नगरिदिन सम्पूर्ण सरोकारवालाहरूसँग हिन्दू परिषद् नेपालले अनुरोध गरेको छ ।

### प्रजिअलाई बाँकेबाट बिदाई

बाँके । बाँकेको सहायक प्रमुख जिल्ला अधिकारी सुरेश सुनार बझाङ जिल्लाको प्रमुख जिल्ला अधिकारी भएर जाने क्रममा मानव अधिकार संरक्षण तथा प्रवर्द्धन केन्द्र (हुरीपप)ले मंगलबार बिदाई गरेको छ । हुरीपपका अध्यक्ष आलम खानले सहायक प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले मानव अधिकार मैत्री सेवा प्रदान गरेको भन्दै औपचारीक कार्यक्रमको आयोजना गरी बिदाई गरेको बताए । बिदाई कार्यक्रममा नेपाली काग्रेश सल्यान जिल्लाका सचिव प्रकाश भण्डारीले बाँकेमा जसरी मावन अधिकार मैत्री काम गरेको त्यसरी नै बझाङमा पनि मानव अधिकार मैत्री भएर काम गर्न शुभ कामना दिए । कार्यक्रममा प्रेस सेन्टरका अध्यक्ष डक्ट प्रसाद धितालले जिल्ला प्रशासनबाट प्रवाह हुने सेवालाई सहज बनाउन सफल भएका सहायक प्रजिअलाई बधाई दिदै बाँकेमा जडान भएका सिसि क्यामरालाई कानुनी मापदण्डमा ल्याउने अभियान बाँकेका लागि नमूना भएको बताए ।

### दुर्घटनामा एक जनाको मृत्यु

लम्की । कैलालीको लम्कीचुहा नगरपालिका- १० चुहा पिपरौवामा मोटरसाईकल र ट्रक एकापसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा बर्दगोरीया-४ नौनियाका २५ वर्षिय समिर चौधरी रहेको इलाका प्रहरी कार्यालय लम्कीले जनाएको छ । धनगढीबाट बुटवलतर्फ जाँदै गरेको ना६ख २६६१ नं को ट्रक र कैलालीको लम्कीचुहा-४ बलीयाबाट मुग्रातर्फ जाँदै गरेको सेरप ४५४२ नं को मोटरसाइकल ठोक्किएको हो । मोटरसाइकलमा सवार सुरेश डगौरा सामान्य घाइते छन् । चौधरीको शव परीक्षणका लागि टीकापुर अस्पताल लगिएको छ ।

### सप्तरीमा वृद्ध दम्पतीलाई जिउँदै जलाइयो

सप्तरी । सप्तरीमा एक बृद्ध दम्पत्तिलाई जिउँदै जलाएर हत्या गरिएको छ । जिल्लाको खड्क नगरपालिका ५ स्थित खर्चुहिया बजारमा रहेको घरभित्र ७५ वर्षीय सबुरी साह र उनकी ६५ वर्षीया श्रीमती बेचनीदेवी साह जलेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । हत्या गरिएका दम्पत्तिको शरीरको केही भाग र कपडाहरू जलेको तथा कोठा र आँगनमा रगतको टाटा देखिएकोले हत्या भएको प्रहरीको दाबी छ । सोमबार राती साह दम्पत्ति आफ्नै घरमा सुतेको तथा मंगलबार बिहान अबेरसम्म नउठेपछि स्थानियहरूले प्रहरीलाई खबर गरेका थिए । प्रहरीले घटनास्थलमा पुगेर हेर्दा दुबै जनाको शव आगोमा जलेर खरानी भएको अवस्थामा भेटिएको सप्तरीका प्रहरी प्रमुख राजेन्द्र विष्टले जानकारी दिएका छन् । स्थानियका अनुसार मृतक दम्पति मिल संचालक थिए भने व्याजमा रकम लगानी समेत गर्दै आएको स्थानीयहरूले बताएका छन् । उनीहरू सोही मिल रहेको घरमै सुत्ने गरेका थिए ।

जि.प्र.का.का. द.नं. ०२३/०६२/०६३ म.क्षे.हु.नि.द.नं. ३४/०६७/०६८



सर्वप्रथम रविन्द्रजी अनि सबै मृतकप्रर्ति मेरो गहिरो श्रद्धाञ्जली । मैले वाइडबडी जहाजको छानबिन गर्नुपर्छ भनेर सरकारलाई बारम्बार भनेकै थिए । आज छानबिन गरेको भए रविन्द्रजी दुर्घटनाबाट जोगिनु हुन्थ्यो । वाइड बडि जहाजले थुप्रैलाइ सरापेको छ। हे भगवान यसको सराप अरू कसैलाई नलागोस् । बाबुराम भट्टराई


निहुँ सामाजिक सञ्जालका विज्ञापनबाट कर असुल्नु, दाउ आलोचनाभन्दा माथिको राजा बन्न सञ्जालकै गलो निमोठ्नु । पशुपति ब्रोको झल्ला गीतले ओली राजको डबल झल्लापनलाई कत्रो नांगेझार पारो । अब सञ्जालै बन्द गर्न खोजे जनपक्षका अरिंलले ओली राजको दोहालो काडेको देखिने भो । खत्तरा । खगेन्द्र संग्रौला


खराब मौसममा हेलिकाप्टर किन उडाउनु पर्यो र कसले अनुमति दियो, खोजीका विषय हुन् । देशलाई जवाब चाहिन्छ । सरिता गिरी


ख्क्षए उडानमा पाइलट सहित् ५ जनाभन्दा बढी पाथिभरामा उडान गर्न मिल्दैन भनेर केहीलाई सुकेटार वा ताप्लेजुङ् बजारमै झारेरमात्र पाथिभरा उडान गर्दै आएका छन् पाइलटहरूले । तर आज मौसम् खराब हुँदाहुँदै ७ जनालाई लिएर किन उडान गरियो ? समयले उत्तर माग्छ । योगेश भट्टराई


मधेश र मधेशीका लागि नकारात्मक धारणा राख्ने व्यक्ति सच्चा नेपाली हुन सक्दैन । नेपालको जय होस्, नेपालीको जय होस् । निरूपमा यादव


यो देशमा कुनै दलका निकट पत्रकार, पत्रिका, रेडियो र टेलिभिजन खोज्यो भने नेकपाको छेउमा अन्य कुनै दल डिम्किन पनि सक्दैन तर समाचार किन नराम्रो आएको भन्ने चिन्ता रहेछ । संचार माध्यम र पत्रकारले जतिसुकै निकट भए पनि लुटलाई छुटको भजन गाउन सक्दैन । भजन मन पर्छ भने राम्रो गर सरकार । राजु थापा


भारतमा घटेको आतंकवादी हमला र नेपालको खुल्ला बोडर अधिकांश आतंकवादीहरूले प्रयोग गरेको बाटो हो । यति मात्रै हैन भारत विरोधीहरूले आतंककारीहरूलाई कहिं न कहिंबाट सहयोग गरेको पनि देखिन्छ । हामीले एउटा कुरा के बुझ्नुपर्छ भने आतंककारी लाई मदत गर्ने पनि आतंककारी नै हुन्छ जसको परिणाम घातक छ । कृष्णा सिंह


आदिवासी जनजाति र मधेशी सबै पोखरा घुमे । खस आर्य सबै हलमा बसे अनि त पायो अधिकार । सुरेश कुमार यादव

# पशुपतिनाथमा भारतीय साधुको आगमन बढ्ने

काठमाडौं । पशुपति क्षेत्रमा महाशिवरात्रिको तयारी शुरू भएको छ । शिवरात्रिमा पशुपतिनाथ दर्शन गर्न आउने दर्शनार्थीका लागि सहज व्यवस्था मिलाउन पशुपति क्षेत्र विकास कोषले यस वर्ष आठ उपसमिति गठन गरी तयारी शुरू गरेको छ । तयारीका क्रममा रङरोगन, बत्ती व्यवस्था, सुरक्षालगायत तयारी तीव्ररूपमा अघि बढेको छ । कोषका कोषाध्यक्ष डा मिलनकुमार थापाको संयोजकत्वमा सुरक्षा/दर्शन व्यवस्था, कोष सञ्चालक परिषद् सदस्य भगवतीप्रसाद देवको संयोजकत्वमा चन्दन, मन्दिर प्राङ्गण तथा रात्रिकालीन व्यवस्था र स्वयंसेवा परिचालन अनुगमन तथा पास व्यवस्था उपसमितिको गठन गरिएको छ । यस वर्ष भारतबाट आउने पर्यटक पनि बढी हुने अनुमान गरिएको छ । इलाहावादस्थित प्रयागराजमा भएको कुम्भमेला लगत्तै महाशिवरात्रि परेकाले भारतीय पर्यटक बढ्ने कोषले जनाएको छ । यस वर्ष शिवरात्रिको अवसरमा ११ लाखभन्दा बढीले मूल मन्दिरभित्रै प्रवेश गरेर पूजाआजा एवं दर्शन गर्ने तयारी गरिएको छ । महाशिवरात्रि नजिकिँदै गर्दा साधुसन्त आउने क्रम पनि बढ्दै गइरहेको कोषले जनाएको छ । कोषले मलेसिया र भारतबाट आउने दर्शनार्थीलाई निःशुल्क खानाको व्यवस्था मिलाएको छ ।

# नेपाल र भारतका महिलालाई अवार्ड दिने

काठमाडौं । नेपाल र भारतको मित्रता पर्यटन र नारीको सम्मान स्वरूप नेपाल पर्यटन बोर्डको सहकार्यमा पालेटीज होलिडेज र एनआइसी एसिया बैंकले छ महिलालाई सम्मान गर्ने भएका छन् । पर्यटन क्षेत्रका संलग्न ६ महिलालाई टुरिज्म इन्टरप्रेन्अर्स इन्टरनेसनल ओमेन अवार्ड २०१९ स भ्वाइसेज एन्ड भिजन्सको आयोजना गरेर सम्मान गर्न लागिएको हो । सम्मानमा ३ नेपाली पर्यटन विधाका उद्यमी महिला र ३ भारतीय पर्यटन उद्यमी महिला छनौट गरिनेछ । कार्यक्रममा सम्मानित व्यत्तित्वहरूको कथा पनि सुनिने छ । भ्वाइसेज एन्ड भिजन्स नेपालको इतिहासमा पहिलो पटक हुन लागेको पर्यटन कार्यक्रम रहेको दाबी अयोजकको छ । नेपाल सरकारले लिएको भ्रमण वर्ष २०२० लाई समेत सघाउने अनुमान गरिएको छ ।

# छोरी शिक्षा बीमा शुभारम्भ



वीरगन्ज । राष्ट्रपति विद्यादेवी भण्डारीले प्रदेश २ सरकारको 'बेटी पढाऊ बेटी बचाऊ' अभियानअन्तर्गत छोरी शिक्षा बीमा मुद्दती बचत खाताको शुभारम्भ गरेकी छन् । वीरगन्जको त्रिजुद्ध माध्यमिक विद्यालयको प्राङ्गणमा बिहीबार आयोजित कार्यक्रममा राष्ट्रपति भण्डारीले माता जानकीजस्ता विभूति जन्मेको यस देशमा राष्ट्र, राष्ट्रियता र संस्कृतिप्रति गौरव गर्ने वातावरण तयार पारी छोरी शिक्षालाई अगाडि बढाउनुपर्नेमा जोड दिइन् । प्रदेश नं २ सरकारले सो अभियानका लागि आर्थिक वर्ष २०७५ । ७६ मा करीब रू ८९ करोड विनियोजन गरेको छ । प्रदेश नं २ को सरकारले ल्याएको सो अभियानले समृद्ध समाज निर्माण गर्न तथा महिलाको उच्च प्रतिष्ठालाई सम्मान गर्न कोसेढुङ्गा सावित हुने बताउँदै राष्ट्रपति भण्डारीले वर्तमान संविधानले पनि महिलाको अधिकार सुनिश्चित गरी महिलालाई अधिकार सुम्पेको बताइन् ।

# पेट्रोलियम पाइपलाइन विस्तार अन्तिम चरणमा



काठमाडौं । नेपाल-भारत पेट्रोलियम पाइपलाइन विस्तारको काम अन्तिम चरणमा पुगेको छ । बाराको अमलेखगञ्जदेखि बिहारको मोतिहारीसम्म बिछ्याउन लागिएको पेट्रोलियम पाइपलाइन परियोजनाअन्तर्गत नेपालतर्फ जंगल रहेको भू(भागमा मात्रै बाँकी रहेको नेपाल आयल निगमले जनाएको छ ।

निगमले काठमाडौंमा आयोजना गरेको पत्रकार सम्मेलनमा नायब कार्यकारी निर्देशक सुशील भट्टराईले नेपालतर्फ विछ्याउनु पर्ने ३६ किलोमिटर मध्ये २७ किलोमिटर बिछ्याइ सकिएको जानकारी दिए । नेपालतर्फ अमलेखगञ्जदेखि रक्सौलसम्म ३६ दशमलव २ किलोमिटर र रक्सौलदेखि मोतिहारीसम्म ३२ किलोमिटर पाइप गाड्नुपर्ने छ । भारततर्फ भने झण्डै ५ किलोमिटर जति मात्रै पाइप गाड्न बाँकी छ ।

पथलैयादेखि अमलेखगञ्जसम्म निकुञ्जको जंगल क्षेत्र भएको र पथलैया सिमरा क्षेत्रमा पनि जंगल भएकोले झण्डै ९ किलोमिटर क्षेत्रमा भूमिगत पेट्रोलियम पाइपलाइन विछ्याउने काम शुरू हुन सकेको छैन ।

पाइपलाइन परियोजना सम्पन्न भएपछि पाइपलाइनमार्फत पेट्रोल, डिजेल र मट्टितेलको ढुवानी गर्न सकिनेछ । यसको इन्धन बहाव क्षमता मोतिहारीमा २ सय ९४ किलोलिटर प्रतिघण्टा र रक्सौलमा १ सय ९१ किलो लिटर प्रतिघण्टा हुनेछ ।

१ किलोमिटरमा औसत ५ करोड रूपैयाँ लागत लाग्ने अनुमान सहित भारत सरकारको सहयोगमा परियोजनाको काम अघि बढिरहेको छ । पाइपलाइन परियोजना निर्माणको काम भारतीय कम्पनी लिखिता इन्फास्ट्रक्चर प्राईभेट लिमिटेडले गरिरहेको छ ।

# हवाई रूट कायम गराउन संयुक्त निवेदन

काठमााडौं । भारतबाट भैरहवा र जनकपुर हुँदै हवाईजहाज प्रवेश गर्ने रूट कायम गराउन नेपाल र भारतले संयुक्त रूपमा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संस्था (आइकाओ) मा निवेदन दिएका छन् ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक सञ्जीव गौतमका अनुसार हवाई रूट कायम गराउन संयुक्त रूपमा अघिल्लो साता आवेदन दिइएको हो । रूटको सहमतिसँगै कार्यविधि र डिरेक्सन बनाउन संयुक्त निवेदन दिइएको गौतमले जानकारी दिए । यी रूटहरू अहिले एकतर्फी छन् । नेपालबाट उडेका जहाजले यी रूट प्रयोग गर्दै आएपछि नेपाल प्रवेश गर्दा भने सिमराकै रूट प्रयोग गर्नुपर्ने बाध्यता छ । यी दुई रूट कायम भएसँगै नेपाल प्रवेश र नेपालबाट बाहिरिँदा जहाजहरूले दुईतर्फी नै रूट प्रयोग गर्न पाउनेछन् ।

भैरहवा र जनकपुरका रूट कायम भएसँगै अहिले युरोप, मध्यपूर्वी मुलुक लगायतबाट आउने जहाज भारतीय आकाश हुँदै सिमराबाट मात्रै छिर्नुपर्ने बाध्यता हट्नेछ। सिमराको तुलनामा कायम हुने रूट सहज र छोटो हुनेछन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रवीन्द्र अधिकारी जनवरी १५ र १६ मा भारतमा भएको 'ग्लोबल एभिएसन समिट-२०१९' मा भाग लिन जाँदा दुवै देशका प्राविधिक राखेर भारतीय समकक्षी मन्त्रीसँगको छलफलले रूट टुंग्याएको हो । नयाँ रूट कायमसँगै निजगढ विमानस्थलको उडान सहज हुनेछ भने काठमाडौं र पोखरा विमानस्थलको लागि पनि सिमराभन्दा उत्तम हुनेछ ।

# बिजुलीको तार भूमिगत बनाउन कम्पनी छनोट

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणले काठमाडौंकोमा रहेको बिजुलीको तारलाई भूमिगत तथा वितरण प्रणालीलाई स्वचालित गर्ने ठेकेदार छनोट गरेको छ । महाराजगञ्ज र रत्नपार्क वितरण केन्द्र अन्तर्गततको विद्युतको तारलाई भूमिगत गर्नसबैभन्दा कम रकम बोलकबोल गर्ने भारतीय कम्पनी केईआई इन्ड्रष्ट्रिज लिमिटेड छनोट भएको हो ।

कम्पनीसँग महाराजगञ्ज वितरण केन्द्र अन्तर्गतको काम गर्न २ करोड ५५ लाख ८१ अमेरिकी डलर र १ अर्ब १ करोड ७० लाख रूपैयाँमा (करबाहेक) ठेक्का सम्झौता हुने छ। कम्पनीले रत्नपार्क वितरण केन्द्र अन्तर्गतको काम २ करोड २९ लाख डलर र ८३ करोड १५ लाख रूपैयाँमा (करबाहेक) गर्ने छ ।

ठेकेदार कम्पनीले भूमिगत वितरण प्रणालीको डिजाइन, समान आपूर्ति, जडान र सञ्चालन गर्ने छ ।

# प्राथमिक स्वास्थ्य केन्द्रलाई एम्बुलेन्स

काठमाडौं । नवलपरासी पश्चिम प्रतापपुर गाउँपालिका बडा नम्बर २ समरीमा रहेको जगन्नाथपुर प्राथमिक स्वास्थ केन्द्र सेमरीलाई भारतीय दुतावासबाट एम्बुलेन्स सहयोग स्वरूप प्राप्त भएको छ । प्राप्त एम्वुलेन्स प्रतिनिधिसभा सदस्य हृदयेश त्रिपाठीले स्वास्थ्य केन्द्रलाई हस्तान्तरण गरे । नवलपरासी क्षेत्र नम्बर १ मा ६ वटा एम्बुलेन्स आवश्यक रहेको र भारतीय राजदुतावासबाट यो क्षेत्रको लागि ४ वटा एम्बुलेन्स माग गरेकोमा एउटा प्राप्त भएको सांसद त्रिपाठीले जानकारी दिए । भारतको ७२औ गणतन्त्र दिवसको अवसरमा भारतीय राजदूतावासको सहयोगमा उक्त एम्बुलेन्स स्वास्थ्य केन्द्र सेमरीलाई प्राप्त भएको हो ।



## आर्थिक समाचार

### आइएमई जनरल इन्स्योरेन्स र एनसीसीबीच सम्झौता

काठमाडौं । आइएमई जनरल इन्स्योरेन्स लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड बिच बैंकाएसुरेन्स सेवा सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त बादे श्रेष्ठ र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत रमेश राज अर्यालले हस्ताक्षर गरेका छन् । यस सम्झौता पश्चात बैंकका ग्राहक महानुभावहरूले नेपालभर रहेका नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडका शाखाहरू मार्फत आइएमई जनरल इन्स्योरेन्स लिमिटेडले प्रदान गर्ने सबै प्रकारका बीमा सेवाहरू प्राप्त गर्न सक्नेछन् ।

### जलविद्युत आयोजना निर्माणको सम्झौता

काठमाडौं । नेपाल विद्युत प्राधिकरण र अपिपावर कम्पनी लि. बीच ४० मेगावाट क्षमताको माथिल्लो चमेलिया जलविद्युत आयोजनाको विद्युतखरिद बिक्री सम्झौता सम्पन्न भएको छ । सोसम्झौतामा ने.वि.प्रा का तर्फबाट कार्यकारी निर्देशक कुलमान घिसिङ र कम्पनीका तर्फबाट कार्यकारी सञ्चालक संजिव न्यौपानेले हस्ताक्षर गरेका छन् । प्रदेश न. ७ को दुर्गम जिल्ला दार्चुलामा कम्पनीले निर्माण गर्न लागेका यो अपर चमेलिया जलविद्युत आयोजना तेस्रो हो । यस अघि कम्पनीले ८.५ मे.वा.क्षमताको नौगाड गाढ जलविद्युत आयोजना निर्माण सम्पन्न गरी विगत ३ बर्ष देखि निरन्तर रूपमा राष्ट्रिय ग्रीड प्रणाली विद्युत प्रवाह गर्दै आएको छ । कम्पनीले निर्माण गरिरहेको दोस्रो आयोजनाअपर नौगाढ गाड जलविद्युत आयोजना(८.०)को निमार्ण पुरा गरि आगामी चैत मसान्तभित्र विद्युत उत्पादन शुरू हुनेछ । कम्पनीले सम्पन्न गरेका आयोजनाहरू नेपाल विद्युत प्राधिकरणले निर्माण सम्पन्न गरेको अत्तरिया-बलाँच १३२ के.भि.डवल सर्किट ट्रान्समिसन लाइनमा जडान गरिनेछ ।

### माछापुछ्रेको कार्यकारी अधिकृतमा शर्मा

काठमाडौं । सुमन शर्माले माछापुच्छे बैंकमा प्रमुख कार्यकारी अधिकृत पदको कार्यभार सम्हालेका छन् । २१ बर्षको बैंकिङ्ग अनुभव भएका शर्माले नेपाल एसविआई बैंकबाट बैंकिङ्ग सुरू गरेका थिए । शर्मा एनएमबि बैंक र माछापुच्छे बैंक हुँदै नायव प्रमुख कार्यकारी अधिकृतको रूपमा ग्लोबल आइएमई बैंकमा प्रवेश गरेका थिए । माछापुच्छे बैंकमा यसअघि शर्माले झण्डै ३ वर्ष नायव प्रमुख कार्यकारी अधिकृतको रूपमा कार्य गरेका थिए उनले । बैंकिङ्ग क्षेत्रका विभिन्न विषयहरूमा विज्ञता हासिल गरेका शर्मा कर्जा व्यवस्थापन र जोखिम व्यवस्थापनमा उत्कृष्ट मानिन्छन् । नेदरल्याण्डबाट वित्त तथा लेखा विषयमा स्नातकोत्तर शर्माले भौतिकशास्त्र र अर्थशास्त्र विषयमा समेत स्नातकोत्तर गरेका छन् ।

### सानीमाको नाफा वृद्धि

काठमाडौं । चालु आवको तेस्रो त्रैमाशमा सानिमा बैंकको नाफा २७ प्रतिशतले बढेर एक अर्ब २० करोड रूपैयाँ पुगेको छ । बैंकको खुद व्याज आम्दानी र अन्य आम्दानीमा सुधारभएपछि नाफा बढेको हो । बैंकले अघिल्लो पटक जोखिमको लागि छुट्याएको मध्य ७४ लाख रूपैयाँ फिर्ता ल्याएको छ । बैंकको खुद व्याज आम्दानी करिब २५ प्रतिशत र अन्य आम्दानी करिब ५६ प्रतिशतको दरमा वृद्धि भएको छ । खुद ब्याज आम्दानी दुई अर्ब ७ करोड रूपैयाँ र अन्य आम्दानी ७१ करोड छ । बैंकको कर्जा र निक्षेपमा क्रमशः ३२ प्रतिशत र ३३ प्रतिशतको दरमा वृद्धि भएको छ । बैंकले ७१ अर्ब रूपैयाँ निक्षेप संकलन गरेर ६४ अर्ब रूपैयाँ कर्जा लगानी गरेको छ । प्रोभिजनिङ र खराब कर्जा भने केही बढेको छ । बैंकको खराब कर्जा ०.१७ प्रतिशत छ । बैंकको प्रतिसेयर आम्दानी २०.२२ पैसा, मूल्य आम्दानी अनुपात १७.७ , सेयरमा प्रतिफल १५.७७ र प्रतिसेयर नेटवर्थ एक सय २८ रूपैयाँ छ ।

# अधिकतम संयम अपनाउन आग्रह

काठमाडौं । नेपाल सरकारले भारत र पाकिस्तानबीच बढ्दो उत्पन्न समस्याको समाधान वार्ता र शान्तिपूर्ण माध्यमद्वारा खोज्न आग्रह गरेको छ । परराष्ट्र मन्त्रालयले एक विज्ञप्ती जारी गरेर गत फागुन २ गते कश्मिरको पुलवामामा भएको आतंकवादी हमलापछि भारत र पाकिस्तानबीच बढेको तनावलाई लिएर नेपाल सरकार चिन्तित रहेको उल्लेख गरेको छ । 'पुलवामा आक्रमणलाई घृणित कार्य भन्दै परराष्ट्रले उक्त आक्रमणको निन्दा गरिसकेको र सार्कको अध्यक्ष राष्ट्रका नाताले नेपाल दक्षिण एसियामा शान्ति र स्थायित्वको महत्वमा जोड दिन चाहन्छ', विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा भारत र पाकिस्तान दुवै पक्षलाई अधिकतम संयम अपनाउन र यस क्षेत्रमा शान्ति र सुरक्षामा खलल पुग्ने कार्य नगर्न पनि आग्रह गरिएको छ । तनावलाई कम गरेर स्थिति सामान्यीकरण गर्नका लागि वार्ता र शान्तिपूर्ण माध्यम मार्फत समाधान खोज्न पनि आग्रह गर्दछौं,परराष्ट्र मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ ।

## हार्दिक शुभकामना



मधेशवाणीकर्मी संगीता रेग्मी गुल्मीका निरन्जन ज्ञवालीसँग वैवाहिक बन्धनमा बाँधिनुभएकोमा उहाँको सफल दाम्पत्य जीवनको कामना गर्दै बधाई ज्ञापन गर्दछौं ।

**मधेशवाणी परिवार**

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं